२४८६४

जङ्गबहादुरको बेलाइती कापी

कमल दीक्षित

जङ्गबहादुरको बेलाइती कापी

कमल दीक्षित

जगदम्बा प्रकाशन
ललितपुर ।
२०६४

जगदम्बा प्रकाशन मालाको १११औं (एक सय एघारौं) ग्रन्थ

ग्रन्थको नाम	:	जङ्गबहादुरको बेलाइती कापी
लेखक	:	कमल दीक्षित
सम्पादन	:	राजेन्द्र दाहाल
भूमिका	:	प्रकाश ए. राज
प्रकाशक	:	जगदम्बा प्रकाशन, ललितपुर
संस्करण	:	पहिलो, २०६४ कार्तिक
छपाइ सङ्ख्या	:	५०० प्रति
मुद्रक	:	जगदम्बा प्रेस, हात्तीवन, ललितपुर
मूल्य	:	सादा रू. ३००
		मोटो गाता रू. ४००
ISBN	:	978-99946-722-1-8

सम्पादकको अपेक्षा

निकै उत्साह र अपेक्षासहित शुरु गरिएको थियो *इतिहासमा* नामक स्तम्भ। आशा थियो- जङ्गबहादुरले तिब्बतसंग लडाईं लड्न गरेको जङ्गी र रणनीतिक तयारीको सरल प्रस्तुतिले *हिमाल खबरपत्रिका* का पाठकहरूमा विशेष अभिरुचि पैदा गर्नेछ। जङ्गबहादुरकालीन भाषा अनि गोला-बारुद र फौजी तजबिजको निरस विवरणबाट पाठकलाई पट्यार लाग्न नदिन स्तम्भकार कमलमणि दीक्षितले पर्याप्त सतर्कता पनि अपनाउनुभएको थियो। ऐतिहासिक सन्दर्भ र लोप भइसकेका कतिपय प्रविधि एवं प्रथाहरू अहिलेका पाठकलाई बुझाउन स्तम्भकारले सामयिक दृष्टान्त तथा पर्यायवाची शब्दहरू खोज्न थप अतिरिक्त मेहनत गरेको कुरा स्तम्भका पाठकहरूले सहजै अनुभव गर्न सक्दथे। *हिमाल* को सम्पादन र साजसज्जा टोलीले पनि *इतिहासमा* स्तम्भलाई सरल र सिंगारपटार गरी आकर्षक तुल्याउन उत्तिकै ध्यान लगाएको थियो। बाहुबलका निम्ति बहुप्रचारित जङ्गबहादुरको बौद्धिक भन्न मिल्ने एउटा दुर्लभ कृतिमाथि स्तम्भकार दीक्षितको खोजपूर्ण र साहित्यिक कलम थपिएपछि *हिमाल* को पाठकवृत्तमा नयां तरङ्ग नै पैदा हुने अपेक्षा सम्पादकको हैसियतमा यो पंक्तिकारले पनि राखेको थियो।

तर सोचेजस्तो भएन। *इतिहासमा* स्तम्भ बाह्र पटक दोहोरिंदा *हिमाल* का पाठकहरूबाट सो स्तम्भका बारेमा स्याब्बासी र उत्साह कम, निष्पृहता, गुनासा र प्रश्न तुलनात्मक रूपमा बढी आए।

पाठकहरूको गुनासो प्रायः विषयवस्तु, प्रस्तुति, रोचकता, उपयोगिता आदिमा नभई समय र सान्दर्भिकतासंग गाँसिएको हुने गर्दथ्यो। समय र सन्दर्भलाई गुनासो गर्ने पाठकहरूले के कति र कसरी बुझेका थिए भन्ने भिन्नै कुरा हो, तर 'मुलुक हिंसात्मक युद्धबाट पिल्सिएको बेलामा युद्धको मानसिकता विस्तार गर्ने प्रकृतिको सामग्रीलाई *हिमाल* ले किन प्राथमिकता दिन चाहेको' भन्ने जस्ता प्रश्नको सामना निकै पटक गर्नुपर्‍यो। अर्कातिर पहिलोपटक उजागर भइरहेको मुलुकको इतिहासको एउटा महत्त्वपूर्ण पाटोले प्रकाश पर्ने जस्ता एक-दुई अध्येताबाहेक धेरैको ध्यान खिच्नसकेको पाइएन।

समाज अर्थात् पाठक-श्रोता-दर्शकको हित, रुचि र प्राथमिकतालाई सर्वोच्च महत्त्व दिनु पत्रकारिताको आधारभूत मान्यता ठानिन्छ। विद्वान् सम्पादकहरूको मण्डलीभन्दा सञ्चारमाध्यम (पत्रपत्रिका-रेडियो-टिभी आदि) का उपभोक्ताहरूको अमूर्त समूह बढी ज्ञानी र सही हुन्छ भन्ने मानिन्छ। यसर्थ *इतिहासमा* स्तम्भ अर्थात् जङ्गबहादुरको ऐतिहासिक बेलाइती कापीको विवरण एवं विषयवस्तु रोमाञ्चक, ज्ञानवर्द्धक र महत्त्वपूर्ण हुँदाहुँदै पनि अपेक्षित उत्सुकता जाग्न नसक्नुको कारण *हिमाल* ले आफ्ना पाठकको वृत्तमा नभई आफूभित्रै खोज्नु जरुरी थियो। गरियो पनि त्यही। यसमा पाठकका गुनासाहरूले नै टुङ्गोमा पुग्न सघाए। विनाश, हिंसा र युद्धका समाचार पढ्दा-पढ्दा र आफैं भोग्दा-भोग्दा वाक्कदिक्क भएका पाठकहरू त्यतिबेला शायद *हिमाल* का पानामा अलिकति शितलता प्रदान गर्ने शान्ति, विकास र सुव्यवस्थासम्बन्धी सुखद सम्भावनाका कुराहरू पढ्न चाहन्छन् भन्ने विश्लेषण गरियो। यही विश्लेषण *इतिहासमा* स्तम्भको निरन्तरता भइ गर्ने एउटा सम्पादकीय आधार बन्यो।

समय र सन्दर्भ अर्थात् मुलुकको तात्कालिक हिंसाजन्य अवस्थाका कारणले मात्रै एउटा ऐतिहासिक प्रमङ्ग र पात्र *हिमाल* का पाठकहरूको अरुचिको विषय बनेको भने कदापि होइन। *इतिहासमा* स्तम्भका बारेमा आफूलाई बुझुक ठान्ने एक पाठकको कथनले उक्त सामग्रीप्रतिको निष्पृहता वा अरुचिको अर्को अह कारण झल्काउँछ। यो सम्पादकसंग ती बुझुकको जिज्ञासा थियो- "जङ्गबहादुर जस्तो तानाशाहलाई महान्

राष्ट्रवादी बनाउने अभियानमा *हिमाल* किन लागिपरेको ?" यस किसिमका शङ्कालु र पूर्वाग्रहयुक्त प्रश्न एकभन्दा धेरै पाठकबाट आए। यसले समकालीन नेपाली समाजमा जङ्गबहादुरको नकारात्मक छवि स्थापित भएको स्पष्ट सङ्केत गर्छ। हुन पनि, आजको नेपाली पुस्ताले पढेको र भावी पुस्तालाई पढाउँदै गरेको नेपालको इतिहास शासनसत्तामा शाह राजाहरूको पुनरोदय अर्थात् वि.सं. २००७ पश्चात् लेखिएको हो। त्यो इतिहासले राणाशासनका १०४ वर्षलाई कालो कालखण्ड र त्यसअवधिमा भए गरेका राम्रा नराम्रा सबै कार्यलाई कर्तुतको श्रेणीमा राखिदिएको छ। त्यस कालखण्डका प्रमुख अधिनायक जङ्गबहादुरलाई अधिकांश इतिहासकारहरूले सन्की, मूढी, अहङ्कारी, बुद्धि-विवेकहीन, क्रूर र निर्दयी खलपात्रका रूपमा चित्रण गरेका छन्। स्वयं राणाशासकहरू नै पनि समाजमा जङ्गबहादुरको सही र सकारात्मक छवि वन्न नदिनमा कारक बनेको पाइन्छ। खासगरी वि.सं. १८४२ मा जङ्गबहादुरका शाखा-सन्तानलाई निर्मूल पारी शासनका हर्ताकर्ता बन्न पुगेका वीरशमशेर र चन्द्र शमशेरले जङ्गबहादुरलाई इतिहासको खलपात्रका रूपमा स्थापित गर्न विशेष कसरत गरेको इतिहासले देखाउँछ। परिणामतः 'जङ्गबहादुर' शब्द नकारात्मक प्रवृत्ति वा पात्रको पर्याय जस्तै बन्न पुग्यो। यो इतिहासको एकपक्षीय व्याख्या र प्रस्तुतिको प्रतिफल हो। यही एकाङ्गी इतिहासको एकोहोरो रटानका कारण जङ्गबहादुर मात्रै हैन, उनको शासनकालमा घटेका शाश्वत् र यथार्थ घटनाप्रति समेत नेपाली मानसिकता नकारात्मक रहँदै आएको छ। यही मानसिकता *हिमाल* का पानामा वर्णित जङ्गबहादुरकालीन नेपालको रोचक विवरण र तथ्यप्रति उत्सुकता पैदा गर्न तथा ऐतिहासिक यथार्थलाई यथार्थकै रूपमा आत्मसात् गर्न नदिने कारण बन्यो। तर यसको दोष न त जङ्गबहादुरका सम्बन्धमा प्रश्न उठाउने, उनलाई नरुचाउने पाठक अथवा आम व्यक्तिलाई दिन मिल्छ न त्यस्तो इतिहास लेख्ने र पढाउनेहरूलाई। एकैपटक वा एउटै कालखण्डमा शुद्ध र वस्तुगत राजनीतिक इतिहास सम्भवतः कहीं पनि लेखिन सक्दैन, किनभने इतिहास लेखन कार्य राज्य, राजनीतिक प्रणाली अनि समयप्रवाहसँग निरपेक्ष रहन सक्दैन। समयको अन्तरालसँगै इतिहास पनि परिष्कृत

र शुद्ध हुँदै जाने हो। त्रुटिपूर्ण इतिहास र इतिहासकालमा भएका त्रुटि सच्याउन धेरै मानिनुहुँदैन। समुन्नत समाज निर्माणको निम्ति ऐतिहासिक यथार्थ तीतो छ भने पनि त्यसलाई स्वीकार्न सक्नुपर्छ। आज 'खलनायक' चित्रित गरिएका जङ्गबहादुरलाई भोलिका इतिहासकारहरूले उनको समयका 'महानायक' अथवा 'महाखलनायक' का रूपमा पनि प्रस्तुत गर्न सक्छन्- यस्ता दस्तावेज र प्रमाणहरू बाहिर आउँदै जादा।

माथिको प्रस्तुत एउटा पत्रिकाको आन्तरिक तजविजको विषयअन्तर्गत पर्ने भए पनि यहाँ ती कुरा उल्लेख गर्नुको खास उद्देश्य छ। पहिलो त, कमलमणिजस्ता अन्वेषक र सिद्धहस्त स्तम्भकारको स्तम्भ किन बीचमै रोकियो भन्ने त्यस स्तम्भका पाठकहरूको जिज्ञासालाई प्रकारान्तरबाटै भए पनि शान्त पार्नका लागि हो। एउटा सम्पादकले पत्रिकाको पाना पछाडि रहेर गर्ने अनुभव, भोगाइ र निर्णयहरूका बारेमा स्वयं स्तम्भकारहरू पनि अनभिज्ञ रहेका हुन्छन्। यो अर्थमा कमलमणिजीलाई पनि माथिको व्यहोराको केतिपय पक्षहरू नयाँ-नौला लाग्न सक्छन्। दोस्रो उद्देश्य; *हिमाल* मा छापिएको अथवा नछापिएको आधारमा यो दस्तावेजको महत्त्व आँकिनुहुँदैन भनी पाठकहरूलाई सतर्क गराउन हो। यथार्थमा 'जङ्गबहादुरको बेलाइती कापी' इतिहासभन्दा पनि इतिहास लेखनको आधार अथवा प्रमाण हो, अभिलेख हो। इतिहासका विद्वान् र इतिहासलेखनको विज्ञान बुझ्नेहरूले यसको सही र सान्दर्भिक व्याख्या-विश्लेषण गरी आम पाठकको निम्ति बोधगम्य पारिदिनुपर्छ। आम पाठकको सुविधाका निम्ति इतिहासका टार्‍यो-खस्रा कुरालाई रसदार बनाउन कमलमणिजीले पर्याप्त बलबुद्धि खर्च गर्नुभएको छ। उहाँको अध्ययन, अन्वेषण र लामो उमेरका कारण प्राप्त हुने अनुभवजन्य ज्ञान, सूचना र सन्दर्भ-भण्डारको उपयोग पनि यसमा प्रशस्त भएको छ। तथापि उहाँका लेखलाई नै इतिहास ठान्नु गल्ती हुन्छ। यो इतिहास हैन। हो, परिशिष्ट खण्डमा जस्ताको तस्तै छापिएको जङ्गबहादुरको बेलाइती कापीको विवरण इतिहास लेखनका निम्ति गहकिलो आधार-प्रमाण हुनसक्छ। त्यस कापीको ऐतिहासिक व्याख्या इतिहासशास्त्रीहरूले गरिदिनुपर्छ। यो कापीले जङ्गबहादुरको भिन्न चरित्र त नेपालीहरूसामु

पस्केछ नै, त्योभन्दा बढी नेपालको करिब २०० वर्षयताको इतिहास शुद्ध तुल्याउन खोजिलो योगदान गर्न सक्नेछ ।

चौबीसमध्ये अधिकांश लेखले अलग-अलग विषय र सन्दर्भलाई समेटेका छन् । र, प्रायः लेखमा मूल अभिलेख अर्थात् स्रोत कापीबाट केही हरफ वा प्रसङ्गहरू उद्धृत गरिएको छ । त्यसरी मूल कापीको भाषा, शब्द, मात्रा, चिन्ह आदि हुबहु उद्धृत गर्दा उद्धृत अंशलाई दुई वटा उद्धरण चिह्न (" ") भित्र राखिएको छ भने मूल हरफको अर्थ वा आशय अझिलेको बोलीचालीको भाषामा प्रकट गर्दा एउटा मात्र उद्धरण चिह्न (' ') प्रयोग गरिएको छ । जङ्गबहादुरकालीन नेपाली लेखनमा, पूर्णविरामका निम्ति ठाडो धर्सो (।) को सट्टा अङ्ग्रेजीमा जस्तो पूर्णबिन्दु (.) प्रयोग हुने गर्थ्यो भन्ने तथ्यतर्फ विशेषतः पछिल्लो पुस्ताका कलिला पाठकहरूको ध्यानाकर्षण हुनु जरुरी छ । उद्धृत अंश वा तथ्यमा शङ्का लाग्दा मूलसँग भिडाएर हेर्न मूलकापीका सम्पूर्ण सामग्री यथावत् छापिएको परिशिष्ट खण्डले सजिलो पारिदिएको छ । परिशिष्टका डेढ सय पृष्ठ थपिंदा पुस्तकको लागत अवश्य बढेको हुनुपर्छ तर त्यसले पाठकको सुविधा र लेखनको पारदर्शितालाई नयां उचाइ प्रदान गरेको छ । यसनिम्ति प्रकाशकलाई सबैले साधुवाद दिनुपर्छ ।

प्रेस काउन्सिल नेपाल
तीलगंगा, काठमाडौं
१८ असोज २०६४

भूमिका

नेपालको आधुनिक इतिहासमा नेपालको क्षेत्रफललाई धेरै बढाउने र शक्तिशाली व्यक्तित्व बहादुर शाह र जङ्गबहादुर थिए। बहादुर शाहले नेपालको पश्चिमीसीमा कालीगण्डकीघाट गङ्गानदीसम्म पुऱ्याए। उनीपछि नेपालको सीमा सतलज नदीसम्म पुगेको थियो तर सुगौलीको सन्धि हुंदा महाकाली पश्चिमको सम्पूर्ण क्षेत्र गुम्यो। यसरी गुमेको क्षेत्रमा हालको बांके, बर्दिया, कैलाली र कञ्चनपुर पर्ने थिए, जसलाई जङ्गबहादुरले नेपालमा फिर्ता ल्याए। यी दुवै जनाले नेपालको शासन सम्हालेको बेलामा नेपालको भोटसंग युद्ध भयो। बहादुर शाहको पालामा त भोटको पक्षमा चीनले हस्तक्षेप गरी चिनियां सेना वेत्रावतीसम्म आइपुग्यो। बहादुर शाहले रणबहादुर शाहको राज्यकालमा नायब भई शासन गरेका थिए भने जङ्गबहादुरले राजा सुरेन्द्रको पालामा। जङ्गबहादुर जतिसुकै निरङ्कुश शासक भए पनि नयां मुलुक नेपालमा फिर्ता ल्याउने उनको भूमिकालाई नेपालीले कहिल्यै बिर्सन सक्दैन। भारतीय उपमहाद्वीपमा तत्काल अङ्ग्रेजको प्रभाव बढ्दो थियो। नेपालको स्वतन्त्रता जोगाइराख्नमा जङ्गबहादुरको महत्त्वपूर्ण भूमिका थियो भन्ने धेरै इतिहासकारको भनाइसंग सहमत हुन सकिन्छ।

जङ्गबहादुरको पालाको इतिहासबारे नयां तथ्य प्रकाशमा ल्याउने काम गरेको छ कमल दीक्षितको 'जङ्गबहादुरको बेलाइती कापी' ले। यसले जङ्गबहादुरको व्यक्तित्वबारे पनि कैयौं कुरा देखाएको छ।

बेलाइती कापीमा जङ्गबहादुरले बहादुर शाहका पालाको इतिहास पनि अध्ययन गराएका रहेछन्। त्यसबाट पनि आफूले केही सिक्न सकिन्छ कि अथवा त्यसताकको केही भूल भए नदोहोरियोस् भनेर। यसैबाट उनको दूरदर्शिता पनि देखिन्छ। बहादुर शाहको भोट अभियान र जङ्गबहादुर भोट अभियानबीच करिब छ दशकको फरक रहेछ। सम्वत् १८४६ देखि १८४८ सम्म बहादुर शाहको पालामा नेपाल-भोट युद्धमा कति खर्च लाग्यो भन्ने केही अनुमान, चीनको बादशाहलाई सौगात पठाउँदा बजारमा कुन कुन सामानको भाउमा खरिद भयो भन्ने समेत जङ्गबहादुरले कागतपत्र अध्ययन गरी लेखाएकोमा तत्कालीन बजार भाउबारे पनि थाहा हुन्छ। १८४८ सालमा घिउको भाउ एक धार्नीको लगभग एक रुपैयाँ रहेछ। यसैगरी १८४८ सालमा चिनियाँ राजदूत (वकिल) टाडटुङले नेपालमा उपहार ल्याउँदा रणबहादुर शाह र बहादुर शाहलाई बराबरै जस्तो गरी ल्याएको रहेछ। तत्काल मभ बगचभ शासक रणबहादुर शासक र मभ बिअतय शासक बहादुर शाह भएको यथार्थलाई हृदयङ्गम गरेर त्यसो लेखेको होला। क.दी. ले समेत 'माहिला साहेब' (बहादुर शाह) चीनबाट प्राप्त सौगात उपहारबाट उनी निकै शक्तिशाली व्यक्ति भएको देखिने कुरा लेख्नुभएको छ। बेलाइती कापीको रचनाकालमा समेत जङ्गबहादुर मभ बिअतय र राजा सुरेन्द्र मभ बगचभ शासक थिए।

श्री कमल दीक्षितले लेख्नुभएको छ, "जङ्गबहादुरलाई अब नेपालीहरूले राजनीतिबाट पर लगेर ऐतिहासिक परिप्रेक्ष्यमा बुझ्न थाल्नुपर्छ अर्थात् जङ्गबहादुरको समयलाई अब नेपालको इतिहासको एउटा कालचक्र मानेर पढ्नुपर्छ।" २००७ सालमा राणाशासनको अन्त्य भएको बेलामा नेपालका राणाशासनका प्रवर्तक जङ्गबहादुरले केही राम्रा कुरा पनि गरेका थिए भनी भन्न सकिदैन थियो। जङ्गबहादुरले देश बाहिरको बैंकमा पैसा जम्मा गर्ने चलन चलाएका थिएनन्। आफ्ना भाइछोराहरुको बीच नै प्रधानमन्त्रीको उत्तराधिकारी सर्ने नियम बसाए पनि उनका आफ्नो सन्तान कोही पनि श्री ३ महाराज हुन पाएनन्। धेरैजसोले निर्वासित जीवन बिताउनु पऱ्यो भारतमा।

उनका छोराहरुको दरबार धीरशम्शेरका छोराहरुले हडप गरे। छोरा जगतजङ्ग र नाति जङ्गप्रताप जङ्ग (राजा सुरेन्द्रका शाहजादीका छोरा) १८४२ सालमै मारिए। शायद यसै घटनाका प्रत्यक्षदर्शी शमशेरहरुको पालादेखि भारतका बैंकमा पैसा जम्मा गर्ने चलन चल्यो।

जङ्गबहादुर किन तानाशाह भए त भन्नेबारेमा पनि आफूलाई लागेका केही कुरा लेख्न मन लाग्यो। १८०० सालदेखि १८०३ को चार वर्षको अवधिकै कुरा लियौं। यस अवधिमा प्रधानमन्त्री रणजङ्ग पाण्डेलाई विष खुवाई हत्या गरियो। माधवरसिंहको हत्या गरियो र १८०३ असोजमा गगनसिंहको हत्या भएपछि कोतपर्व भयो। त्यसमा फत्तेजङ्ग चौतरिया समेतको हत्या भयो। सात वर्ष मात्र अगाडि भीमसेन थापाले सेरिएर मर्नु परेको थियो। १८३३ वैशाखमा रणबहादुर शाहको हत्या उनकै वैमात्रिक भाइ शेरबहादुरले गरेपछि भीमसेन थापाले अनेक भारदारको हत्या गराएका थिए। रणबहादुरको हत्या हुनासाथ जङ्गबहादुरका पिता बालनरसिंहले शेरबहादुरको हत्या गरेका थिए। भीमसेन थापा पनि सिरङ्कुशतामा जङ्गबहादुरभन्दा कम थिएनन् तर उनले जङ्गबहादुरले जस्तो जहानियां शासन शुरु गरेनन्। जङ्गबहादुर आफू तानाशाह हुन् र जहानियां शासन शुरु गर्नमा भीमसेन थापाको के हाल भयो भनी देखेर आफ्नो पनि त्यस्तो हाल नहोस् भनी गरेको हुनसक्दछ। त्यसताकाका राजा राजेन्द्र र सुरेन्द्र पनि कमजोर भएकोले समेत उनलाई त्यसो गर्न सजिलो भएको हुंदो हो।

यस पुस्तकमा १८११ सालमा एउटा जङ्गी ऐन आफैं बनाएर जारी गरेका रहेछन्। जङ्गबहादुरले उक्त ऐन भोटयुद्धको निमित्त तर्जुमा भएको भन्ने क.दी. को भनाइ छ। सेनाको लस्कर, बाटोमा हिंड्दा कसैले धनदौलत लुट्यो भने कस्तो सजाय गर्ने भन्ने कुरा समेत लेखिएको जङ्गबहादुरले मानवअधिकारको पनि हनन् हुनुहुंदैन भन्ने ध्यान दिंदा रहेछन्। उक्त ऐन तर्जुमा गर्ने बेलासम्म उनी युरोप भ्रमण सकी फर्किएकोले मानवअधिकारप्रति उनको केही चासो त्यही प्रभावले भएको हो कि ?

जङ्गी ऐन लेखिनुभन्दा एक वर्ष अगाडि १८१० सालमा मुलुकी ऐन पनि जारी भएको थियो। यसमा जातपातको व्यवस्थालाई संस्थागत बनाइएको, एकै अपराध माथिल्लो जातको व्यक्तिले गरेमा र तल्लो जातको व्यक्तिले गरेमा फरक फरक सजाय हुने व्यवस्था र छुवाछूतको व्यवस्था, सतीप्रथा जस्ता मानवअधिकार हननका अनेक प्रकरण थिए। जीवित व्यक्तिलाई जिउँदै जलाइदिने सतीप्रथा त हत्या नै थियो। योभन्दा ठूलो मानवअधिकार हनन्को प्रथा के होला? जङ्गबहादुरले यसलाई हटाउने प्रयास गरे तापनि उनको देहान्त भएपछि उनकै तीनजना रानीहरु सती गए। चन्द्रशम्शेरको पालामा मात्र यसलाई गैरकानूनी घोषित गरी हटाउन सकियो। कस्तो अवस्थामा सती जान पठाउन पाइन्छ भन्ने बन्देज भने १८१० सालको मुलुकी ऐनमा राखिएको थियो। यसै सन्दर्भमा १८६३ सालमा रणबहादुरको हत्या भएपछि उनको दाहसंस्कार भएको एक हप्तापछि हेलम्बुमा निर्वासित जीवन बिताइरहेकी र बुद्ध धर्ममा दीक्षा लिइसकेकी रानी राजराजेश्वरीलाई सती जान बाध्य गरेको घटना पनि स्मरणीय छ। तैपनि जङ्गबहादुरको पालाको मुलुकी ऐन जारी भएको बेलामा संयुक्तराज्य अमेरिकाका दक्षिणी राज्यहरुमा दासप्रथा विद्यमान नै थियो महिलालाई मतदानको अधिकार लोकतन्त्रका अग्रणी देश बेलायत र अमेरिकामा थिएन। जङ्गबहादुरले जयस्थिति मल्ल तथा राम शाहको पालादेखि चलिआएको कानूनी, रीतिथितिमा केही परिवर्तन गरी आधुनिक हुन सक्दथे तर आमूल परिवर्तन गर्न सक्ने क्षमता उनमा थिएन।

जङ्गबहादुरको पालामा १८१२ सालमा भएको भोट युद्धमा साइत हेरिएको बारे पनि पुस्तकमा चर्चा गरिएको छ। मेरा पुर्खा तत्कालीन बडागुरुज्यू विजयराज (वि.सं. १८६३-१८३५) को निर्देशनमा तत्कालीन राजज्योतिषीले सो काम गरेका होलान् जस्तो लाग्दछ। १८१२ साल चैतमा नेपाल र भोटबीच युद्धपछि सन्धि हुँदा नेपालको तर्फबाट हस्ताक्षर गर्ने व्यक्तिमध्ये जङ्गबहादुरपछि कमबहादुर र त्यसपछि विजयराज थिए। 'जङ्गबहादुरको बेलाइती कापी' मा विजयराजको बारे पनि केही उल्लेख थियो कि? १८१८ सालमा मात्र

उनी जङ्गबहादुरसंग मनोमालिन्य भई ५८ वर्षको उमेरमा काशीवास गर्न गएका थिए ।

जङ्गबहादुरकालीन अभिलेखको सङ्ग्रह चन्द्रशमशेरले गराएको देखिन्छ । चन्द्रशमशेरको देहान्तपछि ती सामग्री उनकी कान्छी रानी तथा कान्छा पुत्र मदन शमशेरको स्वामित्वमा आएछ । मदन पुरस्कार पुस्तकालयमा आइपुगेपछि श्री कमल दीक्षितले तिनको सदुपयोग गर्नुभयो र 'जङ्गीता' तथा 'जङ्गबहादुरको बेलाइती कापी' जस्ता पुस्तकमा जङ्गबहादुरको व्यक्तित्ववारे तथा तत्कालीन इतिहासबारे उपयोगी सामग्रीको रचना भयो । यस प्रयासको निमित्त श्री कमल दीक्षित धन्यवादका पात्र हुनुहुन्छ ।

२०६४ श्रावण १४

प्रकाश ए. राज

लेखकको थप कुरा

२०२० सालतिर होला यो कापी मेरो हात पऱ्यो। रानी जगदम्बाको बम्बे भंडार सफा गर्ने सिलसिलामा धुलामे भएका धेरै कापी किताब हामीले ओसारेर तल ल्याएका थियौं। सक्केसम्म कागजपत्र किताबहरू सुरक्षित गर्नेतिर लागें म, तिनलाई फालेर नष्ट गर्नेमा भन्दा। त्यसरी जोगाइएका मध्येका धेरै कुरा मैले प्रकाशित पनि गरिसकें 'नेपाली' का पानाहरूमा र पुस्तकाकारमा पनि। यो कापी त्यसै थियो। यसभित्र विविध प्रकारका सामग्रीहरू थिए। ती सबै कुनै न कुनै रूपमा केही महत्त्वका थिए। कुनको चर्चा गर्ने र कुन छाड्ने भन्ने मैले ठेगान गर्नै सकिनं र यो कापी मपुपुको मेरो अफिसमा त्यसै बसिरह्यो। *हिमाल खबरपत्रिका* का सम्पादक राजेन्द्र दाहालले २०६२ को दशैं अङ्क निकाल्ने बेला कुनै नयां विषयमा केही लेख्नलाई आग्रह गर्नुभयो। मैले त्यसैबेला झलक्क यो कापीलाई सम्झें। दशैंका अङ्कलाई मैले केही अरू नै कुरा लेखेर दिएं तर यो कापी मेरो दिमागमा अल्झिरह्यो, हटेन। अनि मैले केही नलागेर एउटा सानो लेखोट तयार पारें यसै कापीको सामग्री लिएर। त्यो मैले दाहालजीलाई सुनाएं अनि यो कापीको कुरा पनि गरें। उहां धेरै उत्साहित हुनुभयो र धाराप्रवाहको रूपमा यस कापीबाट केही न केही प्रत्येक अङ्कमा हाल्दै जाने, एउटा नियमित स्तम्भ नै बनाउने भनेर उहांले मलाई उत्साउनुभयो। स्तम्भको नाउं के राख्ने भन्नेमा पनि निकै छलफल भएको थियो। पछि 'इतिहासमा' भन्ने टुङ्गोमा हामी पुगका थियौं।

यसरी मैले लेख्न थाले। १२ ओटा लेखोट सकेर सम्पादकजीलाई बुझाइदिएं। ती बाह्रमध्येको पहिलो र दोस्रो प्रकरणलाई एउटै पारिएछ सन्दर्भ मिलाउन। त्यसो हुंदा ६ महिनासम्म नियमित 'इतिहासमा' भन्ने स्तम्भ आउँदै गयो उता म त्यसपछिका अरू बाह्र 'प्रकरण' लेख्नतिर लागें। पहिलो बाह्रवटा लेख २०६२ सालसम्म छापिएपछि हामीले छाप्ने कामबाट केही समयलाई विश्राम लियौं। तर लेख्ने काम रोकिएन। त्यसपछि अर्को बाह्र वटा प्रकरण लेख्न मलाई झण्डै वर्ष दिन लाग्यो।

२०२० सालतिरै पहिलो पटक यो कापी मैले पढी हेर्दा यसलाई पुस्तकको रूप दिन सकिन्छ भन्ने मलाई लागेको थिएन। यसभित्रका सामग्रीका विविधता या अनेकतालें गर्दा यसलाई एउटा सिङ्गो आकार कसरी दिन सकिन्छ भन्ने लागेको थियो। किताब जस्तालाई तरै कापीबाट सारिदिएर केही फाइदा थिएन। प्रत्येक कुरालाई टिप्पणी गर्दै व्याख्या गर्दै जानुपर्ने भएकोले पनि किताबको परिकल्पना गर्न सकिएको थिएन। तर *हिमाल खबरपत्रिका* मा स्तम्भ लेखका रूपमा छुट्टाछुट्टै विषयका कुरा उठाउन पाइएकोले सजिलो भएको थियो कापीका कुराबारे स्तम्भ लेखमा छुट्टाछुट्टै टिप्पणी भएकाले ती दुईलाई साथै छापिदिएपछि समस्या सुल्झिहाल्यो जस्तो लाग्यो र अब किताब छापिहाल्ने भन्ने निर्णयमा पुगें म।

तर यो छाप्ने भन्ने तय भएपछि यसको नाम के राख्ने भन्नेमै अल्मलिनु पर्‍यो। *हिमाल खबरपत्रिका* मा धारावाहिक छापिएको 'इतिहासमा' भन्ने स्तम्भको संगालो भएकाले त्यही नै नाम राख्ने हो कि भन्ने पनि विचार भएथ्यो। तर 'इतिहास' को ठूलो आकाशमा रहेको देखिने एउटा सीमित सानो बिन्दु मात्र हो यो विषय भन्नेजस्तो लाग्यो। अरू कति भने सिङ्गो जङ्गबहादुरको नाम पनि दिन सकिने देखिएन यसलाई। अनि यो जे छ त्यही अर्थात् जङ्गबहादुरले आफ्नो उपयोगका लागि टिपोट गराएर राखेको यो लेखोटलाई जुन पुस्तिकामा सजाएर राखिएको थियो, त्यसैलाई मान गरेर यस पुस्तकको शीर्षक जुराइयो- 'जङ्गबहादुरको बेलाइती कापी' भन्ने।

शीर्षकको जङ्गबहादुर त बुझियो, यो वेलाइती कापी के हो ? भन्ने पर्छ पाठकहरूलाई। पैले त्यसलाई अर्थ्याऔं। स्कूलहरूमा चलन गरिने 'एक्सरसाइज बुक' को डबल आकारमा अर्थात् छापाखानाको भाषामा $^{1}/_{4}$ फूलस्केप साइज, भन्नाले २०५x३२० मिलिमिटरको लेख्ने कापी, रूल नभएको लेख्ने कापी। तर भित्रको कागज भारी दामी छ यसको, अलि आकाशे रङको बण्ड-पेपर, वाटरमार्क युक्त। त्यो वाटरमार्क (पानी अक्षरमा) अङ्ग्रेजीमा 'सी विलमण्ट १८५१' भन्ने लेखिएको छ र त्यसमा एउटा श्रीपेचयुक्त 'क्रेष्ट' पनि छ। भित्रको कागजभन्दा पनि भव्य छ यसको बाहिरी गाता। रामो छालाको छ गाता सुनौलो वेलबुट्टादार। त्यस कापीमा पृष्ठसङ्ख्या दिइएको छैन। तापनि लेख्ने मान्छेले हातैले अङ्क लेखेको छ रातो मसीमा २६६ सम्म। तर यी २६६ पृष्ठ सबै भरिएका छैनन्। बीचबीचमा पेज खाली पनि छन्। जम्माजम्मी १७६ पेजमा लिखत छन्, बाँकी १०० पेजजति खाली नै छाडिएका छन्।

भित्र लेखोटमै मैले धेरै पटक भनिसकेको छु- यस टिपोट कापीमा कुनै कुरा पनि शृङ्खलाबद्ध छैन। जो आयो त्यही थपबक सारिदिएजस्तो देखिन्छ। कुनै योजनाबद्ध अभिलेखीकरण होइन यो। तर महाराजका साथमै रहने, उनले परेका वेला हेरिबुझनुपर्ने गरी टिपोटहरू गरिएका छन्। तर यो मैले यहां भनिरहनु पर्दैन किनभने त्यहां कापीभित्र भएका सबै कुरा अक्षर नबिराई यहां परिशिष्टमा दिइएका छन् त्यहीं पेज पेजको विवरण हेर्न सकिने छ।

अन्त्यमा भन्नुपर्ने एउटै कुरा छ, धन्यवाद। धन्यवाद, पहिले त यसलाई सम्पादन गरिदिने राजेन्द्र दाहालजीलाई। यस किताबको 'जन्म' को कारण नै राजेन्द्रजी हो। स्पष्ट छ, व्याख्या गरिरहन पर्दैन। *हिमाल* बाट छुट्टिएर गएर पनि उहांले यसमाथि देखाउनुभएको मायाले म कृतज्ञ भएको छु।

प्रकाश ए. राजज्यूले मेरो एकैवचनमा यसमा भूमिका लेखिदिन स्वीकृति दिनुभयो। म कृतज्ञ छु। अरु, यति सारगर्भित कुरा लेखिदिनुभयो। म उपकृत-बोध गर्दैछु।

यो कापीको लेखांटलाई मेरा नबुझिने लेखोटलाई सबैले बुझ्ने गरी र्याप्त रामरी कम्प्युटर टाइप गरी साजसज्जा मिलाउने कामसिंह चेपाङ र गल्तीलाई सच्याइ शब्द-वाक्य दुरुस्त पारिदिने धर्मराज दाहाललाई पनि मेरो हार्दिक धन्यवाद छ ।

यो पढिदिने पाठकहरूलाई धन्यवाद दिन त बांकी नै छ । यसको दोस्रो सस्करण निकाल्नु परेछ भने त्यसबेला सबैलाई धन्यवाद ज्ञापन गरुंला ।

२०६४ साउन



विषय सूची

१.	चतुरालेहुँदै बद्री-केदारतिर	१
२.	जङ्गबहादुरको जङ्गी ऐन	८
३.	पूर्वतिर पाइतो सार्दा	१३
४.	अठ्तीसौं बास ल्हासामा	१७
५.	'गोलि चलाइ मारिदिनू'	२१
६.	चिठी लेख्नुको महत्त्व	२४
७.	भोट युद्धको तयारी	२७
८.	जङ्गबहादुरको कापीमा चीनको चर्चा	३१
९.	विनम्र जङ्गबहादुर !	३५
१०.	तातोपानी पुग्ने पुरानो बाटो	३८
११.	युद्धका साइत	४२
१२.	मर्नेले नेपाल देख्न पाऊन् !	४६

१३. लडाईंको लस्करमा हलुवाई ! ५०
१४. युद्धपछिको उपहार ५३
१५. रसदपानीको जोहो ५७
१६. ढुकुटीसम्मै पुग्ने बाटो ६०
१७. जङ्गबहादुरको जडी ज्ञान ६४
१८. बहादुरीको वर्गीकरण ६८
१९. उपहारको हिसाबकिताब ७१
२०. "कौनै कुराको टंटा लागल्या छैन" ७५
२१. फुगा किल्लामा प्राइमिनिष्टर ७८
२२. "नांग्या गोवाको मुखजवान्" ८३
२३. अंग्रेजले हिस्स पारिदिएछन् ! ८६
२४. खोटा सिक्काको रसिलो कथा ८०

परिशिष्ट ८५

१. चतुरालेहुँदै बद्री-केदारतिर

पैले पैले नेपालबाट चारधाम तीर्थयात्रा जानेहरू आफ्नो सबै ऋणपान तिरी, छोराहरूको अभावण्डा समेत गरिदिएर विदा हुन्थे रे ! ६ महिना, वर्षदिन लाग्ने त्यो जोखिमपूर्ण यात्राबाट फर्केर आउने नआउने टुङ्गो हुँदैनथ्यो रे ! कति त धाम गर्दागर्दै परमधाम पनि पुग्थे रे !

'रे' का कुरा हुन् यी । तर, छापिएकै वृत्तान्तमा पनि आजभन्दा ७० वर्षअघि हरिद्वारबाट बद्री-केदार पुग्न एक महिना लागेको कुरा भेटिन्छ *(बद्री-केदार यात्रा तीस वर्षअघि*, केदारभूमि आ.दी. २०२३) । भारतको हरिद्वारसम्म रेल-मोटरमा पुगी त्यहाँबाट मात्र पैदल

काठमाडौंबाट बद्री-केदारधाम जाने बाटो ।
काठमाडौंबाट धैतडीको फुलाघाटसम्म पुग्ने बाटो ।

हिंडेको (श्री ३ बडामहारानी बालकुमारीदेवीको) यात्रादललाई त बद्री-केदार पुग्न त्यतिका दिन लागेछ भने नेपाल, काठमाडौंदेखि नै हिंडेर त्यो यात्रा तय गर्नुपरेको भए कति दिन लाग्दो हो भनी अनुमान गर्न आज गाह्रो पर्छ। तर मदन पुरस्कार पुस्तकालयमा प्राप्त एउटा लेखोटले अनुमान होइन अनुगमन नै गर्न सकिने पार्रिदिएको छ। लेखोट भने पनि एउटा किताबै छ त्यो, फुलिस्केप साइजको, छालाले मोरेको बेलाइती कापी। त्यसका २५० जति पृष्ठ मबै भरिएका छैनन्। बीचबीचमा ऐतिहासिक महत्त्वका धेरैथरी कुरा टिपिएका छन्। यहां त्यसैमध्येको पृ. १०७ र १०८ को मात्र प्रसङ्ग उठाउन खोजिएको हो। एउटा पानामा शीर्षक दिइएको छ: "नेपालदेखी श्रीबद्रिकेदारसम्म जान्या बासको तपसील"

भनिराख्न पर्दन, त्यस लेखोटको पृष्ठ १०७ मा काठमाडौंबाट बद्री-केदारसम्मको पैदलयात्रा गर्दा तय गर्नुपर्ने दूरी र बासहरूको तेरिज रहेको छ। त्यसको 'तपसील' मा- "असामि - बास् - कोस्" भन्ने बाहेक अरू व्याख्या-विवरण केही छैन। अर्कोमा शीर्षक छ: 'पश्चिमतरफबाट फुलघाट्सम्मका बाटा'।

पहिलोमा, असामि खण्डमा "काठमाडौंदेखि चतुर आलेको पौवा" लेखिएको छ। 'बास्' खण्डमा '1' र 'कोस्' खण्डमा ६ लेखिएको छ। यसको अर्थ- काठमाडौंबाट हिंडेर ६ कोसपर, पैलो बास चतुर आलेको पौवामा बस्ने भन्ने निस्कन्छ। आजको 'चतुराले गाविस' को नाउं चतुर आले (मगर) भन्ने व्यक्तिले त्यसबेला बनाइदिएको पौवा (पाटी) बाट रहन पुगेको यसबाट अनुमान गर्न सकिन्छ। यसरी हिंड्दै गई ३०३ कोस पार गरेपछि ५६औं बासमा 'श्रीबद्रीनारायण' पुगिने उल्लेख छ। बद्रीनाथबाट थप ५३ कोस हिंडी ६७औं बासमा 'श्रीकेदार' पुगिने बताइएको छ।

यो तेरिज कैले तयार पारियो भन्ने जानकारी पाउन सकिंदैन। यो कापीमा सारिएको चाहिं डेढसय वर्षअघि हो भन्ने पक्का छ। किनभने यसमा सारिएको पछिल्लो नक्कल '१८११ साल चैत वदी २' को छ। र, त्यो कापीको कागजमा पनि अङ्ग्रेजी 'वाटरमार्क'

'सी डब्न्यू आई एल एम ओ टी १८५१' स्पष्ट पढ्न सकिन्छ ।

यसरी एक सय पचास वर्षअघि बद्री-केदारधाम जाने नेपालीहरूको बासको सङ्ख्या गनेर अनि, गाउँका नाउँ सम्झेर आज के पाइन्छ भन्ने प्रश्न पनि उठ्न सक्ला । तर, ऐतिहासिक महत्त्व भनेको गगनसिंहलाई गोली कसले हान्यो अथवा भीमसेन थापा कसरी मेरिए- फुटेको शिशाको टुक्राले घाँटीमा त्यस्तो गहिरो घाउ बनाउन सक्छ कि सन्दैन भनेर जिरह गर्नु मात्र पनि होइन भन्ने लाग्छ । खाली राजकाजी कुरा बाहेक समाज के गर्थ्यो, सामाजिक क्रियाकलाप कस्तो थियो भनेर खोज्नु, हेर्नु पनि इतिहासकै पाटो हो भन्नेमा दुईमत नहोला । त्यतैतिरको जमर्को हो यो ।

तर यो किताबकै आधारमा मात्र त्यतिबेलाको यात्रा मार्ग (रुट) र बास बस्ने गाउँ-ठाउँहरू ठम्याउन अहिले सजिलो छैन । कुलाघाट पार गरेपछि भारतपट्टि पर्ने त कुरै छाडूं नेपालभित्रका पनि ४२ मध्ये आधाभन्दा बढी बास बस्ने ठाउँहरूको नाम ऐलेका नक्सामा खोजेर पनि पाइदैनन् । गोर्खा त हामीलाई थाहा छ भनूं, तर त्यतिबेलाको 'गोर्खा आश्राम' कहाँ थियो भनेर कसरी जान्नु ? त्यस्तै पोखराबाट चार कोस हिँडेपछि पुगिने रहेछ 'पवै भाज्याङ्' । त्यो भञ्ज्याङ अचेल के नामले पुकारिन्छ, कसले भन्ने ? पवै भञ्ज्याङ त अरै पत्ता लगाउँला रे', तर त्यहाँबाट ६ कोस परको 'धरम्पानि, हदम्नाथको घरमा' कसरी पुग्ने ? यस्ता धुप्रै झ्याउला आइलाग्छन् । भूगोलका विद्यार्थी र अचेलका गाविसहरूलाई भने यी नामहरूले निकै तान्लान् । किनभने, रिडिकोट्बाट काढा अनि त्यहाँबाट सिलगढि हुँदै तिपागढि पुग्ने बाटोको अध्ययनले पक्कै पनि नयाँ सूचना उपलब्ध गराउने छ ।

अब त्यो बासको तेरिजतिरै फर्कूं फेरि । प्रसस्त नेपाली यात्रुहरू सो बाटो जाने नभए यत्रो भूभारत गरी बासबासको तेरिज कसिने थिएन पक्कै । त्यो पनि सरकारी स्तरमा । सरकारी स्तर भनेर किन भनियो भने, यो जङ्गबहादुरकालीन दस्तावेज नत्र यसरी सुरक्षित राखिने थिएन ।

यो धाम जाने बाटोका साथै देशको पश्चिम सिमाना झुलाघाटसम्म मात्रै जाने बाटो पनि छुट्टै दिइएको छ। देशको भूगोलको ज्ञान राख्नु जरुरी भएर नै राणा प्रधानमन्त्रीहरूले यति मेहनत गरे-गराए होलान्। राजकाजको सिलसिलामा राजधानीबाट आहिर जांदा कुन ठाउं कति टाढा छ त्यो थाहा पाउनु उनीहरूलाई आवश्यक भएको हुनुपर्छ। आफ्ना सल्लाहकारहरूले नै पनि आफूलाई कुब्याउलान् भनेर होला महाराज जङ्गबहादुरले देशभित्रका बाटाघाटाको सूची बनाउन लगाई आफूसंगै राखेका रहेछन्।

देखिसकियो, बद्री-केदार जाने मार्ग महाकाली नदीको झुलाघाट हुंदै अघि बढ्थ्यो भने नेपालको सिमानासम्म पुग्नका लागि तोकिएको बाटो पनि झुलाघाटमै पुगेर टुङ्गेको पाइन्छ। तर त्यहांसम्म पुग्ने यी दुई यात्रापथमा आनकानान फरक छ *(हे. नक्सामा गाढा कालो र फिक्का रेखा)*। पहिलो त बासको सङ्ख्यामै अन्तर छ। एक-दुईको होइन पूरै दश बासको भिन्नता छ। धाम जांदा ४२औं बास (गाढा कालो रेखा) परेको झुलाघाट सिमानासम्म मात्र जाने बाटो जांदा ३२ बासमै (फिक्का रेखा) पुगिन्छ। यस्तो फरक किन पऱ्यो भन्न सकिंदैन। धाम जानेहरू तीर्थहरू घुम्दैघुम्दै जाने भएर हो कि भन्नलाई पनि त्यस्तो कुनै तीर्थस्थानको यहां उल्लेख भेटिंदैन। तीर्थ जानेहरू धपेडी नगरी साना-साना बास गरेर हिंडे भनूं भने पनि दुवै बाटामा बास ४-५-६ कोसमा नै गरेको देखिन्छ। सिमानासम्म जाने बाटो अलि सोझो, छोटो पारिएको होला भनेर चित्त बुझाउने पनि सजिलो छैन। नक्सा हेर्दा हरियो रेखा पनि घुमेकै देखिन्छ, नागवेली परेको। भनूं सल्यानबाट जाजरकोट, दैलेख हुंदै कर्णाली तरी अछाम अनि बझाङ पुग्छ यो बाटो। अनि डोटी। यो त निकै 'जिगज्याक' भयो ऐलेको हिसाबले। अछामबाट न्यतिमाथि उत्तर बझाङ पुगी फेरि फर्केर डोटी लाग्ने भन्नु 'छोटो' भनिएको बाटोलाई मिल्दैन। त्यसैले त्यस लगतको बझाङ ऐले हामीले बुझ्ने बझाङभन्दा निकै तल थियो कि भन्नुपर्ने हुन्छ। बझाङका विज्ञहरूले यसबारे खोजतजास गर्नुहुन्छ कि!

बझाङवाहेक यहां हामीलाई 'जुम्ला'ले पनि पिर्छ। यस फिरिस्तमा

परेको 'जुम्ला' डोटीबाट पांच कोस पर छ। त्यसलाई यस बाटामा ३१औं बास बनाइएको छ, अनि त्यतावाट २१ कोस हिंडी पर रुलाघाट पुगिने भनिएको छ। यहाँनेर आइपुग्दा हामी एकदमै अलमलमा पर्छौं। पहिलो कुरा त अरूतिर बढीमा कतैकतै दस कोसमा बास बस्ने को व्यवस्था देखाइएकोमा यहां अकस्मात् २१ कोसको दूरीमा बास दिइएको छ। त्यो साधारणतः एक दिनको बाटो हुन सक्तैन। सारै समथलको बाटो नभए एकैदिनमा २०-२१ कोस डांडाकांडा कोही हिंड्न सक्तैन। त्यसैले यहाँनेर अभिलेख सार्ने मान्छेले नै गल्ती गऱ्यो कि भन्ने पनि लाग्छ। अर्को कुरो, यो जुम्ला भनिएको बास, ऐले हामीले चिनेको कर्णाली अञ्चलको सदरमुकाम जुम्ला डोटीबाट निकै टाढा पूर्वोत्तरमा पर्छ, पांच कोस मात्र पर होइन। त्यसो भए यो यहां भनिएको जुम्ला कहां छ? त्यो ऐले कुन नामले चिनिन्छ? बुझ्नु आवश्यक छ।

यसरी अलमलिने केही कुरावाहेक केही निकै चाखलाग्दा कुरा पनि फेला पर्छन् यी बाटाहरूको अध्ययन गर्दा। पैलो त धाम जाने बाटो (रातो रेखा) मा पहिलो बास ६ कोस पर चतुरालेमा छ, महाकाली नदी अर्थात् रुलाघाटसम्म मात्र जाने (हरियो रेखा) बाटोमा भने तीन कोस मात्र पर पुगेर जितपुर (फेंदी) मा बसिन्छ। रातो रेखामा दोस्रो बास नुवाकोटमा छ भने हरियो रेखाले तेस्रो बास बनाएको छ 'नुवाकोट त्रिशूल् गंगा'लाई। यो बाटो छैटौं बासलाई गोर्खा पुग्छ, ऊ गोर्खामा बास बस्तैन, 'गोर्खाआश्रम' मा बस्छ। पोखरा त दुवै बाटा पुग्छन् नवौं र दशौं बासलाई। त्यसपछि 'दैलेख' नपुगी दुईको भेट हुंदैन। त्यसपछि त ठेट रुलाघाटमा मात्र मिल्छन् यी दुई- रातो २०४ कोसमा र हरियो रेखा १८६ कोसमा।

केही बासका नामका हिज्जे फरक भएकाले ती दुवै एकै हुन् कि के हुन् भन्ने पर्छ। सल्यान र सल्याना उही हो? भनूं डोटी एउटामा छ अर्कोमा सिलगढी। एउटा १७० कोस पर, अर्को १८० कोसमा काठमाडौंदेखि। ती एउटै हुन् कि अर्को? यस्ता कुराको राम्रै अध्ययन हुनुपर्छ अनि मात्र यो यस्तै हो भन्न सकिएला। तर, यस्ता अप्ठेरो पर्ने केही ठाउंहरू हुंदाहुंदै पनि यी दुई बाटाहरूको तुलना

सूक्ष्मताका साथ गरियो भने इतिहासका केही लुकेको कुरा पनि फेला पर्न सक्छन् । त्यसैले हाम्रा भूगोलविद्, या अझ 'कार्टोग्राफर'हरूले यसतर्फ अलि कति चासो लिइदेलान् कि ?

बद्री-केदारसम्म जाने बासको तपसील

असामि	वास्	कोस्
चतुरआलेको पौवा	१	६
नुवाकोट्	२	८
सामरि	३	१३
चरन्या	४	१७
गोपाआश्राम्	५	२५
लुइटेल्	६	३१
कुछा	७	३६
देउराली	८	४२
पोपरा	९	४८
पवैभाज्याङ्	१०	५३
धरमपानि-हदम्नायको धरमा	११	५८
वल्पाभाज्याङ्	१२	६५
कार्किकोट्	१३	७०
घोर्माघाउँ	१४	७३
नत्रापौवा	१५	७८
लात्पेवाद	१६	८३
असुराकोट्	१७	८७
प्युठाना	१८	९२
वर्दिवाङ्	१९	९६
सल्यान्	२३	११५
मैटु	२४	१२१
लाबुको पौवा	२५	१२७
दैलेप	२८	१४२
दुल्लुको पौवा	२९	१४६
वन्डाडो	३०	१४९

सिगौरिया	३१	१५३
कुचिगाउं	३२	१५८
कुइका	३३	१६०
कालागाउं	३४	१६६
रिडिकोट्	३५	१७१
सिलगढि	३७	१८०
तिधागढि	३८	१८३
वज्रगाउं	३८	१८८
छेकरगाउं	४०	१८४
मैतालिधोला	४१	१८८
वैतडिझुलघाट्	४२	२०४
श्रीवद्रिनारायण	५६	३०३
श्रीकेदार	६७	३५६

पश्चिमतिरबाट झुलाघाट जाने बासको तपसील

असामि	वास्	कोस्
जित्पुर	१	३
सिवुचा	२	७
नुवाकोट्त्रिशूल् गंगा	३	१०
कटुज्या	४	१५
सल्यान्	५	२०
गोर्षा	६	२६
लमजुंगिनास्	७	३१
तन्हौकुछा	८	३४
देउराली	८	३८
पांषरा	१०	४३
पवै	११	४८
भुम्या	१२	५२
वनाम्	१३	५६
तान्सेन्	१४	६१
रिडि	१५	६५

गुल्मी	१६	६८
बाइना	१७	७४
असूर्कोट	१८	८०
प्यूठाना	१९	८४
भिरि	२०	८०
सषि	२१	८६
पालपा	२२	१०३
फाइवाङ्	२३	१०६
सल्याना	२४	१११
जाजर्कोट्	२५	१२८
दैलेष	२६	१३८
कर्णाली	२७	१५०
अछाम्	२८	१६०
बफाङ्	२८	१६५
डोटि	३०	१७०
जुमला	३१	१७५
कुलघाट्	३२	१८६

२. जङ्गबहादुरको जङ्गी ऐन

गुरुको लेखमा नेपालको पश्चिमतिरका पुराना बाटाहरू पस्केको देख्ता *हिमाल खबरपत्रिका* को यो नयां स्तम्भ सडकचर्चामै सीमित रहने हो कि भन्ने भ्रम परेको हुनसक्छ पढ्नेहरूलाई। तर यसको उद्देश्य त्यो होइन। हो के भने यो ऐतिहासिक होस् र सके अलिकति साहित्यिक पनि होस् भन्ने आशय थियो सम्पादकज्यूको। उहांले त्यसो भनेपछि मैले यो आंट गरेको हुं। तर म इतिहासविद् होइन। नेपालको समग्र इतिहासमा पस्न पनि सक्तिनं। इतिहासको एउटा सानो कालखण्ड, राणाकालको सेरोफेरोमा घुम्नेमै सीमित रहन्छु- पांच पुस्ता राणादरबारको 'भित्रिया' हुनपुगेकाले त्यस विषयमा केही 'देखिजान्ने' र केही 'सुनिजान्ने' भएको आधारमा। त्यसमा थप, केही पुराना राणाकालीन कागजात मेरा हात परे, श्रीदरबारमा सेवारत रहंदा। ती कागजपत्रहरू मैले मदनपुरस्कार पुस्तकालयमा थन्क्याएं अनि तिनबारे सकेको प्रकाशित पनि गरें। मेरा 'जङ्गीता', 'चन्द्रज्योति' र 'मपुपुको पाना' हरू त्यसैका उपज हुन्। यो स्तम्भलाई पनि त्यस्तै बाटोमा अघि बढाउने विचार छ।

यस स्तम्भबारेको यो स्पष्टीकरण पहिले नै दिनुपर्ने थियो, तर दिइएन। त्यो पाठकहरूमा एउटा कौतुहल वा जिज्ञासा पैदा होस् भनेर नै हो। ऋषितै बद्रीकेदारधाम जाने प्रकरणबाट आरम्भ भएको अघिल्लो पक्षको सिलसिला छाडी यसपटक एउटा अर्कै बाटोमा लागौं।

भोटयुद्धमा जानुअघि 'फौजले बुझून्' भनी जङ्गबहादुर महाराजले "आफनो बुद्धिले नजबीज गरी" सवत् १८११ सालमा एउटा 'ऐन' बनाएछन् र चैत्रसुदी ७ रोज ७ मा त्यसलाई जारी गरेछन्। राणाकालमा, ऐनकानुनहरू बनाउँदा कौसलिया (भाइभारदार)हरूले तयार पार्ने र महाराजाधिराजहरूले जारी गर्ने प्रचलन थियो। तर यो जङ्गी ऐन जङ्गबहादुर आफैंले बनाई जारी गरेको देखिन्छ। अतः यो नामले 'ऐन' भए पनि औपचारिक हिसाबले 'ऐन' होइन कि भन्ने शङ्का लाग्छ। यस्तो शङ्का लाग्नुको एउटा अर्को कारण पनि छ। यस ऐनमा भूमिका जस्तो गरेर शुरुका ४४ दफामा पुराणका कुरा हालिएका छन्। महाभारत, मनुस्मृति, परासर धर्मशास्त्र र स्कन्धपुराणबाट युद्धको औचित्य देखाउने अनेक प्रसङ्ग ल्याइएको छ। ती उद्धृतांशहरूबाट क्षेत्रीय अर्थात् सिपाहीहरूका लागि युद्ध गर्नु धर्मको कार्य हो भन्ने प्रमाणित गर्ने खोजिएको छ। भोटसँग लडाई हुने भएपछि आफ्ना सिपाही र अफिसरहरूको हौसला बढाउन यस्ता पौराणिक कुराहरू जङ्गबहादुरले ऐनकै रूपमा हाल्ने खोजेको देखिन्छ। यसलाई एक प्रकारले जङ्गबहादुरको आफ्नै प्रकारको बुद्धिमत्ता या चलाखी भन्नुपर्छ। महाभारतमा "भीष्मपितामहले युधिष्ठिर महाराजालाई सिक्षा गर्याको"लाई त्यो जङ्गबहादुरका अफिसर र जवानहरूलाई नै भनेको हो कि जस्तो पारिएको छ- यसरी: "जुद्धमा मर्न्या वीरकन जातभाइले शोक नगर्नू, जुद्धमा मर्न्या वीर स्वर्गलोकमा बडो सुभिता पाई रहंछन्, तस् निम्ति उस्को शोक गर्नु योग्य छैन, परन्तु जुद्धदेषी भागिकन आउन्या अधम पुरुष मरिकन कौन लोकमा जानन् भनि शोक गर्नु योग्य हुन्छ, ३५।"

यस्तै प्रकारका जम्मा ४४ दफा प्रस्तावनाका रूपमा यस 'ऐन' मा हालेका छन् जङ्गबहादुरले। ती दफाहरू हाम्रा लागि महत्त्वका छैनन् तर त्यस विषयले 'ऐन' मा यस्तो महत्त्वपूर्ण स्थान ओगटेको चाहिं निकै चाख उठ्दाउने कुरा हो।

युद्ध र लडाईको प्रसङ्गमा त्यही पुराणको हवाला दिदै "...जुद्धमा शरीर त्याग गर्नाले चतुर्बाहु भगवान्का स्वरुप पाई विमानमा चढी इन्द्रादिदेवताले स्तुति गरियाको स्वर्गलोकमा जांदा भयो," भनी

४४औं दफा टुङ्गयाएपछि जङ्गबहादुरको ऐन लडाइंका काममा जुटिहाल्छ। र, तेरिज कस्छ यस्तो लेखेर: "बाटामा फौज लस्कर पजाना रसद हिंडाउंदाको बन्दोज"। यस प्रकरणमा २४ दफा छन्। ती सबै दफाको छुट्टै ऐतिहासिक महत्व त होला नै तर फौजी कारवाही र लडाइंका कुराहरूको कति गहिरो ज्ञान महाराज जङ्गबहादुरलाई रहेछ भन्ने बुझ्दा छक्क पर्नुपर्छ। जस्तो पहिलै दफालें भन्छ-

"पैल्हे फौज हिंडाउंदा २/२ हजारको १/१ दिनको फरक गरी हिंडाउनु (१)।" अनि भन्छ-

"फौजभन्दा २ पाउअघि बिकट् घोडा चड्न्या हिंडाउनु" (२)। अरु भन्छ-

"फौजभन्दा १ पाउअघि १ अफिसर ५० सिपाही दोस्रा बिकट गरी हिंडाउनु" (३)।

सबै उल्लेख साध्य छैन, तापनि लडाईंको सतर्कतामा कति मीनमेख गरिंदो रहेछ भनी हेर्न ८औं दफा चाखलाग्दो होला। लेखिएको छ: "फौजले यस ठाउंमा येति वैरि रह्याछन् भन्या समाचार सुन्यापछि येति जवानले त्यो वैरी हटाउनु भकिएला भन्या अफिसरले तजवीज गरी तोप बन्दुक फौज पठाइ अफिसरका उर्दि बमोजिम् फैर गरी वैरि हटाइ अब भय छैन भन्या तजवीज गरी फौज चलाउनु."

यो 'ऐन' भोट (तिब्बत) युद्धका लागि नै तर्जुमा भएको हो भन्नलाई यसभित्रै प्रमाण भेटिन्छन्। जस्तो बाह्रौं दफामा "लगुर पार पुग्या पछि" भन्ने उल्लेख भएको छ। त्यो लगुर भनेको महालगुर हो, हिमालको भोटपट्टिको शृङ्खला। जड्डी ऐन भए पनि यसमा लडाईंका कुरा मात्र छैनन्, न्याय-निशाफलाई पनि स्थान दिइएको देखिन्छ। युद्धको बेलामा पनि मानवअधिकार हनन् हुनुहुदैन भन्ने जस्ता अहिलेका कुरालाई त्यस ऐनको १९औं दफामा यसरी प्रस्तुत गरिएको छ- "बाटामा लस्कर हिंड्दा कसैको धनदौलत अनाज तर्कारिभाजि कसैले लुट्यो भन्या लुट्न्याबाट लुटियाका मालको दोवर विगो

भराई ५ वेद (वेतको लट्ठी) हान्नु. कसैको स्वास्नी फौजले विगाऱ्यो भन्या. तेसलाई १० रुपैयां नगद जरिवाना गरी ३० वेद हान्नु."

रोचक छ यो ऐन। यसका दफाहरूमा ठाउंठाउंमा निकै घतलाग्ने प्रसङ्ग फेला पर्छन्। मौका मिले तिनमा पछि पनि चर्चा गर्ला।

३. पूर्वतिर पाइतो सार्दा

अचल हामीहरू नेपालको पूर्व सिमाना भन्नासाथ काकडभिट्टा, मेची पुल सम्झन्छौं। तर जङ्गबहादुरकालीन नेपालको पूर्व सिमाना भनेको इलामपारिको जङ्गल सम्झिइंदो रहेछ। कोकले खोला र लिप्पे खोला तरेर ११ कोस पार गरी 'सिवाना तरफ जंगल' मा पुगिंदो रहेछ त्यसवेला काठमाडौंबाट १११ कोस पूर्व हिंडेपछि।

सन्दर्भ बुझियो होला- यो स्तम्भ फेरि एकपटक बाटो र बासहरूकै वृत्तमा फर्केको छ। सांत उही हो १ पुसमा उल्लिखित वेलाइती जिल्लावन्दी कापी। 'पश्चिमतर्फको सिवाना'को त्यत्रो चर्चा गरेपछि त्यहीं देखिएको "पूर्वतरफबाट सिवानासम्मको बाटो" लाई वेवास्ता



गर्नुभएन। तर यसबारे लेख्नुपर्दा समस्या पर्छ सामग्री नपुगेर। राजधानीबाट पूर्व सिमानासम्म पुग्न जम्मा २० वास मात्र गरे पुग्दोरहेछ। यी बीस वासमा हामीलाई मनग्गे सामल पुग्दैन र हामीले अन्तिर पनि चियाउनुपर्ने हुन्छ। त्यो गर्दै गरुँला। पहिले हामीले काठमाडौंबाट पाइतो सारिहालौं।

काठमाडौंबाट पूर्वतर्फको यात्रामा निस्केपछिको पहिलो बास ४ कोस पर 'भादगाउँ' रहेछ। अनि अहिलेको बनेपा पारिको 'थड्पु' (खड्पु) पछि तेस्रो वासलाई 'दापचाफुलवारि' पुगिन्थ्यो भन्छ यो कापी। रोशी खोला र सुनकोशी गडतिरका दुम्जा अनि झांगाखोलीमा वास वस्ते बेनी पुगिने रहेछ। पूर्वमा बेनी भनेको तामाकोशी र सुनकोशीको सङ्गमस्थल हो। यहाँदेखि माथि आठौं बास 'सालु भञ्ज्याङ' पर्छ। त्यसपछि ऐले बुझिने चलनचल्तीका थारै मात्र नाम बांकी रहन्छन्- पन्ध्रौं र सोह्रौं वासका 'पिकामाछा माऊकिरात" र "धनकुट्टा पल्लो किरात" (७५ कोस)। यसबीच पर्ने चुपलु गलवा, बुद्रपा र वोखिन जस्ताका आधुनिक नाम र ऐलेको अवस्था पनि बुझ्नु उचित होला। त्यस क्षेत्रमा बसोवास गर्ने र नेपाली नक्सा कोलाउनेहरूले त्यो पत्ता लगाइदेलान्।

पहिले नै चर्चा गरिएको हो, नेपालको वाटाघाटाका बारेमा बुझ्न महाराज जङ्गबहादुरले चासो देखाएर यी सङ्लन गराएका रहेछन्। तर दुईतिर सिमानासम्म पुग्ने वाटोको ज्ञानले मात्र पुग्ने थिएन। त्यस कापीमा नेपालको पहाड र तराईका विभिन्न जिल्लाका सदरमुकामहरूको पनि खोजखबर गरिएको फेला पर्छ। उदाहरणार्थ भनूं, त्यहां "पोपरादेषी उत्तर" भनी 'बेनी-बागलुङ कोस ५८' लेखिएको छ। हामीलाई ऐले थाहा छ पोखराबाट बाग्लुङ मात्र होइन बेनी पनि पश्चिम पर्छ उत्तर होइन। तर पनि त्यहां उत्तरै लेखिएको छ, किन? हुनसक्छ, बेनी जानलाई उसबेला, पोखराबाट पहिले केही उत्तरै लागी जानुपर्दो हो। तर यहां बीचको बास या वाटाको विवरण दिइएको छैन- ठाडो, ५८ कोस् मात्र भनी छाडिएको छ। यो पनि एउटा चाख लाग्ने विषय नै हो। अर्को चाखलाग्ने कुरा के छ भने 'तानसेन दक्षिण माऊषडसम्मको' भनेर

त्यसै मन्तिर लेखिएको छ- 'बुटवल कोस् ६८'। हामी जान्दछौं तानसेनबाट बुटवल त्यति टाढा छैन। भनेपछि, यहांको यो ६८ कोस् भनेको तानसेनदेखि मात्र होइन पोखरादेखि नै हो, बेनी बाग्लुङ भएर पुग्ने बाटोको दूरी। त्यही बाटो अगाडि लाग्दा "माकुण्ड भगवानपुर कचहरि" पुग्छ ८१औं कोसमा। त्यसैलाई तन्काएको होला 'बुटवलदेखि पश्चिम स्यूराजसम्मको' भनेर 'पजहनि नौ लिहया कचहरि कोस् ८७' र 'स्यूराज कोस् ८७' पनि। त्यसो हुंदा यो पोखरादेखिकै गणना गरेको हुनुपर्छ। तर उखानको 'लहासा जानु कुत्तीको बाटो' भने जस्तो पोखरादेखि स्यूराज (हालको तौलिहवा) पुग्न यस्तो घुमाउरो बाटो किन तर्जुमा गरियो भन्ने सकिदैन।

रुकों लाग्ने गरी यसरी बाटोको चर्चा गर्नुको उद्देश्य के हो भन्ने लाग्ला पाठकलाई। यसमा रहस्य केही छैन। पुर्खाहरू कसरी हिंड्थे, कुन बाटो लिन्थे भन्ने कुरा सामाजिक-राजनीतिक इतिहासमा चाख हुनेहरूका लागि निकै महत्त्वको हुन्छ। जस्तो भनूं कर्कप्याट्रिकहरू काठमाण्डू उक्लिंदा माथि त्रिशूली तरी नुवाकोट भएर आएका थिए। यो बेलायती कर्पीले भने जङ्गबहादुरको समयमा घिल्लाड-मार्खु गढीको बाटो खुलिसकेको जनाउ दिन्छ। तर राणाकालको पुछारतिर अत्यन्त चालू भइसकेको भीमफेदी बसेकै रहेनछ त्यसबेलासम्म, किनभने यहां चिसापानी गढीबाट एकदम हेटौंडा पुगेर मात्र बास बस्ने देखाइएको छ। अरु हेटौंडाबाट हिंडेपछि मकवानपुर हुंदै कलैया पुग्छ बाटो (४२ कोसमा)। अनि अलौ कचहरि र कडरवाना कचहरि हुंदै (काठमाण्डूबाट) ६० कोस् पर सिसौटिया कचहरि पुगेर टुङ्गिन्छ यो दक्षिणतिरको बाटो। भन्नाले हाम्रो विहारतिरको सिमाना सिसौटिया कचहरि थियो। यो कम चाख लाग्ने विषय हो?

विरसिलो बाटोको बयान र बास बस्ने ठाउंहरूको नाम उच्चारण गर्दै जांदा पनि नेपाली सामाजिक परिवेशको बोध हुंदो रहेछ र नै हो यसरी यसमा श्रम खर्च गरेको मैले। यत्ति भइहाल्यो भने अब अलिकता अरु यसमा अल्झिऊं र यो प्रकरण टुङ्ग्याऊं।

माथि पूर्वतिरको सिमाना छुंदा इलामको मात्र उल्लेख गरेको थिएँ मैले। तर त्यहाँ तराईतिरबाट पनि मेची सिमानाको जिकिर भएको छ। रंगेली कचहरि-अठमौजा-झापा भई मेची छुँदो रहेछ त्यो बाटाले पनि। तर मेचीमा काकडभिट्टा होइन "पाठाभारि मेथि"। यो पाठाभारि ऐले कहां पर्छ थाहा छैन। यहां दिएको पाठ अनुसार त्यो १४१ कोसमा छ। तर, त्यो काठमाण्डूबाट होइन 'सुनकोशी-बेनी खुर्कोट'बाट। यो खुर्कोट नामले अर्को रहस्य खोल्छ। किन महत्त्वपूर्ण भयो यो ठाउं? किन ऐले जापानले बनाइदिँदै गरेको काठमाण्डू-बर्दीबास सडक पनि यही खुर्कोट भएर गुज्रेको? तामाकोशी-सुनकोशी दोभान बेनीबाट दक्षिण पांच बास पर बताइएको छ खुर्कोट। तर, यो दूरी बेनीबाट नभई काठमाडौंदेखिको हुनुपर्छ, किनभने बेनी र खुर्कोटबीच त्यति लामो दूरी छैन। त्यसैगरी खुर्कोटबाट ३० कोस् पर देखाइएको छ जलेश्वर जुन स्वाभाविकै लाग्छ। अनि खुर्कोटदेखि नै पूर्व भनी 'उदैपुर नेपालटार कोस् ४०" भनेको छ यहां।

अब चाहिं सांच्चै बीट मार्ने यो बाटो र बासको प्रसङ्ग। पद्मनेहरूलाई कति ऋर्को लाग्यो होला नामै नामको माला फिराएको देख्दा। अब अर्को प्रसङ्ग अलि रसिलो छानुंला।

४. अठ्तीसौँ बास ल्हासामा

संस्कृतमा एउटा श्लोक छ 'काव्येषु नाटकं रम्यम् तत्रापि च शकुन्तला। तत्रापि च चतुर्थोऽङ्कः तत्र श्लोक चतुष्टयम्'। अर्थात् 'साहित्यमा नाटक विधा राम्रो हुन्छ, त्यसमा पनि (कालीदासको) शकुन्तला, त्यसमा पनि चौथो अङ्क र अरु त्यसभित्र समेत चार श्लोक अत्यन्त राम्रा छन्।' यसरी त्यत्रो विशाल संस्कृत साहित्य-सागरलाई खुम्च्याएर चारोटा श्लोकमा समेटिएको छ।

त्यस्तै भएको छ यहाँ, यस स्तम्भमा पनि। हिमाल का सम्पादकज्यूले महत्त्वाकांक्षी भएर यसलाई अति भव्य नाम दिनुभयो 'इतिहासमा'

वि.सं. २०६४ को खासाबजार: जङ्गबहादुरका पालामा यहाँ २० घर मात्रै रहेछन्।

भन्ने । तर कहाँ इतिहासको त्यो खुला फाँट ? यो त नेपाली इतिहासभित्र मात्र सीमित छ । नेपालको इतिहासमा पनि यो राणाकालभन्दा उँधो उभो जान सक्तैन । अनि राणाकालभित्रैको पनि एउटा साँघुरो घेरोमा बाँधिएको छ, यो । ऐले निकै ओटा लेखकका लागि यस स्तम्भले जङ्गबहादुरको समयमा लेखिएको एउटा बेलाइती कापीमा कोरिएको हस्तलिखितलाई नै आफ्नो आधार बनाएको छ । त्यसैले यस स्तम्भमा झर्को लाग्दो एकरसता हुनगयो भने पाठकहरूले कदीको सीमा बुझिदिनुपर्ला । त्यो 'बेलाइती कापी'मा जङ्गबहादुरकालीन अनेक प्रकारका दस्तावेजहरू छन् भनेर भनिसकियो । ती दस्तावेजहरू महाराज चन्द्रशम्शेर हुँदै ऐले मपुपुमा आइपुगेका छन् । मुलुकभित्रका तत्कालीन बाटाघाटाका बारेमा हामीले केही चर्चा गरिसक्यौं । अब एउटा अर्को प्रसङ्ग ।

महाराज जङ्गबहादुरको शासनकालको एउटा प्रमुख घटना भोटयुद्ध हो । अरु १८१४ सालतिरको 'भारतीय विद्रोह' नहुञ्जेलसम्म त उनका लागि सबभन्दा महत्त्वपूर्ण कामै भोटयुद्ध थियो होला । त्यसैले हुनुपर्छ यस कापीमा धेरै जसो कुरा भोटयुद्ध विषयक नै छन् । तिनको धारावाहिक त होइन टिपोट र चर्चा हामी यस स्तम्भमा चलाउँदै जानेछौं ।

यस कापीमा भोट (तिब्बत)का कुराले बढी ठाउं पाएका छन् भन्ने कुराको सबभन्दा ठूलो प्रमाण के भने पहिलो पेजमा नै "भोट्या बोलिवाट अंकको नाउं" भनी एकदेखि सयसम्मको र त्यसपछि एकाई, दहाई गरी करोडसम्मका शब्द दिइएका छन्- "चीक, च्यू, ध्या, टों" आदि । तिब्बती (भोट) बोलीबाट अकज्ञान गराइसकेपछि भोटतिरको बाटाको 'तेरिज' दिइएको छ । "काठमाडौंदेखी केरुको बाटो गरि, टिगरि किल्ला जान्या वास्" र "काठमाडौंदेखी कुत्तिको बाटो ल्हासा जान्या वास्" का तेरिज कसिएका भेटिन्छ । ("ल्हासा जान्या वास्" भन्दा केही वर्षअघि शुरु भएको काठमाडौं-ल्हासा बस सेवा भन्ने भान चाहिं नपरोस् । यहां "वास्" भन्नाले बास बस्ने ठाउं/गाउं भन्ने बुझ्नुपर्ने हुन्छ ।। यात्रा र बासको विवरण मात्र नभई "गाइड" नै छ जहां पछिबाट त । जस्तो एउटा हेरुं,

काठमाडौंबाट नवौं बासको बयान। लेखेको छ- "८ तातापानी देखी पासा (खासा) भन्या गाउँमा बास् ४ कोस्मा पर्छ, तातापानीदेखी ॥ (आधा) कोस् डुंगाको सेढी छ. घोडा लैजान हुँदैन. तेस डुंगाको सेढीदेखी १ कोस् गै. फलाम साघु छ. त्यो साघुबारि हाम्रो. पारि भोट्याको साघ छुट्टियो. साघुको लमाइ हात ५० गज मुड्या हात होला. ताहादेखी २ कोस्मा आर्को फलाम साघु १ छ. त्यो साघु १२ हात को लमाइ होला. ताहादेखी ॥ (आधा) कोस् गै पासाभन्या गाउमा पुग्छ. यो गाउसम्म बाटो पहाडको कापैकाष छ. पासा गाउमा भोट्या घर २० जसो होला. येस जगामा भोट्याका सिपाही १० हुदा १ पर्दार रहेछन्. उन्हेहरूले मानिस जाचि राहदानी दी. कुति पठाउछन्. रसद छैन. ३६ पासाबाट आधा कोस् देखी कुतिसम्म बास् २ मा मार्गदेखी चैत्रसम्म ठुलो हिउ पर्दामा बाटो थुनिछ. बाटो बनाउन्या अगुवा १ भया दोचा (जुत्ता) लाइकन जान सघै हुंछ थुनिदैन."

यसरी प्रत्येक कोस- आधा कोसको वर्णन गर्दै गई ३८औं बासमा ल्हासा पुग्ने बताइएको छ। फौज हिँडाउन कहाँ अप्ठेरो छ, कहाँ रसद पाइन सक्छ, कहाँ पाइँदैन, कुन कुन ठाउँमा कति जना सिपाही या रैती भेटिन्छन् भन्ने यावत् कुरा यसमा लेखिएको छ। यो देख्ना लडाइंका लागि जङ्गबहादुरले निकै ठूलो तयारी गरेका रहेछन् भन्न गाह्रो हुन्न।

यसमा, टिंगरी मैदानलाई गोर्खाली फौजले निकै ठूलो महत्त्व दिएको देखिन्छ। पैलो त केरुङबाट जाने बाटोलाई टिंगरी किल्ला पुगेर टुंग्याइएको छ। यो कुतीको बाटोमा पनि सोह्रौं बास पारिएको टिंगरी पुग्ने बासको बयान यस्तो छ-

"१५ लंगुर पहाडमुनिबाट. टिंगरी सालामा कोस ६ मा बास पर्छ, कोस ॥ (आधा) उकालो छ. कोस ३ ॥ (साढे तीन) को बढ्दालो छ. कोस २ मैदान छ. टिंगरी सालामा घर. ३० जसो होला. बढ्दालो मुपैमा पोला १ छ अघिपछि तर्नु हुंछ. पानी परी पोली बढ्दा. २/४ घडी सम्म बन्द हुंछ. रसद पाइँदैन.... ६८ ॥ १६ टिंगरी

सालादेपी टिगरी किल्लामा.३ कोसमा वास पर्छ. बाटामा घोडाहरू बितौल पऱ्यो भन्या. भामिछ. टिगरी मैदानको पूर्व पश्चिम कोस ६ होला. उत्तर दक्षिण कोस् १४ होला. मैदानका बीचमा घोल्साघोल्सी छ. थुम्कामा किल्ला १ बनाइ तालोय (शायद कमाण्डिङ अफिसर-सं) १ र. चिनिजा सिपाही ५० भोट्या सिपाही ५०० पर्दार दोभास्या रहंछन्. किल्ला बाहिर घर २०० को अंदाज होला रसद अलि अलि किन्न पाइछ... ७२ ॥ (साढे बहत्तर कोस) ग्राहासम्म हिउपर्दा बाटो थुनिछ ।"

आफूले केही भन्नुभन्दा पनि उद्धृतांश नै बढी पर्नगयो यस लेखमा। तर यति उद्धृत नगरी कुराको मजमून बुझिदैनथ्यो। ल्हासासम्मै पुग्ने बाटोको अत्यन्त सूक्ष्मताका साथ अध्ययन गरी महाराजलाई यो जाहेर गरिएको थियो भन्नेसम्म बुझ्न सकिन्छ होला यसबाट। आजलाई यति नै।

५. 'गोलि चलाइ मारिदिनू'

बासबासको नाम सहित काठमाडौंदेखि ल्हासासम्म पुग्ने बाटोको विस्तृत विवरण दिन यस कापीमा १०/१२ पृष्ठ खर्चिएको छ। विस्तारभयले हामीले त्यतापट्टि धेरै चासो राखेनौं। तर हरेक बासमा पुगिसकेपछि के गर्ये यी सिपाहीहरू ? त्यो बुझ्नु चाखलाग्दो हुनेछ। हरेक कुराका लागि नियम बनाइदिएका छन् जङ्गबहादुरले। यस्ता नियमहरूलाई त्यहां 'बन्देज' नाम दिइएको छ। त्यो 'बन्देज' लाई ऐनेको परिभाषाअनुसार ऐन/नियम भनेर बुझ्न सकिन्छ। बास बस्ने सम्बन्धी नियमहरू "बास बस्दाको बन्देज" शीर्षकअन्तर्गत पारिएका छन्। पहिलो बन्देज यस्तो छ-

"बास बस्दा चारैतिर पैरो न जान्या ढुगो न लडन्या जगा हेरि चारै दिसामा येक दुईतिर विकट पारी पानी ठूलो हेरि पैल्लो पल्टन् यस ठाउंमा दोस्रो पल्टन् येस ठाउंमा बस्नु भनी तजवीज गरी येस रीतले डेरा गर्नु डेराबाट फुट्फाट् गरी लस्करलाई छिहिल्लिन (छिल्लिन) डुल्न नदिनु राति डेरामा भजन गीत गाउन कसैलाई नदिनु- १"

हांसो-ठट्टा र गाना-भजन गर्न नदिनू भन्ने यो उर्दी देख्दा एउटा नयां कुराको बोध हुन्छ। फौजमा, सिपाहीका व्यारेकमा साधारणत: मनोरञ्जन गर्न पाइन्छ, अरु भनूं, त्यो त आवश्यक नै हुन्छ सिपाहीहरूको मनोबल बढाउन। तर लडाईमा गइसकेपछि त्यो सबै गर्न मिल्दैन। नाचगानमा लागेको फौजमाथि अचानक आक्रमण

भएमा ठूलो क्षति हुनसक्छ। नेपालीले गाना-भजन गर्दा अरू बाजा नबजे पनि मादल त अवश्यै बज्छ। मादलको टुडटुड पहाडी सुनसानमा धेरै परसम्म सुनिन्छ। त्यसबाट शत्रुपक्षलाई फौजको अवस्थितिको बोध हुन्छ। त्यसै कारण पहिले दफामा यत्रो कडाइका साथ गाना-भजनमा प्रतिबन्ध लगाइएको हो भन्ने बुझ्न गाह्रो हुन्न।

तर त्यति गर्दा पनि, अर्थात् मादलहरू नबजाउँदा पनि शत्रुले त हमला गर्न सक्छ नै। त्यसनिम्ति पनि पहिल्यैबाट सतर्क हुनलाई यस्तो भनेको छ- "डेरामा जुन दिसाबाट वैरि आई राति डाका दिन आवला भन्या संदेह लाग्छ, उस दिसातिर लडन्या फौज पारि उसका बीचमा तोप राखी डेरा गर्नु-२"

अर्थात् फौजको सिपाहीभन्दा लडाईमा अस्त्रशस्त्र बढी महत्त्वपूर्ण हुन्छन् भन्ने सतर्कता हो यो, सिपाही अफिसरहरूले राम्ररी बुझ्नुपर्ने कुरा। योभन्दा बढी महत्त्वको कुरा अर्को दफामा छ। घरमा या ब्यारेकमा गर्नेभन्दा फरक हुन्छ लडाईको मैदान भनेर बुझाउन महाराज उदी दिन्छन्- "दुस्मनका मुलुकमा पुग्यापछि, राति भात खाई सक्यापछि, आफूले लगायाको पोसाक लुगा दोचा जुत्ता सबै लगाई कम्बरमा हतियार झिरि बन्दुक तरोवार दाहिना बाउँ राखी चौकोस् चनाखो भै सुत्नु-४"

यति सतर्क हुंदाहुँदै पनि शत्रुले आक्रमण गरिहाल्यो भने चाहिँ के गर्ने? त्यसको पनि स्पष्ट उदी छ यस ऐनमा। कुनै प्रकारको द्विविधा नहुने गरी लेखिएको छ- "जब दुस्मन आयो भनि, पैल्हावाला विकट्लाई थाहा हुछ, उसले बन्दुक पट्काउनु, उ सोर सुनि दोस्रा तेस्रोवाला विकटले पनि बन्दुक पट्काउनु, विकटवालाले बन्दुक पट्कायाको जब रमनको अफिसरले सुन्दछ कमाडियेरलाई समाचार दि डेरामा बिगुल पनि लगाउनु तमोरको रोल पनि लाउनु-६"

'बिगुल' त बुझिन्छ तर उहिलेको यो 'तमोर' भनेको के हो बुझ्न गाह्रो छ। बृहद् नेपाली शब्दकोशमा छैन यो शब्द। यहाँ

'तमोरको रोल' भनेको भए पनि यस पछिको दफामा 'जब विगुल तमोर बज्याको सुनिछ' भनेको ले यो तमोर भनेको पनि कुनै प्रकारको आवाज नै होला भन्ने बुझनुपर्छ।

हामीले हेर्न खोजेका कुरा सांच्चै लडाई परेको, धम्साधम्सी परेको वेलाको पनि कति सूक्ष्मतासाथ पहिले नै परिकल्पना गरी नियम बाँधिदिएका रहेछन् जङ्गबहादुरले भन्ने हो। यी नियमबन्देज बनाउने काम खाली जङ्गबहादुरको बुद्धिले मात्रै भएन होला, अरू पनि जान्नेबुझने खलीखाएका सैनिक अफिसर अवश्यै थिए होलान् तर ती को थिए भनेर पत्ता लगाउने उपाय ऐले छैन। त्यसमाथि यस ऐनको शुरु वाक्यमै 'श्रीपाइमभिनिष्टरले आफ्ना बुद्धिले तजवीज गरी' यो ऐन बनाए भनेर लेखिएकोले यो सबै उनैको तजवीज नमानी सुख छैन।

अब यो प्रकरण टुग्याउनुभन्दा अघि यस ऐनमा फौजको सुरक्षामा कति जोड दिइएको छ भन्नेतर्फ एकपटक फेरि दृष्टि दिऊँ। आफ्नातर्फको सानो पनि गल्ती या असावधानीले लडाइमा पूरै हार हुनसक्छ भन्नलाई यसका १४ औं र १५ औं दफा महत्त्वपूर्ण लाग्छन्। त्यो पढिहेरौं। त्यहाँ लेखिएको छ: "राति सुत्दाषेरी रमन् विकट पहरा ता जागै रहछन्, रमन् विकट छ भनि आफ्ना डेरामा सबैले सुतिनरहनु, डेरा पाल पिछे पालोपालो गरी १ जनाले जागा रहनु-१४... रमन विकट पहराले आफ्नो पाला भर सुत्यो भन्या तेसलाई गोलि चलाइ मारिदिनु-१५।"

यो 'गोली चलाई मारिदिनू' भन्ने वाक्य यस ऐनको सबभन्दा मार्मिक वाक्य हो कि जस्तो लाग्छ मलाई। एउटा पहरा गर्ने सिपाहीले सानो असावधानी गर्दा शत्रु पक्ष आई पूरै फौज सखाप पार्न सक्छ भनी त्यस्तो असावधान सिपाहीलाई तत्काल मारिदिनुपर्छ भन्छन् जङ्गबहादुर। हुनत यसको सत्यता जाँच्न टाढा पनि जानुपर्दैन। हालैका वर्षहरूमा नेपालमा दाङ, मङ्गलसेन आदि स्थानमा विद्रोहीद्वारा भएका आक्रमणहरू हेरे पुग्छ होला। त्यही एउटा वाक्य पूरा सेनालाई अनुशासनमा राख्न पर्याप्त थियो कि क्या!

६. चिठी लेख्नुको महत्त्व

जङ्गबहादुर आफू शिक्षित थिएनन्, तर साक्षर थिए। उनी नेपाली लेख्न जान्दथे। उनका अक्षर भने राम्रा थिएनन् र भँगेराटाउके अक्षर लेख्थे भन्ने कुरा *जङ्गगीता* (२०४०) ले छर्लङ्ग पारिसकेको छ। यो प्रसङ्ग ऐले किन कोट्याउनु पऱ्योभने जङ्गबहादुरले अक्षरको महत्त्व कति बुझेका थिए भन्ने कुरा हाम्रा इतिहासकारहरूले कैले भनेका छैनन्। दुनियाँलाई शिक्षा दिनुपर्छ, दुनियाँ शिक्षित हुनुपर्छ भनेको अथवा 'प्रजा शिक्षित भया दरबार बलियो हुन्या छ' भन्ने खालका उपदेश पनि जङ्गबहादुरले कैले दिएको थाहा छैन। तर आफ्ना सिपाही, अफिसरहरू साक्षर हुनुपर्छ, उनीहरूले लेखपढ गर्न जान्नैपर्छ भन्ने चाहिं उनको दृढ धारणा रहेछ। यस बारेमा स्पष्ट बोलेका छन् उनले ऐन नै बनाएर। उनको जङ्गी ऐनको एउटा दफा यस्तो छ: "गैह अफीसर कर्पोल (कर्पोरल) तक्का जेवमा कलम मसि कागज् रहोस्. जहां जुन पत्थर परिआयो जसले देख्यो सुन्यो बुझि मुनासिब कुरो पडापडै लेपी आफ्ना कमाण्डियेरलाई पठाउनु– १५"

टेलिफोन वायरलेस नभएका बेला, लडाइंमा, लिखित सन्देश 'रिटन वर्ड्स'को कत्तिको महत्त्व हुन्थ्यो होला! सूचनाप्रवाह गर्ने साधन 'लेखिएका अक्षर'बाहेक अरू केही नहुने बखत लेख्न र पढ्न जान्नु जरुरी भएको कुरो 'कम्याण्डरइनचिफ' जङ्गबहादुरले राम्रै बुझेका थिए। माथिको दफाले त्यही भन्छ। सिपाही त होइन, हुद्दा, हवल्दारसम्मको सैनिकले कलम-कागज-मसी आफ्नो गोजीमा सधैं

राखिरहनुपर्छ भन्छन् जङ्गबहादुर। फाउण्टेन पेन, पेन्सिल या डटपेनको आविष्कार नभएको बेला, अक्षर लेख्न मसी र कलम चाहिने नै भयो। भुर्जपत्र (भोजपत्र) को पनि जमाना गइसकेको थियो होला चिठी लेख्न। त्यसैले जाहेरी पठाउन कागज पनि चाहिने भैहाल्यो। त्यसैले जङ्गबहादुरको ऐनले भन्छ, "जेवमा कलम मसी कागज रहोस्।"

यो कलममसी कागज शोभाका लागि होइन। तत्काल प्रयोगका लागि हो, 'खड़ाखड़ी' नै केही लेखिपठाउनका लागि हो। 'जहां जे देखिन्छ, जे सुनिन्छ, जे परिआउछ तुरुन्त लेखिपठाउनू' आफ्ना कमाण्डरलाई भनेका छन् जङ्गबहादुरले।

ऐनको यस दफाको महत्त्वपूर्ण अंश हो "मुनासिव कुरो पडाषडै लेखी" पठाउने कुरो। हुद्दासम्मका सिपाही-अफिसरले साक्षर मात्र भएर पुग्ने रहेनछ। लेखी आएको निकासा, उर्दीपुर्जी पढ्न मात्र सकेर पुग्दोरहेनछ, जङ्गबहादुरका सैनिक जवानहरूलाई। उनीहरू तत्काल भएका कुराहरू तर्जुमा गरी उभिई उभिई लेखिपठाउन सक्ने हुनुपर्दो रहेछ। यो योग्यता-आवश्यकता थानचुने होइन त्यसबेलाका सैनिक पदाधिकारीहरूका लागि। लडाईंमा अफिसरले आफ्नो मुखिया-कारिन्दालाई बोलाएर लेख्न लगाउने समय पाउन्न, उसले तुरुन्तै, आफैंले लेखिपठाइहाल्नु पर्छ। नत्र बित्यास पर्न सक्छ।

ऐनको यो दफा निकै कडा भयो भन्ने लागेर होला यसपछिको (१६ औं) दफामा यस उर्दीलाई अर्थ्याएर अलि नरम पारिएको छ, "खबर नसुन्दा साढै अन्देसा पनि पर्छ बहुवाक्य (फरक कुरा) पनि हुंछ।" त्यति मात्र होइन, कमाण्डरले आफ्नो मातहतका मोर्चाहरूको खबर तुरुन्त थाहा पाउनु किन जरुरी हुन्छ भनेर समेत खुलस्त पारिएको छ। यसरी: "दुस्मनले यक् युद्धमा हार्षाया (हार खाएमा) अर्को मुहुडामा धा (मुलाहा) मार्छ, तसर्थ, उस मुहुडाबाट जो जवाफ मिल्यो अंतबाट पनि उही जवाफ बुझि गर्नुपर्छ।"

खडाखडै लेखी जाहेरी गरी पठाउनुपर्ने कारणबारे खुलस्त पार्न होला यो सोह्रौं दफा अझै व्याख्याकारी पारिएको छ, यसो भन्दै-

"पल्टनको मुलुकको फौजको हटना बढनाको आफूदेषी पूर्व-पश्चिमका रहेको फौजको लडाञ्जिको दुस्मनको पजानाको रसदको घाइत्याको जो चाहिन्या गैहको पवर चाडो पाया होसियार रहिन्छ, (त्यसैले) चिठी लेषनाको र पवर बुझनाको बहुत ताकि (ता) गर्नु."

कदीले पहिले नै जनाउ दिएको हो, यो 'इतिहासमा' भन्ने स्तम्भ सांच्चै इतिहास खोतल्ने काम गर्न सक्ने छैन, खूब भए संवत् १८०२ देखि १८३२ सालसम्मका कुरा गर्नेछ भनेर। त्यो समयावधि भनेको जङ्गबहादुरको शासनकाल हो। कदी जङ्गबहादुरको 'बायोग्राफर' या जीवनी-लेखक त होइन, तर उनका समयमा निकै लामाछोटा कागजपत्र उसका हात परे, चन्द्रशमशरले जोगाएर राखिदिएका। हात परेका त्यस्ता वस्तु कदीले आफू पुस्तकाध्यक्ष (लाइब्रेरियन) भएको मदन पुरस्कार पुस्तकालयमा त्याएर राखेको छ। लोभीको धन जस्तो गरी कदी घरीघरी ती पुराना धुलिन लागेका चिजहरूभित्र चियाउने गर्छ। त्यसरी हेर्दा कैले जङ्गबहादुरले लण्डन र प्यारिसबाट भाइ बमबहादुरलाई लेखेको चिठी फेला पार्छ, कैले फेरि राणा, सत्रभाइले गरेका धर्मपत्रहरू भेट्छ। अनि त्यसैबारेमा लेख्छ। त्यसरी लेख्ता समयसाल जम्मा भएका लेखोटहरू सङ्लन गरेर कदीले (त्यहाँ कमल दीक्षितले) एउटा पुस्तकको आकार दिनपुगेको थियो २०४० सालमा, माथि उल्लेख गरिएको *'जङ्गगीता'*।

हिमाल को यस स्तम्भमा विज्ञापन गर्न पाइन्न। त्यसैले यी लेखिएको कुरालाई *'जङ्गगीता'* का लागि 'छोटो ब्रेक' को 'कमर्सियल' भन्न पनि मिलोइन! यसै पनि यो *'जङ्गगीता'* भन्ने पुस्तकको विज्ञापन होइन नै किनभने त्यो किताब ऐले बजारमा किन्न पाईदैन, 'आउट अफ स्टक' भएको छ। अर्को अर्थमा भने यल्लाई एउटा विज्ञप्ति भनिदिए हुन्छ। यो पाठकहरूलाई एकातिर लहसाउने, डोऱ्याउने चाल चाहिं हो। त्यो चाल के भने, जङ्गबहादुरलाई अब नेपालीहरूले राजनीतिबाट पर लगेर ऐतिहासिक परिप्रेक्ष्यमा बुझ्न थाल्नुपर्छ अर्थात्, जङ्गबहादुरको समयलाई अब नेपाली इतिहासको एउटा कालचक्र मानेर पढ्नुपर्छ भन्छ कदी। त्यो गराउन यो स्तम्भ सफल भयो भने कदीको अभीष्ट पूरा हुनेछ।

७. भोट युद्धको तयारी

यो खण्ड यसअघि नेपाली इतिहासको जङ्गबहादुरकालीन नेपालभित्रै सीमित रहने छ भनिए पनि आजको लेख भने त्यसभन्दा छेकै पल्तिर पुग्दैछ- १८४५-४६ को भोटयुद्धसम्म। तर त्यसो गर्न पनि हाम्रा लागि जङ्गबहादुर नै सहायक हुँदैछन्। अर्थात्, भोटयुद्धलाई ध्यानमा राखी उनीद्वारा नै तयार पारिएको भनिएको 'बेलाइती कापी'कै आड लिँदैछौं हामी।

वि.सं. १८११ सालमा आफूले भोट हान्न लाग्दा त्यसअघिका भोट युद्धमा के कस्तो भएथ्यो भन्ने जान्नु जरुरी भएछ उनलाई। र, त्यसको सक्षिप्त तेरिज कसेर त्यो रिपोर्ट कापीमा सार्न लगाएका रहेछन् जङ्गबहादुरले। विस्तृत वर्णन छैन त्यहाँ। टिपोट मात्रै छन्। र, ती टिपोट इतिहासका अरू निकायहरूमा पाइएभन्दा केही फरक जस्तो पनि लाग्छन्। त्यो कुनै इतिहासकारले लेखेको इतिहास नभएर रणबहादुर शाहकालीन नेपालको सरकारिया पक्षको भनाइ मात्र हो भन्ने बुझिदिनुपर्नेछ पढ्नेहरूले। जस्तो, त्यहाँ शुरुमै लेखिएको छ-

"अघि भोट हान्दाको वेहोरा-

(वि.सं.) १८४५ साल आषाढ मैन्हामा भोट हान्न फौज हिड्यो. कुति फलाक् टिगरि मैदान अमल गरि सेपार कुंमा. भाद्र मैन्हातक् लस्कर रह्यो। हिउंले ठहर्न नसक्दा. फौज फिऱ्यो. कुति फलाक्

हाम्रो अमल रह्यैको छ अर्को मुखले केरु झुगा अमल गरि ब्रह्मपुत्र तरि साथा गुंवातक पुग्या थ्यो. सेपारका मुखले छिचोल्न नसक्दा फिर्न भनि हुकुम जादा फौज फिऱ्यो केरु झुगा हाम्रो अमल छदैछ-"

यस प्रकारको सूचना इतिहासका पानामा साधारणतः पाइदैनन्। अनुसन्धान गर्नेहरूका शोधपत्रमा पर्ने कुरा हुन् यी। भए पनि, गोर्खाली फौजले भोट (तिब्बत) का शेखारजुङ फत्ते गर्न नसकी फर्किएको थियो भन्ने कुरा ऐले हाम्रो लागि अलि नौलो नै हो। भोटसंगको युद्ध १८४६ देखि १८४८ सम्म चलेको र चीनको मध्यस्थतामा सुलह भएको थियो भन्ने कुरा पनि यस कापीमा बेलिविस्तार लगाएर लेखिएको फेला पर्छ। पन्ध पृष्ठ लामो त्यो व्यहोरा वास्तवमा रणबहादुर शाहका तर्फबाट (बहादुर शाहको नायबीमा) कलकत्ताको 'कौसलिया साहववान्'लाई पठाइएको चिठीको नक्कल हो। त्यस विषयमा हामी अर्को पटक चर्चा गरौंला। ऐले चाहिं त्यसवारेमा यत्ति मात्र भनिराखूं- त्यो चिठी नेपालका राजाका तर्फबाट "कप्तान किरिक् पातरिक् साहेब बहादुर" (कर्कप्याट्रिक) मार्फत् पठाइएको थियो कलकत्तातिर।

त्यो चिठी साह्रै विस्तारित रूपमा लेखिएको छ 'डिप्लोम्याटिक' अथवा कूटनीतिक भाषामा छैन, बकिलले जिरह पेश गरे जस्तो लाग्छ। त्यसको पनि हामी पछि नै चर्चा गर्नेला। तर यहां माथि भनिएको 'भोट हान्दाको बेहोरा'मा भने त्यसको अत्यन्त सूक्ष्म संक्षेप मात्र छ। उस चिठीको ३/४ पृष्ठलाई यो तेरिजमा एक वाक्यमा टुङ्गयाइएको छ। यसरी-

"पछि ल्हासाले नालवदि नतिर्दा. १८४८ साल आश्विनमा. दामोदर पाडे वम्मशाहहरू गै. डिगर्चामा लुट गरि. माघमा आइपुग्या"- ।

त्यसभन्दा अघि लेखेको सालवसारी तिर्ने 'तालवन्दी' को कुरा अलि खुलस्त (विस्तृत) छ। यस्तो-

"१८४६ साल ज्येष्ठ मैन्हामा. चीन बादसाहका हुकुमले च्यान्चुन

भन्याका बडा सर्दार. भोटका हाम्रा दोसिवानामा आइ बस्यो र. भोटका र नेपालका कुरा बुझी. भोटका अर्घ्यालि ठहराई. गोर्षा महाराजलाई. ल्हासाले सालवसाल ५० हजार. नालवंदी तिर्नु भनि अकरार धर्म पत्र गराई गयो र भोट नेपालको प्रीति भयो. केहं कुरा कुति फलाक् ल्हासामा सौपियो–"

यसरी केही समय नेपाली (गोर्खा) राज्यमा गाभिएको तिब्बतको भूमि पुनः फर्किएर उतै गएको यस कापीमा पढ्न पाइन्छ। त्यसपछि भने नेपालले कुनै तिब्बती भूमि कब्जा गरेन। तर त्यसतर्फ कदम नै नचालिएको भने होइन। १८८० सालतिर चन्द्र शमशेरले त्यस्तो जमको गरेका थिए, तर त्यो कार्यान्वयनमा जान पाएन। त्यसका लागि पाठकहरूले *"चढाइ गर्ने आँखाले"* (मपुपु २०३७ चैत) हेर्नुपर्ने हुन्छ। या त फेरि २०६२ वैशाख २४ गतेको *गोर्खापत्र* विशेषाङ्क[1] पल्टाउनुपर्ने हुन्छ।

---

[1] "(१८८२ गोरखापत्रको वार्षिक मूल्य) हिन्दूस्थानलाई (कं.रु.३) नेपाललाई मोरु २/- फुटकरको -।८ पैसा" १८८३ को पहिलो अङ्कमा त्यसमा परिवर्तन गरियो। यसरी "वार्षिक मूल्य गोरखा साम्राज्यभरलाई मोरु २, हिन्दुस्थान आदिलाई कं.रु.३/-" यो 'गोरखा साम्राज्य' भन्ने शुरु कसको हो ? सम्पादकले मात्र यति ठूलो राजनीतिक या कूटनीतिक सेखी गर्ने आँट देखाउन सक्दैनथे कि भन्ने लाग्छ। सिंहदरबारको अथवा श्री ३ महाराजको इशारा नपाई यस्तो जोखिम उठाउनु सम्भव देखिँदैनथ्यो पनि। यहाँनिर स्वर्गीय बालकृष्ण समले (यस लेखकलाई) एकपटक भनेको कुरा सम्झनु सान्दर्भिक लाग्छ। समजीले पारिवारिक रणासूत्रबाटै सुनेको भनी भन्नुभएको थियो- "चन्द्रशमशेर महाराजलाई हाम्रो महाराजाधिराजलाई 'सम्राट' भनाउने महत्त्वाकाङ्क्षा थियो रे- हिजम्याजेस्टी त्रिभुवन वीरविक्रम शाह किङ अफ नेपाल याण्ड एम्परर अफ टिबेट" भनाउने। हो कि होइन समजी नै जानून् तर चन्द्रशमशेरले तिब्बत (भोट) माथि चढाइ गर्ने तयारी गरेको (हेर्नु पुस्तक 'चढाइ गर्ने आँखाले' म.पु. पुस्तकालय ललितपुर, २०३७ चैत) सम्झंदा समजीको भनाइमा केही सत्यता रहेकै अनुमान हुन्छ। त्यसबाधि गोरखापत्रले देखाएको यो साहस पनि त्यसै दिशातिर सङ्केत गर्दछ। तर गोरखापत्रको यो साहस धेरै दिन टिकेन। १८८३ सालको अङ्क ३१, मङ्सिर १४ मा त्यो 'गोरखा साम्राज्य' खुम्चिएर गोरखाराज्यमा आइसकेको देखिन्छ।"- 'गोरखापत्र १०५ वर्ष प्रवेश स्मारिका' २०६४ वैशाख २४ गते, पृ. ६।)"

हामी त्यतापट्टि जान्नौं। ऐले हामीलाई चाख लाग्ने विषय हो- गोर्खालीहरू १८४६ मा साखेजुडवाट फर्केपछि भोटयुद्धले कुन मोड लियो भन्नेबारे सरकारी भनाइ के थियो त? त्यस विषयमा त्यही 'भोट हान्दाको वहोरा' मा यस्तो लेखेको छ–

"१८४८ साल आपाड मैन्हा. चीन बादसाहका वजीर टुङ्घाइ लस्करली आइ. धैवुङमा वसि असौजमा घाय मिलाई. देवदत्त थापा प्रतिमान रानालाई ली. बादसाहका दर्शन गर्न वेत्रावत्तीदेखी. चीन तर्फ फिऱ्यो. घाय नमिल्दा अघि ५/७ लडाइँ पनि भया–

१८५० सालमा चीन बादसाहका दर्शन गरी देवदत्त थापा प्रभृति फिऱ्या–"

माथि नै भनियो यो तेरिज या व्यहोरा छोटो छ, सारै संक्षिप्त छ। यसै कुरालाई कलकत्तामा पठाएको चिठीमा अत्यन्त विस्तृत वर्णन गरिएको छ। त्यो पनि कुनै वेला हेरौंला। ऐलेलाई चाहिं त्यसलाई छाडी अर्को चाखलाग्ने कुरातिर आंखा लगाऊं। देवदत्त थापाहरू पेचिनसम्म चीनका बादसाहको दर्शन गर्न गए र एक वर्षपछि १८५० मा त्यहां 'दर्शन' गरी उनीहरू फर्के भनिएको छ। कसरी गए त उनीहरू पेचिनसम्म, कुन बाटो गए? अत्यन्त चाखलाग्ने विषय हो। त्यो हामीले पत्ता पाएका छौं। यही 'कापी' मा छ 'तातापानीदेपी पेचिन शहरतक.' का १७१ वास र बाटाको वयान।

तर यो वयान, देवदत्त थापाहरूले दिएको चाहिं होइन, त्यसको ६० वर्षपछि (त्यही बाटो गरी?) १८०८ सालमा सर्दार शम्शेर जङ्ग थापा चीन जांदा तयार पारी त्याएका हुन्। १८४८ र १८०८ का बीचमा त्यस बाटामा के कति फरक भयो त्यो थाहा छैन। कूटनीतिक नियोगका व्यक्तिहरूले यात्रा गर्ने बाटा-घाटामा फरक नपर्नु धेरै सम्भव छ। यी १७१ वास र बाटाका केही रोचक प्रसङ्ग हामी कुनै वेला फिकौंला।

८. जङ्गबहादुरको कापीमा चीनको चर्चा

एकपटक फेरि यो स्तम्भ आफ्नो निर्धारित सीमाभन्दा अलिपर जादैछ, यद्यपि यो सीमाअतिक्रमण हाम्रो पूर्व नामाङ्कित स्रोतभित्रैबाट हुन लागेको हो। भन्न खोजेको के भने आजको लेख इतिहासविषयक हो तापनि नेपालको इतिहास होइन, चीनको इतिहाससंग सम्बन्धित छ। अन्त्यमा गएर मात्र हामी नेपाल छुनेछौं। चीनकै कुरा भए पनि यो उही हाम्रो 'बेलाइती कापी' मा नै आधारित छ।

जङ्गबहादुर महाराजले भोट 'हान्ने' मन बनाएपछि उनले त्यसअघि भएको नेपालको भोटसंगको युद्ध र सुलहको इतिहास जान्नु आवश्यक देखे। भोट अथवा तिब्बतसंगको नेपालको सम्बन्धमा चीनको भूमिका महत्त्वपूर्ण हुंदोरहेछ भन्ने ज्ञान भएर हुनुपर्छ उनले चीनबारे पनि केही कुरा खोजे। उनले यो काम आफ्नै जैसीकोठा (आजको परराष्ट्र मन्त्रालय जस्तो निकाय) लाई जिम्मा दिए अथवा अन्तै कतैबाट खोज गर्न लगाए- त्यो थाहा छैन। तर उनको टिपोटकापीमा कैयौं साठी पृष्ठ त्यतैका कुरासे भरिएका छन्। यी साठी पृष्ठमध्ये बाटाघाटाका कुरासे धेरै भाग ओगटेका छन्। तर त्यसभन्दा ठूला कुरा पनि छन् त्यहां। "चीनको अहेवाल" छ, त्यहां। इतिहासका कुरा, बादशाहहरूको विवरण, चीनका प्रान्तका कुरा छन्। आर्थिक अवस्था र भौगोलिक तथ्याङ्क पनि छन्। यी सबै भएबाट जङ्गबहादुरले आफूलाई आवश्यक पर्ने चीनविषयक सबै व्यहोरा राम्रै बुझेको देखिन्छ।

'अहेवाल' भनिएको छ, यहां। यो अरबी शब्द 'अह्वाल' को अपभ्रंश हो। हाल प्रज्ञा-प्रतिष्ठानको कोषले नभित्र्याए पनि पहिलेपहिले नेपालमा राम्रैसंग चलेको थियो यो शब्द र यसको अर्थ थियो- हालचाल या हालखबर। यस कापीमा यो 'अहेवाल'भित्र चीनको संक्षिप्त इतिहास र भूगोल पनि समेटिएको छ। भूगोलभित्र त्यहाँका १५ प्रान्त या 'सुवाउ' को क्षेत्रफल, जनसङ्ख्या, जनघनत्व, 'जीएनपी', प्रतिव्यक्ति कर र सेना (फौज)को सङ्ख्या समेत दिइएको छ। त्यतिमात्र होइन राजधानी पेचिङबाट प्रान्तहरू कति माइल टाढा छन् भन्ने पनि खुलाइएको छ।

यतिसम्मको तथ्याङ्क दिएको त बुझ्न सकिन्छ, तर यो कापी त्यतिमै चुप लाग्दैन। यहां चीनका पन्ध्रै प्रान्तका सदरमुकामको अक्षांश (ल्याटिच्युड) सम्म पनि दिइएको छ। तर देशान्तर (लङ्गिच्युड) भने यहां दिइएको छैन। यहां अक्षांशको कुरा किन उठाउनु पऱ्यो भने जङ्गबहादुरको यो टिपोटकापीमा अक्षांशलाई बढी नै महत्त्व दिइएको छ। अवश्य त्यहां 'अक्षांश' शब्द परेको छैन, "लाटिटिउड्" भन्ने लेखिएको छ। र, यो 'लाटिटिउड्' के हो भनेर अर्थ्याइएको छ। चाख लाग्दो छ, त्यो अंश- पढ्दिहरूं-

"लाटिटिउड् भन्याको सूर्य मण्डलको उत्तरायन दक्षिणायन हो. जसको गिति कहांदेखि गर्नु भन्या उत्तरायन दक्षिणायनका विचाविचदेखि गिति गर्नु, जस विचाविचलाई अंग्रेजिमा, एक्वइटर भछन् सूर्य कि गति ताहाबाट बीचमा पर्दछ, ताहादेखि उत्तरपट्टिलाई नार्थ लाटिटिउड् भछ, दक्षिणपट्टिलाई सौथ लाटिटिउड् भछन्, ताहादेखि दुवैपट्टि अंसा ९०/९० पर्दछन्, अंसापिछे ६०/६० भाग हुछ-"

यस हिसाबले पेचिली (पेचिङ) ३९½ मा, क्याण्टन २३ मा, यूनान २५ मा, सेचुवान ३०½ र अक्षांशी ३७½ डिग्रीमा पर्छन् भनिएको छ। नक्सा पल्टाइ हेर्दा यो सबै शुद्ध पनि देखिन्छ। त्यो तेरिजको एउटा खण्डमा प्रान्तीय सदरमुकामहरू र राजधानीको दूरी कति भन्ने पनि दिइएको छ। त्यसको नमूना हेरं: पेचिङ (आजको बेइजिङ) बाट क्याण्टन हङकङ नजिक पर्ने प्रख्यात पुरानो शहर

२७२० माइल, शांसी ४३१ माइल र यूनान २८४६ माइल। त्यस्तै प्रत्येक 'सुवाइ' या प्रान्तको जनसङ्ख्या र क्षेत्रफल पनि दिइएको छ। जस्तो- पेचिड ५८७०० (वर्ग माइल हुनुपर्छ) र ३४,०४,०३८ व्यक्ति, सेन्चुवान १,७५६०० (वर्ग माइल) र ७७,८८,७८२ जना इत्यादि। यहां एउटा अरु चाख लाग्ने कुरा छ- "पगरि पिछे कति महसुल सरकारी लाग्छ" भनेर पौंड सिलिङ पेन्समा हिसाब दिइएको छ। पेचिडमा त्यो ५ सिलिङ ३ पेन्स छ भने सेन्चुवानमा ८ पेन्स मात्र छ। "हरेक सुवाइको मुलुकी आम्दानी पौंडमा" अर्थात् जीएनपी दिइएको छ: पेचिडको ८,२३,८३१ पाउण्ड र शांसीको १,४६,८२८ पाउण्ड। त्यसबाहेक प्रत्येक प्रान्तको जनघनत्व पनि पहुन पाइन्छ, त्यहां। पेचिड प्रान्तमा प्रत्येक वर्ग माइलमा ५८ जना, क्याण्टनमा १५ जना अनि सबभन्दा बढी प्रति वर्ग माइलमा ५१० जना बस्ता रहेछन् चेकिएड प्रान्तमा। यहां दिइएका यी प्रान्त या सुवाइका नाम अचेल केके छन् हामीलाई थाहा छैन, तर जङ्गबहादुरका समयमा, नेपाली उच्चारणमा ती नाम त्यस्तै रहेछन् भन्ने मान्नुपर्छ। चीन (महाचीन) को जम्मा क्षेत्रफल र जनसङ्ख्या यस 'अहेवाल'मा अङ्क र अक्षर दुवैमा दिइएको छ। अक्षर मात्र पढौं- "महाचीनको भित्रि नाप अंग्रेजीमाइल ज्मा तेह्र लाप बहत्तर हजार चारसै पचास माइल" अनि "ज्मा मानिस- चौध क्रोड चौध लाप सत्तरी हजार पाच्" र "माइल् पिछे ज्मा मानिस् १०३"।

अब अलिकति रमाइला कुरा गरेर यो प्रकरण टुङ्ग्याऊं। चीनको राजावंश हाम्रा श्रृङ्ग ऋषिका सन्तान हुन् भन्ने धारणा राख्दा रहेछन् त्यसताका नेपालीहरू। यो कुरा चीनमा राज्य गर्ने शासकहरूको पचास पुस्ताको सूची दिंदा यसरी शिरबेहोरामै लेखिएको छ- "श्रृङ्ग ऋषिका सन्तानदेषी लगायेत्का चीन बादसाहका पुस्ता आयुर्दा गादिको तपसील"। शुरुका केही राजाका हुलिया पौराणिक पाराका, पत्याउन नसक्ने जस्ता दिइएका छन् तापनि पछिकाहरूको तथ्याङ्क ऐतिहासिक नै हो भन्ने देखिन्छ। जस्तो, पहिलो राजा, 'श्रृङ्ग ऋषिका सन्तान थाय काउपाउ सिश्रीको आयुर्दा ११०० वर्ष र राज्यकाल ३२३ वर्ष' लेखेको छ भने त्यसै वंशको बीसौं पुस्ताका तोइवेन्

यानतिको आयु ४६ र राज्यकाल १६ वर्ष देखाइएको छ, जुन चाहिं विश्वसनीय लाग्दछ। यपमा यिनैका बारेमा त्यहां यस्तो बैफियत लेखिएको छ- "इनै तोइवन् यानति बादसाहका पालामा सिकन्दर बादसाह चीनमा चढ्याको।" अर्का तीसौं पुस्ताका 'उषौ' भन्ने नारी बादशाहका बारेमा यस्तो बैफियत लेखिएको छ- "इयाङ्थायेचोइ बादसाहको छोरा नहुनाले इनै उषौ छोरिलाई बादसाही दि. इनैले बादसाही गरिन्- आयुदां ८१ गादि २१"। अनि ४३औं पुस्ता छुन्टेनका सम्बन्धमा यस्तो टिप्पणी लेखिएको छ- "इनै छुन्टेन बादसाहलाई मंजु बादशाहले दगा गर्दा छुन्टेन् बादसाह आफै पासो लगाइ मऱ्या- याहादेपी मंजु बादसाह"। मंजु अर्थात् मन्चु वंशका चौथा राजा छयानलुङ् भएछन् भन्छ यो बेलाइती कापी। यहींतिर हो माथि भनिएको, यस 'अहेवाल'ले नेपाली इतिहासलाई छोएको। त्यहां यस्तो लेखेको छ-" धैतुमा लडाञ्जी गर्न आयाको इनै छयानलुङ् बादसाहका पालामा हो, लडाञ्जी गर्न आउन्या काजि फुदु ध्याउ हो-"

रुकोंलागदो गरी चीनको यति लामो 'अहेवाल' भट्याएपछि यस स्तम्भले बल्ल आफनो धरातल भेट्टाएको छ। यसै ठाउंमा आएर हामी आजलाई विश्राम लिऊं।

८. विनम्र जङ्गबहादुर !

भोटमा युद्धमा जाने आफ्नो फौजलाई मार्गदर्शन गराउन जङ्गबहादुर आफैंले एउटा ऐन तर्जुमा गरेर दिएका थिए भनेर यस स्तम्भमा बारम्बार भनियो। त्यो ऐन वास्तवमा नै जङ्गबहादुर स्वयंले तजवीज गरी बनाएका हुन् भने आज हामी जङ्गबहादुरको एउटा नचिनिएको पक्षको चर्चा गर्छौं।

एकपटक सम्झूं त्यस जङ्गी ऐनको शिरबेहोरामा यस्तो लेखिएको थियो-

"... भोटसंग लडाञि गर्नाको उद्योग उठाई श्री प्राइम्मिनिष्टर यान् कम्याडर इन चीफ जनरल जङ्गबहादुर कुंवर राणाजीले आफ्ना जमामर्दि राषि वाफ् ज्यादाको नाउ समझि निमकको सोझो चिताई आफ्ना मुलुकको इज्जत मजफ् तरोबार ठाडो राषना निमित्त फौजले बुझून् भनि आफ्ना बुद्धिले तजवीज गरी १८११ साल मिति ज्येष्ठ सुदि ७ रोज ७ मा बन्याको ऐन-"

यसरी यहां स्पष्टैसंग भनिएको छ, यो समग्र ऐन जङ्गबहादुरले आफ्नै बुद्धिले बनाएका हुन् भनेर। उनी आफैंले मैले बनाएं भनेपछि त्यसमा शङ्का गर्ने ठाउं रहँदैन तापनि त्यस ऐनका शुरुका ४४ दफासम्म हालिएका नीति र पुराणका कुराहरू 'कमाण्डरइनचिफ' जङ्गबहादुरले स्वयंले जान्ने कुरा होइनन्, अतः ती संस्कृतज्ञ पण्डितहरूबाट लेखाइएको हांला भन्ने अनुमान पनि गरिसकियो। त्यस्तै तोप-

बन्दुक, हातियारका कुरा पनि उनले सबै आफैं जानेर होइन, त्यस विषयका विशेषज्ञहरूसंग सोधपुछ गरेरै लेखियो होला भन्ने लख काट्न सकिन्छ। यसबारेमा यसभन्दा अघिका प्रकरणहरूमा चर्चा भएको छ।

आजको प्रसङ्ग अलि भिन्न छ- जङ्गबहादुरको स्वीकारोक्ति अथवा उनको 'विनयशीलता' को चर्चा। रुष्ट सुन्दा 'जङ्गबहादुर' र 'विनयशीलता' यी दुई शब्द एकआपसमा च्याङ्ठ्याङ नमिल्ने खालका हुन्। हामीले ऐलेसम्म पढेका जङ्गबहादुरका कथाहरूले उनलाई ठर्रो, कडा, अरूलाई केही नगन्ने दम्भी थिए भन्ने चित्रण गर्छ। हुन त 'जङ्गगीता' (२०४०) ले उजिल्याएको जङ्गबहादुरको छवि अलि मानवीय र बुद्धि-विवेकवान् छ, तापनि त्यो कुरा यहां सान्दर्भिक छैन। यो ऐनमा देखिएका जङ्गबहादुर भने एकदमै विनयशील देखिन्छन्, दम्भी होइन। जस्ले, उनी भन्छन्, 'मैले भनेको मात्र ठीक हो भन्ने छैन, मैले अन्दाजका भरमा यो ऐन बनाएं, लडाईंको वास्तविकता अर्के हुनसक्छ। त्यसै हुंदा यसमा लेखिएको कुरा गलत देखियो भने या समयोचित देखिएन भने यसमा तिमीहरू, अफिसरहरूले बसी फेरफार, थपघट गर्नु, संशोधन गर्नु' इत्यादि। यो अहिलेको भाषा भयो। जङ्गबहादुरको भाषामा यसरी लेखिएको छ-

"लडाञ्जि नर्दापि लडाजी नगरी मनको अडकलले तजवीज गरि बनायाको ऐन हो. अफीसरले यो कागजमा लेपियाको काम जो छ लडाञ्जि भयापछि फैदा भयाको र काम लाग्याको कुरो राषनु. वेफाइदाको लेपियाको जो छ गैह अफिसर बसी कौसल गरी मेटन्या कुरा मेटनु थपन्या कुरो थपनु तिमीहरूलाई कमान दिएको छ-१४"

आफूले भनेको मात्र ठीक हुने, आफूले जे भन्यो त्यसलाई सबैले वेदवाक्य मान्नुपर्छ भन्ने राजा-महाराजाहरू देखिआएका हामी नेपालीहरूलाई डेढ सय वर्षअघिका अधिनायक (डिक्टेटर) महाराज जङ्गबहादुरले 'म गलत पनि हुन सक्छु, मैले भनेकै जस्तो गर्नुपर्दैन...' भनेको पाउनु एउटा सुखद आश्चर्यकै विषय हो। यो सानो कुरा होइन। जहीं ऐनमा संशोधन र थपघट गर्ने पूर्ण अधिकार लडाईंका

मैदानमा पुगेका अफिसर कमाण्डरहरूलाई दिन सक्ने जमानमर्द रहेछन् जङ्गबहादुर भन्न मन लाग्छ मलाई ।

यो कदी जङ्गबहादुरलाई अलि बढ्तै मान्छ, अलि बढ्तै प्रशंसा गर्छ भन्ने अखानो पनि सुन्नुपरेको छ मैले । तर म जङ्गबहादुरको अन्धप्रशंसक भने होइन । उनले गराएको नरहत्याको म समर्थन गर्दिन । प्राइममिनिष्टरको रोल भाइछोरामा बाँड्ने उनको तजबिजको पनि म आलोचक नै हुं । तर मानवीय भावना, भनूं भने मानवअधिकार रक्षामा उनी संवेदनशील थिए भन्ने कुराको प्रमाण भेट्टाएको बेला म निश्चय नै जङ्गबहादुरको प्रशंसक देखिएको हुंला । जस्तो 'नेपाली' पूर्णाङ्क ५२ को एउटा रुक्काको प्रसङ्ग । त्यहाँ देखिएको 'जङ्गबहादुरको अन्यायविरोधी पक्ष' या रामु आलेको ज्यानमुद्दाको प्रसङ्ग (जङ्गगीता) मा उनको निष्पक्षताको प्रशंसा नगरे पक्षपात गरेको ठहरिन्छ भन्ने मेरो मान्यता हो ।

त्यसै सिलसिलामा यो बेलाइती कापीमा पाइएको जङ्गबहादुरको जङ्गी ऐनको त्यो १० औं दफा अत्यन्त मार्मिक छ भन्ने मेरो धारणा छ । एकपटक फेरि गौर गरिहेर्दा- नेपालका त्यसबेलाका सर्वश्रेष्ठ शक्तिशाली, स्वेच्छाचारी कहलिएका सर्वोच्च कमाण्डर श्री ३ महाराज भएका व्यक्ति कति नम्र भएर देखा परेका छन् यहाँ । भन्छन्, 'मैले लडाइं नदेखी लडाइं नगरी मनका अड्कलले बनाएको हूं यो ऐन, यसमा कमीकमजोरी छन् नै, तिनलाई वास्तविकता हेरी फेरफार गर्नु, मेरो मञ्जुरी छ ।' यो महानता नै हो भन्न मन लाग्छ मलाई ।

१०. तातोपानी पुग्ने पुरानो बाटो

आजको प्रकरण वास्तवमा नै इतिहास हुन्छ कि भन्ने लाग्छ। किनभने पैलेपैले अर्थात् डेढ सय वर्षअघि 'त्यस'लाई के भन्थे नेपालीहरू भनेर घोत्लिने छौं हामी। तर फेरि, यो घोत्ल्याई इतिहासमा भन्दा पनि भौगोलिक वस्तुतातिर ढल्कन्छ कि भन्ने पनि डर छ। जस्तो भनूं न- हामी अचेल जल्लाई कोदारी जाने दोलालघाटको बाटो भन्छौं त्यसलाई ऊबेला त्यसो भन्दैनथे। त्यो त 'चौतारा हुँदै तातोपानी जाने बाटो' रहेछ। र, तातोपानी जान पनि धारापानी हुँदै जानुपर्ने ! ऐले कहां छ यो धारापानी ? ऊबेलामा यो धारापानी फाल्डुबाट ५ कोस पर पर्दोरहेछ। र फाल्डु ? कहां थियो त्यो ? सुन्ने ? लौ सुन्नोस्-

"पैन्या पौवाबाट. फाल्डुमा बास ४ कोस्मा छ. बाटोमा पैन्याबाट उकालो २ पाउ चढि. ताहादेपी जंगल ३ कोस् छ. तेर्छौं उकालो ढुग्यान् हिडि भज्याड निस्कि भज्याडबाट बढ्दालो तेर्सो हिडि जंगलदेपी बाहिर ॥ (आधा) कोस् गै फालडुमा बास पुग्छ"

काठमाडौं शहरबाट २३ कोस् परको फाल्डुको नाम के छ ऐले, कि त्यो गाउं नै बेपत्ता भैसक्यो ? ऐलेको सिन्धुपाल्चोक जिल्लाका जिविसका पदाधिकारीले बताउन सक्लान् ?

यस दफामा परेको त्यो नाम फाल्डुभन्दा पनि अर्को नामले बढी आकर्षित गर्छ 'पैन्या पौवा' ले। यहांको यो पैन्या भनेको अचेलको

भापामा पैरे हो जस्तो लाग्छ, र पैऱ्या पौवा भनेको त्यसवेला निकै पैरो जाने कुनै पहाडको फेदमा रहेको पौवा या सत्तल हुनुपर्छ। जस्तो काठमाण्डूबाट पश्चिम जाने बाटोमा पहिलो बास चतुर आलेको पौवा थियो। निकै मान्छे हिँड्ने चल्तीको बाटोमा बीचबीचमा कुनै धर्मात्माले पाटीपौवा सत्तल बनाइदिन्थे। ककनीभन्दा तल कुनै चतुर आले भन्ने मगरले बनाइदिएको पौवा थियो त्यो। ऐले पौवा छैन चतुर आले माव बाँकी रह्यो, अनि चतुर आले पनि सन्धि भएर चतुराले भयो ऐले, चतुराले गाविस! त्यस्तै त्यो पैरे गाउँमा पनि कसैले पौवा बनाइदिएको थियो होला। त्यो ठाउँको नाउँ नै पैरे पौवा भैहाल्यो। ऐले पैरे पौवा कुन गाविसमा पर्छ, थाहा पाए रमाइलै हुन्थ्यो। अर्को रमाइलो हुन्थ्यो भाजुराम को थिए भन्ने थाहा पाउन सके। किनभने पश्चिम १ नम्बरमा पौवा बनाइदिने एकजना चतुर आले थिए भने पूर्व १ नम्बरमा पनि रहेछन् अर्का एकजना, पौवाले गर्दा नाम चलाउने मान्छे- 'भाजुराम'। सांखुबाट साढे तीन कोस पर दुई तीन कोस् उकालोओरालो गरेपछि ओरालोका आधाआधीमा भाजुरामले एउटा पौवा बनाइदिएका रहेछन्। त्यस ठाउँको नाम नै 'भाजुराम पौवा' कहलाएछ। लेखेको छ-

"... सापुबाट उकालो अढाइकोस चढि. वह्रालो १ कोस् गै. वह्रालाका अधभारामा भाजुरा पौवामा वास हुन्छ. कोस्-७॥" अर्थात् काठमाण्डूबाट साढे सात कोसपर पर्थ्यो त्यो भाजुराम पौवा।

अचेल काठमाण्डूबाट गाडीमा सरर ३/४ घण्टामै पुगिने तातापानी भन्सार पुग्न, उसबेला *'मुनामदन'* का मदनहरूलाई ठ्याक्कै आठ दिन लाग्थ्यो भन्ने कल्पना गर्न पनि मुश्किल पर्छ हामीलाई। तर वास्तविकता यही हो। ऐलेको तातोपानीको बाटामा पर्ने कुनै नामसंग हाम्रो जम्काभेट हुँदैन यसमा। बलेफी, बाह्रबिसे कुनै आउँदैनन् बाटामा। आउँछन् त भोट्सिपा, चौताराहरू। काठमाण्डूबाट चौथो दिन बास बस्न 'मदनहरू' चौतारा पुग्छन् बल्लबल्ल यसरी-

"भोट्सिपाबाट चौतारामा बास ३॥ (साढे तीन) कोसमा छ. भोटे

सिपावाट १ कोस् बढ्ला गै. फलाम् साधु तरी उकालो १ कोस् चढी तेह्रौं वाटो १ ॥ कोस् गै. चौतारामा वास पुग्छ–१५"

यहां हामीले मदनहरु भनी बारम्बार भने पनि साँच्चै चाहिं महाकविका मदन यसै वाटो गरी ल्हासा गएका थिए भन्ने कुनै प्रमाण छैन। यहां त सजिलाका लागि र लेखमा अलिकति साहित्यिक बास्ता आओस् भनेर मात्र मदनको नामोल्लेख गरिएको हो। साँच्चै चाहिं वाटाका यी विवरणहरु पनि उही जङ्गबहादुरकालीन बेलाइती कापीकै पृष्ठहरूबाट उतारिएका हुन्।

यस लेखमा पौवाहरूको नाम व्यक्ति र भौगोलिक परिवेशले जन्माएको देखेर हामीले यति चर्चा गर्‍यौं। त्यसभन्दा पनि चाख लाग्ने एउटा नाम छ। तातोपानी पुग्नेअघिको त्यो नाम हो 'डुगाना भीर' या डुंगानाभीर। लेख्न त यहां डुगाना नै लेखिएको छ तर त्यो डुंगाना भीर हो कि भन्ने झड्का लाग्छ। कारण डुगानाको कुनै अर्थ लागेन मलाई। त्यो डुगाना हो भने त्यस भीरबाट कुनै बेला कुनै डुगाना भन्ने मान्छे खसेको थियो कि? यो कुरा हामी त्यतैका कोही वडाध्यक्षलाई जिम्मा लगाई अघि बढ्छौं। हामीलाई अब हतारहतार तातोपानी पुगुञ्जे बास बस्नलाई। वाटो यसरी बढ्छ–

"धारापानीबाट तातापानीमा बास ४ कोस्मा छ. धारापानीबाट ठूलो भीरको कापबाट घोडा लैजान हुदैन. येक विसौनि गै उकालो अलि कति चढि. डुगाना भीर पुग्छ. डुगाना भीरको तल्लो बाटो गया. फलाम साधु तर्नुपर्छ. माथिल्लो बाटो गया भीरको कापबाट गै बढ्ला पाउभर जान्या वित्तिकै सानु पोल्सो तरि. तातापानीमा बास् पुग्छ. सजिला बाटो फलाम् साधु जान्या कोस् ५ ॥ (साढे पांच). पर्छ नजीकका बाटो भीर्को कापबाट जान्या तफावत् (फरक) १ ॥ कोसको छ- ३२"

बाटो र बासका नाम ठामको फरकबाहेक आजको प्रकरणमा वातावरणवादीहरूलाई सारै चाखलाग्ने एउटा कुरा आयो- फाल्दु

पुग्नुअघि 'जंगल २ कोस छ' भन्ने। काठमाण्डूबाट २०/२२ कोस पर उत्तरमा दुइग्यान पहाडमा पनि तीन कोस् चौडा जंगल विद्यमान रहेछ त्यसकालमा। ऐले छ त्यो फाल्डु पुग्ने अगाडिको नीनकोसे जङ्गल ? नभए, किन छैन ?

११. युद्धका साइत

म्यासेडोनियाका राजा महान सिकन्दर (अलेक्जाण्डर) ग्रहगति मिलाएर लडाईका लागि प्रस्थान गर्थे रे। हाम्रा पृथ्वीनारायण शाह पनि साइत हेरेर हिंड्थे लडाई गर्न। जङ्गबहादुरले पनि भोटमा हमला गर्दा पटकपटक साइत पारी फौज चलाउ गरेको त्यसै अर्थमा बुझ्न सकिन्छ। वरु, बुझ्न गाह्रो केमा पर्छ भने नेपाली (गोर्खाली) फौज भोट हान्न ६ मोर्चाबाट गएको रहेछ। एकैचोटि ६ मोर्चा किन खोल्नुपर्‍यो बुझ्न सकिन्न। पूर्वमा ओलाउचुडेदेखि पश्चिममा हुम्लासम्मबाट सेना भोट पसेका देखिन्छन्। र, सबतिरबाट जाने पल्टनका भिन्नाभिन्नै साइत निकालिएको रहेछ। जस्तो जुम्लाबाट मेजर जनरल कृष्णध्वज कुंवर राणाको कमानमा बरख पल्टन गएको छ। त्यसको प्रस्थानको साइत यस्तो छ- १८१२ साल, "...वैसाषका दिन ११ जांदा. सुदि ६ रोज १ दिन रात घटि १० पला ५३ जांदा जुमलाबाट नाकुलापार तरफ मेजर जनरल कृष्णध्वज कुंवर राणाजि वरप पल्टन समेत रवाना भयाको सायेत्–"। अचम्म केमा लाग्छ भने जुम्लाबाट हिंड्ने साइत मात्र हेरेको होइन त्यस पल्टनले भोट (तिब्बत) पस्ने साइत पनि लेखिराखेको छ, यस्तो- "वैसाषका दिन २२ जांदा ज्येष्ठ वदि १ रोज ५ मा रात्रि गत घटि १८ पला १७ जांदा. जुमलाबाट रवाना भयाको पल्टन परभूमि प्रवेशको सायेत्–" अर्थात् जुम्लाबाट हिंडेको ११ दिनपछि रानि त्यो पल्टन साइत गरी भोट भित्र छिर्‍यो।

६ तिरबाट गएका सबै पल्टनको 'परभूमि प्रवेश' को तैरिज दिइएको छैन, केहीको छ। जस्तो १८११ चैत ८ गते हिंडेको मुस्ताङतिरको फौजलाई परभूमि प्रवेश गर्ने साइत थियो १८१२ साल वैशाख २ गते दिन घटि पला ११ मा। त्यस्तै छ जङ्गबहादुर स्वयंको फुंगामा प्रवेश गर्ने साइत। त्यो विवरण नै पढ्नु चाखलाग्दो होला। लेखको छ– "(१८१२ साल) वैसाषका दिन १८ जांदा वैसाष सुदि १४ रोज २ का दिन गत घटि ३ मा श्री प्राइम्मिनिष्टर यान कमाण्डरइनचीफ जनरल जंगबहादुर कुंवर राणाजि श्री जनरल भक्तवीर कुंवर राणाजि श्री ५ सरकारमा विदा भया-१ येस दिन घटि ११ पला २५ जांदा थापाथलीबाट रवाना भयाको सायेत्-१

ज्येष्ठका दिन ८ जांदा ज्येष्ठ सुदि ५ रोज २ मा दिन घटि ८/४५ मा फुंगामा श्री प्राइम् मिनिष्टर प्रवेश भयाको सायेत्-१"

यति मात्र पनि होइन। 'सबै पल्टनका निसान् कोतमा राष्याको सायेत्' र '... तोप हिडायाको सायेत्' पनि हुंदोरहेछ। १८११ साल फागुन १५ गते सबै पल्टनका निसान कोतमा राखेको, भनेकोले त्यो लडाईका लागि कुच गर्ने भनेको होला। अनि कुती केरुडतिर तोपहरू पनि त्यसै दिन प्रस्थान भएछन्। तर कुती र केरुडबाहेक अरू कुनै मोर्चामा पनि तोप पठाएको साइत उल्लेख गरिएको छैन। हुम्ला, मुस्ताङमा पनि २/४ वटा तोप पुगेका देखिन्छन् तर ती 'साइत' जुराएर गएका होइनन्। शायद त्यतै पहिलेदेखि नै हुंदा हुन्।

कुन सकिने गरी यसमा यी ६ तिरका मोर्चामा जाने फौज पल्टनका नामहरू दिइएका छन्। कमाण्डर या सेनापति भएर जानेको नाम सबैतिर खोलिएका छैनन्। जस्तो जुम्ला, हुम्लातर्फबाट जाने पल्टनको नाइके मेजर जनरल कृष्णध्वज कुंवर राणा थिए। तर मुस्ताङ लामुबगर र ओलाङघुडतिर सेनानायक भएर को गए थाहा हुंदैन। कुती र केरुडतिर जाने धेरै जना जर्नेल कर्नेलहरूको नाम दिइएको छ। वास्तवमा जङ्गबहादुरले भोट हान्दा कुती र केरुडतिर नै बढी ध्यान दिएको देखिन्छ। केरुडतिर पैले उनले

[illegible] भाइ मिनिष्टर जनरल बमबहादुरलाई नै पठाएका थिए। तर बमबहादुर मन्त्री नभई फर्केपछि जङ्गबहादुर आफैं नै त्यसतर्फ हिंड्का देखिन्छन् १८१२ साल वैशाख १८ गते।

मङ्गलका कुरा गर्दा के देखिन्छ भने कुती र केरुङतर्फ फौज हिंड्नलाई एउटै साइत दिएको छ (फागुन २३ गते) चैत वदि २ राज ३ गत्ति घटि २३, पल्ला ५७ जांदा। अनि दुवै पल्टनलाई परभूमि प्रवेशको साइत पनि एकै दिएको छ। यसरी- "चैत्रका दिन ३ जांदा चैत्र वदि ११ राज ४ मा कुतिकेरुङतिर, दिन गत घटि ५ पल्ला ११ जांदा, भोट मुलक प्रवेशको सायेत्-"

अब, यी साइतको तिर्थामितिका कुरा अलिकति पन्छाएर भोटयुद्धमा कति जति सैन्य सञ्चालन भए त्यतातिर ध्यान दिनु आखलाग्दो होला। भनिसकियो जङ्गबहादुरले भोटमा आक्रमण गर्न ६ वटा नाका खोलेका थिए। तर उनको मुख्य शक्तिप्रयोग चाहिं कुती र केरुङतिर नै थियो। दक्षिणकाली हामीले तोप र मोर्टार जस्ता हतियार पनि यी दुई मोर्चामा बढी पठाइएका छन्, अरुतिर कम छन्। सेना पनि केरुङतिर १५ पल्टन र ३ कम्पनी गरी १२४६५ जना पुगेका छन्। कुतीतिर ७ पल्टन र १ कम्पनी गरी ४४८० जवान पठाइएका छन्। जबकि मुस्ताङ, हुम्लातिर १०००/१२०० जति मात्र छन्। यद्यपि, त्यता मुस्ताङी, जाजरकोटे र सल्यानी राजाहरूबाट पनि २/३ हजार जवान सैनिक लडाइंका लागि लिइएको देखिन्छ।

केरुङको मोर्चामा त भोटे सिपाही पनि १० १२ हजार तैनाथ भएका देखिन्छन्। लेखेको छ, "भारी पनि बोक्नया तीर पनि हान्या भोट्या १०००। बोक्दिार पजाना उठाउन्यावाला २०००"। यी त भए लडाइंका कामका जवानहरू। लडाइंमै नचाहिए पनि अरू कामलाई पनि प्रसस्तै मान्छे चाहिन्छन् मोर्चामा। केरुङ मोर्चामा त्यस्ताको सङ्ख्या पनि ठूलो छ। "श्री प्राइममिनिष्टर लगायत सिपाहीहरूका बोक्दिवाला ५०००" र त्यसभन्दा पनि पन्याइतसक्नुको सङ्ख्या छ केरुङ मोर्चामा बिना ज्याला र मन्जुरी काम गर्ने 'झारा' कामदार। लेखेको छ, "रसद उठाउन्या बोक्दिार नेपालदेपी भैस्या, भैस्यादेपी

केरुङसम्मका डाराली २२५००"। अर्थात् रोजरोजै (१/१ दिन) बिना पैसा काम गर्ने दैनिक भरिया सवा दुई लाख पुगेका थिए केरुङ मोर्चामा मात्र। डारा गर्ने भनेको त्यसबेलाको चलनचल्ती नै थियो, जमिन्दार वितावालले पनि लिने या लिन पाउने। आज विचार गर्दा भने यो अमानवीय लाग्छ- मानवअधिकारको उल्लङ्घन सरह।

भोट युद्ध हुंदा सबैजसो फौज उतै गएको देखिन्छ भने राजधानीको रक्षा कसले गऱ्यो त? यसमा खुल्दुली लाग्छ। तर त्यही लेखिएको छ- 'नेपालमा रहन्या पल्टन ६ र कम्पनी ८' अनि 'तऱ्यानिमा रहन्या पल्टन २ र कम्पनी ३' समेतका गरी जम्मा ७ हजार जति सैनिक जवान तैनाथ रहेछन्। यहां 'नेपाल' भनेर काठमाडौं र 'तऱ्यानि' ले तराई वा मधेशलाई सङ्केत गरिएको हो कि? अहिलेलाई अनुमान मात्र गरौं।

१२. मर्नेले नेपाल देख्न पाऊन् !

आजको प्रकरण अलि रसिलो हुने छैन। कारण आज हामी लडाईको, खास रणक्षेत्रमा पस्दैछौं- 'पेत पऱ्याको' हेर्दैछौं। लडाई भएपछि मर्ने मार्ने त हुन्छ नै। त्यस्तो हुन्छ भन्ने अन्दाज पहिले नै गरेर त्यसको पनि बन्दोबस्त मिलाउनुपर्छ। यो सोच जङ्गबहादुरको 'जङ्गी ऐन' मा पूर्णतः पालन गरिएको देखिन्छ। आज अरूतिर आँखा नलगाई हामी लडाईमा घाइते हुने र मर्नेहरू अर्थात् युद्धका हत-आहत सैनिकका बारेमा जङ्गबहादुरले के-कस्तो व्यवस्था गरिदिएका रहेछन्, त्यो हेरौं।

जङ्गबहादुरको आफ्नै सोच-समझ हो कि होइन यो हामी किटान गरेर भन्न सक्तैनौं, तर उनैले तजवीज गरेर बनाएको ऐन भनेर शिरबेहोरा नै लेखिएको हुंदा ऐले त्यसमा अन्यथा सोचनुपर्ने कारण देखिंदैन। तर यी 'वन्देज' अर्थात् रूल नियमहरू ऐले पढ्दा के जङ्गबहादुर भन्ने मान्छे त्यति संवेदनशील या मानवीय धारणा राख्ने थिएं त भनी शङ्का चाहिं हुन्छ। पहिल्यै दफामा लेखिएको छ- "नसकन्या लाचारी विरामी जति छन् २/३ वासको ज्मा गरि सिमानाको अडामा फिराई दिनु अफिसरलाई नफिराउनु"। अर्थात् साना तहका सिपाहीहरू घाइते भई विरामी परे भने, तिनको हेरविचार भोटतर्फ राम्ररी हुन सक्तैन, अतः तिनीहरूलाई नेपालतिरका व्यारेकमा पठाईदिहाल्नू, भोटमा नराख्नू भनेका छन् जङ्गबहादुरले। ठूला अफिसरको त उता पनि हेरविचार गरेकै हुन्छन् भन्ने विचार

पुऱ्याइ यो नियम बनाइएको छ। मानवीय संवेदनशीलतामा तेस्रो दफा अरु बढी मार्मिक छ। लामो छ, त्यो दफा, तर साराशमा त्यसले के भन्छ भने घाइते भएका सिपाहीहरूको सहयोग-सुसार राम्रोसंग हुनुपर्छ, कुरा तिऱ्याइको ढङ्गले होइन। नबाँच्ने किसिमको घाइते छ भने उसलाई धेरै दुःख नहुने गरी उतै राख्नू तर बाँच्ने किसिमको छ र होस खुलेको छ भने नेपालतिरको अस्पतालमा पठाउनू भनिएको छ। नेपाल ल्याएपछि पनि विरामीको घरवाला, पर्न्यारिलोले लिन आए मात्र दिई पठाउनू नत्र सरकारी खर्च लगाई उपचार गराउनू भनिएको छ यसरी–

" . नेपाल पुग्यापछि उस्का वारिसवाला कोही आई हामी सह्यार गर्छौं भन्न आयो भन्या र घाइत्याले पनि म जांछु भन्यो भन्या घरवालाको जिम्मा गरिपठाइदिनु. वारिसवाला कोही छैन भन्या नेपालमा रहन्या मालिकले उस बेरामीलाई नेपालको हसपतालमा राषी (सरकारी) पर्च लगाई. इलाज औषधि पान्या पिउन्या बढ्न्या विछ्यौउनाको तजवीज गरि बहुत तरहसंग सह्यार संभार गर्नु"

यो त भयो घाइतेहरूलाई नेपाल ल्याइसकेपछिको कुरा। उता भोटको, युद्ध क्षेत्रमै रहंदाको व्यवस्था मानवताका हिसाबले अरु मार्मिक छ: "घाइत्यालाई कसैले नदेष्न्या षिर्की बारि सजिलो वछ्यान पारि पान्या कुरो र पानिको तजवीज गरि घाइत्या राष्न्या ठाउंमा लगि पकाई षुवाउन्या सुसार गर्न्या मानिस लगाइदिनु. औषधि गर्न्या नाउ वैद्य राषी यौटा धर्म चिन्ह्या सबै घाइत्यालाइ आफ्ना भाइ छोराझैं माया गर्न्या येक ठूलो अफिसर संभार गर्न्या रोपि औषधि कपडा, लत्ता पानाले हर्कत नहुन्या गरि मालिकले तजवीज गरि पुऱ्याइ दिनु. उस जगामा कमान दिन्या मालिक जो छ उसले रोजको ३ फेरा गै हेर्नु."

यस बन्देजमा त्यहांका अफिसर कमाण्डरले घाइते विरामीहरूलाई रोजको तीन फेर गई हेर्नु भनेको कति अर्थपूर्ण छ भनिरहनु परोइन। तर त्यसभन्दा पनि लक्ष्य गर्नुपर्ने वाक्य यस बन्देजमा अर्को छ। 'धर्म चिन्ह्या' भनेको धर्म चिन्ने, अर्थात् दयालु प्रकृतिको एक

जना ठूलो अफिसरलाई त्यो अस्थायी अस्पतालको इन्चार्ज बनाउनु भन्छन् जङ्गबहादुर । किन भने- विरामी घाइतेहरूलाई आफ्नै भाइछोरा जस्तो गरी माया गर्ने मनमा दयाधर्म भएको मायालु हुनुपर्छ ऊ। घाइते विरामीहरू उपर स्नेह नराख्ने सद्व्यवहार नगर्ने व्यक्तिका मातहतमा उनीहरूलाई नराख्नू भन्ने उर्दी छ जङ्गबहादुरको। कति मार्मिक छ यो उर्दी, भनिरहनु नपर्ला । वेलायतमा फ्लोरेन्स नाइटिङ्गेलको उदय भएकै थिएन त्यतिबेलासम्म तर जङ्गबहादुरको मनमा यो विचार उदाइसकेको देखिन्छ । त्यसैले महत्त्वपूर्ण लागेको हो मलाई यो जड़ी ऐन । फ्लोरेन्स नाइटिङ्गेल क्रिमियाको युद्धको मोर्चामा सेवा गर्न गएकी सन् १८५६ अर्थात् १८१३ सालमा मात्र हो । उनले युद्धपीडित रोगीहरूको सेवा सुश्रुषा, सहयोग संभारका रुल-नियम बसाउनुभन्दा एक-दुई वर्षअघि नै हाम्रा जङ्गबहादुरले उस्तै मानवीय संवेदनायुक्त 'वन्देज' बाँधेछन् भन्ने बुझ्दा अलिकति गौरवबोध हुँदैन ?

युद्धका घाइतेहरूको जतिसुकै राम्री सहयोग संभार गरे पनि केही त मरिहाल्छन् । त्यस्ता मृतकहरूको सद्गत कसरी गर्ने भन्नेबारेमा पनि यहां व्यवस्था गरिएको छ- 'लडाञ्जिमा मर्न्याहरूको वन्देज' भनेर । जङ्गबहादुरको यो वन्देज पढ्दा अझ भावुक होइन्छ । किनभने त्यस वन्देजको पहिलो दफामा दर्शाइएको व्यावहारिकता जति विचारपूर्ण छ, त्यसपछि लेखिएको वाक्यांश त्यतिकै मार्मिक र राष्ट्रवादी छ । व्यावहारिक यो कति छ भने, लडाईमा कोही त अवश्यै मर्नेछन् भन्ने बुझी मृतकहरूलाई ।जलाउने प्रबन्ध नहुनेहुंदा तिनलाई। गाड्ने खाडलहरू खनिराख्न सतर्क गराइएको छ । अनि युद्धमा मर्नेहरूलाई आफ्नो देश, आफ्नो जन्मभूमिभन्दा पर शत्रुको मुलुकमा गाडिनुपर्दाको दुःख बिसाउन नेपाल देखिने गरी अर्थात् दक्षिणतिरको हिमाल देखिने गरी गाड्ने बन्दोबस्त मिलाउनु भन्छन् जङ्गबहादुर । सूत्रात्मक छ यो वन्देज तर यसभित्रको सन्देश अत्यन्त गहिरो छ, कोमल छ र सहृदयी । यो पढ्दा झण्डै डेढ सय वर्षपछि कवि कालीप्रसाद रिजालले पोखेको उद्गारको स्मरण हुन्छ- *"बिहान उठ्ने बित्तिकै हिमाल देख्न पाइयोस्... नेपाल भन्न पाइयोस्"* ।

हरौं: "भोलिपर्सि लडाञि हुन्छ भन्या थाहा भयापछि कदाचित् लडाञिमा मर्न्या गाडना निमित्त. हिमाल देखन्या डाडो वाटाको नजिच पारी हुदा सिपाही पिपा लाजिमा गैर जाति जात छन् १ जानलाई पाल्डो १ पाल्डामा १०० मानिस अटाउन्या तजवीज गरी पाल्डो थनि तैयार गरि रापनु. मन्याका लाई पाल्डामा राखि पुर्नु. ज्मादार देखि उभोका पगरिलाई वेगला वेगलै पाल्डा थनि पुर्नु।" यसवारे वढी टिप्पणी गर्नु नपर्ला।

लडाईका मैदानमा नेपाली कार्यकारियाको थिति पालन गर्नुपर्दैन भन्ने हुकुम पनि दिएका छन् जङ्गवहादुरले 'गुरु धर्माधिकारले बोल्याको' भनी। यसरी- "लडाञिमा घा लागि दुस्मनका राज्यमा छंज्याल मर्न्यो भन्या दुस्मनका राज्यमा रहन्या भाइछोराले स्नान गर्नु सुद्ध हुन्छ. आफना मुलुकमा रहन्याले आफनु पुरानु विधिसग क्रियाकाज गरि जुठो मानु"।

मर्नेहरूका लागि यसपछि शिलापत्र राखी शिलापत्रहरू बनाइदिने आदेश पनि छ।

तर त्यो प्रसङ्ग अर्कोपटक।

१३. लडाइँको लस्करमा हलुवाई !

यो वेलाइती कापीमा यति सामल छ, ती सबैको तेरिज कस्न लाग्यो भने अर्को कापी भरिन सक्छ। यसमा भएका कुराहरू सारै सूक्ष्म र सूत्र रूपमा भनिएका छन्। अलि व्याख्या नगरी राखिदियो भने अर्थहीन लाग्छन्। उदाहरणार्थ भनूँ पृ. १७१ मा एउटा वाक्य यस्तो आउँछ, "छोटोदेखि बडोसम्म आपसमा बोलदा चालदा म बडो हुँ छोटालाई लत्रि भनि किन बोलु नभनु. लत्रि भनि बोलनु-६" यो वाक्य लडाईका बेलामा कमाण्ड रहेका अफिसरहरूले पालना गर्नुपर्ने नियमहरूमध्येको एउटा हो। यस 'काम कामको' नियममा जम्मा १४ दफा छन्। त्यो छैठौं दफाले के भन्छ भने- अफिसरहरूले म हाकिम हुं, मैले आफूमुनिकासंग मुलाहिजा गरेर किन बोल्ने ? भनेर अडिएर बस्यो भने आफूले जान्नुबुझ्नुपर्ने कुराहरूबाट वञ्चित हुनसक्छ। परको वेला आफू 'लत्रे' भए पनि कुरा बुझ्नुपर्छ। पाँचौं दफा यो हिसाबले अरु मार्मिक लाग्छ। कति व्यावहारिक छ यो निर्देशन, कति 'प्रागम्याटिक' छन् जङ्गबहादुर भन्नुपर्ने हुन्छ। लेखेको छ: "उमरावदेखि पिपासम्म कचहरीमा बोल्दा कसैले केहि कुरा नजानि बोल्यो भन्या उसलाई अपमान गर्न्या कुट्न्या उल्लु तुल्याउन्या कुरा नगर्नु. उसले नजान्याको कुरामा अरु जान्या ४/५ जनाले यो कुरा यस्तो पो हो भनि समझाइ दिनु, अपमान गर्न्या र कुट्न्या कुरा कसैले नगर्नु-५" यसको व्याख्या आवश्यक नपर्ला।

शिविरभित्र ई-झगडा भए लडाई हारिन्छ भन्नेतिर सङ्केत गर्दै थप

भनिएको छ, "मालिक अफिसर फौजहरूको यकै ठाउँमा कालफाल जोरियापछि सबैले एकचित्त भै यकै बाबुका छोरा झै मेल भैरहनु जसले मेल नगरि फुट्न्या बाझन्या कुरा गर्दछ उस्ता अफीसरदेखि लगायत् पिपासम्म जरिवाना डंड गर्ना माफिकलाई जरिवाना डंड गर्नु नाउँ काटना लायेकलाई नाउँ काटिदिनु–४"

यी ठूला कुरा बाहेक जङ्गबहादुरका आँखा साना-साना कुरामा पनि जाँदा रहेछन् भन्नलाई पनि यही 'बन्देज' भित्र सामग्री फेला पर्छन् । जस्तो यो- "आफ्ना फौजलाई दोचालता (लत्ता) कपडा ताकित गरिरापनु. बारुद षजाना रसद चाबललाई नबसिन्या (ओसिन्या) सर्दि नलागन्या गरि राषनु"

पैले भनिएको थिएन होला, यो 'कापी' के कस्तो हो भनेर । यसको बाहिरी रुपरङ्गको त छोटो बयान गरिएको हो तर यो कापीकै अस्तित्वका बारेमा भने हामीले चर्चा गरेका थिएनौं । यो 'बेलाइती कापी' साँरेर राखिएका अभिलेखहरूको सँगालो हो, जङ्गबहादुरले आफूसंग राख्नलाई लेखाइ राखेको- आफ्नै सम्झना र जानकारीका लागि । यसमा परेका लडाई विषयका 'बन्देज' या नियमहरू भने लडाइमा जाने अफिसरहरूलाई एक एक प्रति दिइएका नै हुंदा हुन् भन्ने हामीले अड्कल गर्नुपर्छ । नत्र 'अफिसरदेखि पिपासम्म'ले यसो यसो गर्नू भनेर लेखिराख्नुको कारण भने स्पष्ट हुँदैन ।

यो पछिल्लो 'बन्देज' भित्र "आफूसंग गयाका कामि सार्कि कर्मि जो छ" भन्ने वाक्य पनि परेको छ । त्यसले हाम्रो कौतुहल जगाउँछ । कस्ता कस्ता 'कर्मी'हरू हुन्थे फौजमा भनेर । त्यसको खुलासा हुन्छ 'कापी' मा हेर्यो भने (पृ. १३४-३५)। त्यहाँ यस्ता कुरा छन्–

चित्रकारी	४	भरिया	८	जम्मा	१२
पेटको बेरामिको डाक्टर	१०	भरिया	३३	जम्मा	४३
चिरफारका डाक्टर	२०	भरिया	६७	जम्मा	८७
लोहाको काम गर्न्या	२०	भरिया	६०	जम्मा	८०
चमडाको काम गर्न्या	३०	भरिया	८०	जम्मा	१२०
लकडीको काम गर्न्या	२०	भरिया	६०	जम्मा	८०

फारसीको मुन्सी	१	भरिया	३	जम्मा	४
अंग्रेजी मुन्सी	१	भरिया	३	जम्मा	४
भोट्या मुन्सी	४	भरिया	१२	जम्मा	१६
चिनियाँ मुन्सी	२	भरिया	६	जम्मा	८
भोट्या दोभास्या	४	भरिया	१२	जम्मा	१६
पसल	२००	भरिया	१०००	जम्मा	१२००
हलुवाब्रीका दोकान				जम्मा	४
वानादार				जम्मा	१८०

हामीले के बुझनुपर्छ भने यो तथ्याङ्क केरुडपट्टिको सेनाको हो। सिपाही-इतरका यी कामदार हुन्। यसमा सिपाही जम्मा १२-१३ हजार थिए भन्ने हामीले अघि नै हेरिसकेका छौं। लडाई गर्न जाँदा कति कुराको जोहो गर्नुपर्दो रहेछ भन्ने पनि यी अङ्कले देखाउँछन्। यो लगतमा शुरुमै परेको 'चित्रकारी ४' ले हामीलाई रुस्काउँछ। किन चाहियो चित्रकार युद्धमा भनेर। तर यो 'चित्रकार' भन्ने शब्दाभित्र हामीले आधुनिक 'वार फोटोग्राफर' भन्ने अर्थ लुकेको देख्नुपर्छ। अनि 'पसल' भन्ने शब्द छ। सेना, सिपाहीको साधारण खानापिनाको व्यवस्था त सरकारले गरिहाल्छ, त्यसबाहेक सिपाही-अफिसरहरूका अरू आवश्यकता पनि हुन्छन्, ती त सरकारले पूरा गर्दैन! फौजका जवानहरूले पैसा तिरेर, किनमेल गर्नलाई पसल दुकानहरूको व्यवस्था पनि गरिदिनुपर्दोरहेछ र हजार बाह्र सय जना मान्छे त्यसका लागि पनि फौजसंग संगै जाँदा रहेछन्। अनि 'पसल' ले नपुगेर हलुवाई पसल पनि साथ लाग्दो रहेछ!

आज सम्झँदा उदेक लाग्छ, त्यो भोटको पठार (टिबेटन प्लेटो) मा नेपाली हलुवाईहरूले के मिठाइ बनाएर बेच्दा होलान्!

१४. युद्धपछिको उपहार

जङ्गबहादुरले भोट हान्दा (तिब्बतमा आक्रमण गर्दा) कति सिपाही कुन मोहडाबाट पठाइए, कति तोप खजानाहरू तिनका साथ गए भन्ने कुराहरू त थाहा पाइयो तर लडाईमा कति लाख या करोड रुपैया खर्च लाग्यो भन्ने चाहिँ यो 'बेलाइती कापी' ले बताउदैन।

भए पनि, जङ्गबहादुरले आफ्ना लागि 'रेफरेन्स' लाई भनूँ, अधिका युद्धमा नेपालले कति खर्च गरेको थियो भन्ने आंकडा चाहिँ जम्मा गरेका रहेछन्। त्यो विवरण यस कापी (पृ.२१४-१५) मा पढ्न पाइन्छ। त्यहाँ "अघि भोट हान्दा काम काममा खर्च भयाको यर्मांजिम स्याहा- १८४५ सालका वहिमा पायाको" भनी अचम्म अचम्मका खर्चहरूको तेरिज दिइएको छ। त्यसमा गोलाबारुदको हिसाब छैन तर पूजा खर्च, स्वागत खर्च र उपहार खर्चहरू टिपिएका छन्। सबभन्दा आश्चर्य मान्नुपर्ने कुरा त के भने १८४८ सालको आश्विन महिनामा नेपाल सरकारका तर्फबाट (चिनियाँ अफिसर) टुङ् ध्वाइलाई धौवुडमा 'मेजमानी' पठाएको सामानहरूको लगत नै छ। यो सौगात लिई जाने मान्छे पनि चानचुने छैनन् काजी अभिमान सिंह नै छन्। काजी भनेपछि निकै उच्च पद हो त्यसबेला। यी टुङ् ध्वाइलाई 'उजिर' भनिएकाले राजदूतस्तरका भए। चीनका राजदूतलाई नेपाल सरकारका तर्फबाट उपहार लिएर जाने व्यक्ति उच्च ओहोदाका त हुने नै भए। तर सौगातमा भने जीरामरिचदेखि बदामसम्म, चिनी र नूनदेखि रक्सी अनि सुंगुरसम्म

सबैथोक देखिन्छन्। ती सबै सामान बजार खरिद भई आएको र तिनको जम्माजम्मी मोल १५८७ रुपैयाँ परेको देखाइएको छ। चाखलाग्दो छ त्यो, हेरौं:

"ऐ (१८४८ आश्विन सुदि) १३ रोज. उजीर टु ध्वां के मेजमानी धैवु पठायाको मार्फत् काजि अभिमान सिं सराजाम खरीद के-
१५८७

जिरापाथि १० के २०, मरिगोटा १०० के १८॥
कदधार्नि ४८१ के १७॥- बदामधार्नि ५ के २०
घिउधार्नि ५० के ४८।- सिधानुनधार्नि ३० के ३७॥
चिनिधार्नि ५० के ५६। सुषमेलधार्नि ३ के ७२
मरिच धार्नि ५ के २० अलैचीधार्नि ५ के २१ ॥
हिगधार्नि ५ के ७५ दालचिनिधार्नि २ के १८
छोहराधार्नि ७ के १४ अलैंचिदानाधार्नि ६ के ८
बतासाधार्नि ५ के ७॥ रागागोटा ५५ के ४४०
लसुनमोल - २ ॥ प्याजमोल- १।
दहिकहतारा ५०० के ६२ ॥ फार्सिकाक्रालीकाचिचिंडाबोंडिगैहके १५
रकसिमुरी ३ के १२०
सुअरगोटा २५ के ७५
मासमुरि १५ के ८० ।-। तौलिचावलमुरि ४० के २७८ ।-
चिहुरामुरी ५ के १६ ॥- वेसारपाथि १० के ३ ।-॥
षसिगोटा ७ के ५३ ॥।
ऐ रोज धैवु सौगात मेजमानीका सराजाम वोकी जान्या भरिया के खर्च रु ३१८"

तर, यसमा अचम्म मान्नुपर्ने केही छैन, ती चिनियाँ राजदूत (वकिल) टुड ध्वाडले पनि हाम्रो सरकारपट्टिकाका लागि उपहार सौगातहरू ल्याएका रहेछन्। "१८४८ साल मार्ग वदि १४ रोज. टु ध्वां चिनियांबाट सौगात आयाको मार्फत् कपर्दार भांटु पाडे नरसिं टक्सारी" भनी त्यसको पनि लगत दिइएको छ। त्यसमा "श्री ५ महाराजका हजुर" र "श्री माहिला साहेवका हजुर" भनी दुई लगत

छन्। माहिला साहेब भनेका त्यसबेला (पृथ्वीनारायण शाहका माहिला छोरा) बहादुर शाह हुन्- राजा रणबहादुर शाहका काका र नायब पनि। नायवै भएकाले होला चिनियांले त्याएका सौगातमा महाराजाधिराज (रणबहादुर) र बहादुर शाहमा धेरै फरक छैन, केही कमबेसी मात्र हो। हामी राजातर्फको सौगातको लगत मात्र हेर्दौं यहां। लेखेको छ-

"श्री ५ महाराजाका हजुर
विर्जुलिवालसुसनिरंजकावपु (बक्खु) -१
चिनिआबुलबुलचस्मा -२
लालपतिकुचिन्थान्-२
मोहरफुलवालाकुचिन्थान्-२
सुमाइरगगहकुचिन्सानुथान्-२
जायेफरान्गहकुचिन्थान्-२
टम्मकपलेडागोटा-६
वैजनिस्याहापतिकुचिन्थान्-२
लालछाडवालकुचिन्थान्-२
नुसिरगगंहकुचिन्थान्-३
वैजनिरगकाकोठेदारगहथान्-१
तिद्स्याइथान् - ४"

आजभन्दा २१४ वर्षअघि नेपाल सरकारका र चीनका राजदूत (उजीर)बीच सौगातको लेनदेन गर्ने कारण के त? जङ्गबहादुरको त्यो बेलाइती कापीमा केही कुरा भेटिन्छन्। १८४५ मा र १८४७ सालमा नेपाल र भोटको लडाइं भयो। पहिलो लडाईंमा नेपालको जीत भयो तर दोस्रो लडाईंमा भोटले चीनसंग सहायता माग्यो र चीनको मध्यंगले सुलह भयो। त्यही सुलह भएपछि हो यी उपहारको आदानप्रदान भएको। यसलाई पृ.२११ मा यसरी खुलाइएको छ-

"अघि भोट हान्दाको वेहोरा-

१८४५ साल आषाढ मैन्हामा. भोट हान्न फौज हिंड्यो. कुति फलाक टिगरि मैदान अमल गरि सेपार रु मा. भाद्र मैन्हा तक लस्कर रह्यो. हिउँले ठहर्न नसक्दा. फौज फिऱ्यो. हाम्रो अमल रह्यैको छ. अर्का मुपले. केरु रुगा अमल गरि ब्रह्मपुत्र तरि साषा गुंवा तक पुग्योथ्यो. सेपारका मुपले छिचोल्न नसक्दा फिर भनि हुकुम जादा. फौज फिऱ्यो. केरु रुगा हाम्रा अमल् छदैछ–

१८४६ ज्येष्ठ मैन्हामा. चीन बादसाहका हुकुमले च्यान्चुन् भन्याका बडा सर्दार भोटका र हाम्रा दोसिवानामा आइवस्यो र. भोट्का र नेपालका कुरा बुझि. भोट्का अध्यालि ठहराई. गोर्षा महाराजालाई ल्हासाले सालवसाल् ५० हजार नालवन्दी तिर्नु भनी अकरार धर्मपत्र गराई. गयो र. भोट नेपाल्को प्रीति भयो. केरु रुगा कुत्ति फलाक ल्हासालाई सौंपियो–

पछि ल्हासाले नालवंदि नतिर्दा. १८४८ साल आश्विनमा. दामोदर पाडे वम्म साहहरू गै डिगर्चामा लुट गरि. माघमा आइपुग्या–

१८४८ साल आषाढ मैन्हामा. चीन बादसाहका वजीर टुइटुवाइ लस्कर ली आई. धैवुडुमा वसि असौजमा घाय मिलाई. देवदत्त थापा प्रतिमान रानालाई ली. बादसाहका दर्शन गर्न वेत्रावती देषी चिनतर्फ फिऱ्यो. घाय नमिल्दा अघि ५/७ लडाई पनि भया–

१८५० सालमा चिन बादसाहका दर्शन गरि. देवदत्त थापा प्रभृति फिऱ्यो–"

यसबाट स्पष्ट भयो- नेपाल र भोटको 'घा' (सन्धि) मा चीनको मध्यस्थतामा सहीछाप भएपछि त्यसैको खुशियालीमा माथि उल्लिखित सरसौगातको साटासाट भएको रहेछ।

१५. रसदपानीको जोहो

जङ्गबहादुरको यो 'बेलाइती कापी' मा अनेक कुरा छन् भनेर धेरै पटक भनिसकियो। यसमा तथ्य, तथ्याङ्क र विवरणहरू त छन् नै, नयां नयां शब्दहरू पनि धेरै फेला पर्छन्। अहिले हामीलाई नयां लाग्ने त्यस्ता शब्दहरू उसबेलाका चलनचल्तीकै शब्द हुन् भन्ने हामीले बुझ्नुपर्छ। जस्तो यसमा एउटा शब्द आउंछ 'लंगुर' भन्ने। यो लगुर भनेको पहाडी शृङ्खला हो, बाटामा पर्ने। तिनलाई पार गर्नुपर्छ यात्रुहरूले आफ्नो गन्तव्यमा पुग्न। पृष्ठ ८२ मा यस कापीमा "लगुरको तपसील" भनेर लगत नै दिएको छ। यस्ता लगत दुइटा छन्। यहां एउटा "नेपालदेषी केरुको बाटो गरि टिगरि किल्ला जान्या बाटामा" र अर्को "काठमाडौं देषि कुत्तिको बाटो गरि ल्हासा जान्या बाटामा" भन्ने।

पहिलोमा एउटा मात्र 'लंगुर' छ, १२ रौं बास, ४२½ कोसमा "ठोगा वाट कोस १ गै" भन्ने। तर दोस्रोमा ६ ओटा लंगुरको उल्लेख छ। यस्तो:

"लगुर पाहाडका लंगुर १ (वास्) १४ (कोस्) ६३॥
थाबपावाट थास्यु जांदा २ (वास्) २१ (कोस्) ९७॥
ल्हाचिजुवाट कोस ७ गै ३ (वास्) २२ (कोस्) १०६॥
फिजोलिवाट कोस ३ गै ४ (वास्) २३ (कोस्) ११४॥
न्हलवाट नागार्चिकु जादा ५ (वास्) ३२ (कोस्) १७२॥
पेनु कुं वाट कोस् १ गै ६ (वास्) ३३ (कोस्) १७८॥"

यसबाट के देखियो भने नेपाल (काठमाडौं) बाट कुत्तीको बाटो गरी ल्हासा १७८१/२ कोस् र ३३ वास पर छ, र त्यस बाटामा ६ ओटा लगुर (भञ्ज्याङ) पर्छन्। ऐलेको भूगोलले के भन्छ ? अर्थात् कांदारीबाट मोटर बाटो गरी जांदा यी हिमशृङ्खला पर्छन् पर्दैनन् त्यो खोजिपस्नु चाखलाग्दो नै होला। अब अलिकति विषय बदलूं।

पहिले धेरैचोटि भनिसकियो यो कापीका तथ्याङ्कहरू भोट (तिब्बत) माथि चढाई गर्ने बेला, फौजका लागि चाहिने सूचना जम्मा पार्ने उद्देश्यले जम्मा पारिएका हुन्। त्यस्तो चढाई गर्दा या धावामा जांदा सुरक्षापङ्क्तिको महत्त्वपूर्ण कुरा कुरा भनेको रसदपानी अर्थात् खाद्यसामग्री नै हो। त्यसको पनि लेखाजोखा गरेको फेला पर्छ यसमा। पृ. ८३ त्यस हिसाबले महत्त्वपूर्ण मान्नुपर्छ। शीर्षक दिइएको छ- "सिकार्जु देपी ल्हासा सम्ममा रसद पाइन्या ठाउंमा रसद र दरको अन्दाज"। त्यसमा वास, कोस र सत्तु (भुटेको पीठो) को दर संगै दिइएको छ यसरी:

असामि	वास्	कोस्	सत्तुको दर
सिकार्जुका रसदले ५/६ सै जनालाई वर्षदिनसम्म पुग्छ. रिपारिका रसदले भन्या १/१ हजार जवान्लाई वर्षदिनसम्म लाई पुग्ला	१८	८५॥	-३।,-३॥
ल्हचिजुका रसदले १ हजार जवानलाई वर्षदिनसम्मलाई पुग्ला. रिपारिका समेतले गरि भन्या १०/१२ हजार जवान्लाई वर्षदिनसम्मलाई पुग्ला	२३	११४॥	५।,५।
फिजोत्सिका रसदले १/२ सै जनालाई वर्षदिनलाई पुग्ला. वरपरका समेतले भन्या ५/६ सै लाई वर्षदिनसम्मलाई पुग्ला	२४	११८॥	-।३।, -।३॥
डिगर्चाको रसदले १५/२० सै			

जवानलाई वर्षदिनलाई पुग्ला.
वरिपरिका समेतले भन्या ८/१०
हजारलाई वर्षदिनसम्मलाई पुग्ला २८ १४१॥ -।४।४।,५।
पेनाफ्लेङका रसदले ४/५ हजार
जनालाई वर्षदिनसम्मलाई पुग्ला २८ १५०॥-।३ -।४; -।४
ग्या चिल्लेङका रसदले ३/४ हजार
जनालाई वर्षदिनसम्मलाई पुग्ला.
वरिपरिका समेतले भन्या ६/७
हजारलाई वर्षदिनसम्मलाई पुग्ला ३० १५७॥ -।५।, -।५।
कामाफासिका रसदले १/१ ॥
हजारलाई वर्षदिनसम्मलाई पुग्ला.
वरिपरिबाट पनि आयो भन्या ४/५
हजारलाई वर्षदिनलाई पुग्ला ३५ १८८॥ -।४, -।४॥
छुस्युकुंकारसदले १/१॥ हजारलाई
वर्षदिनसम्मलाई पुग्ला. वरिपरिबाट
पनि आयो भन्या ४/५ हजारलाई
वर्षदिनलाई पुग्ला ३६ १९३॥ -।४।, -।४॥
ल्हासाको जगेरा रसदले ५/६
हजारलाई वर्षदिनसम्मलाई पुग्ला.
वरिपरि २/३ दिनका रस्तावाट नआई
ल्हासामा रसद छैन ३८ २०६॥ -।४।, -।४॥

यसरी हेर्दा त भोटमा ५०/६० हजार भन्दा बढी मान्छेलाई वर्षदिनलाई सजिलै खान पुग्ने रसदपानीको जोगाड हुनसक्ने रहेनछ त्यसबेला। भन्नाले नेपाली फौजले ल्हासासम्म नै गएर धावा गर्नुपर्‍यो भने बढी सङ्ख्यामा फौज चलाउनु पर्‍यो भने नेपालभित्रैबाट रसदपानी पुर्‍याउनुपर्नेछ भनेर सचेत गराइएको देखिन्छ। लडाईंका लागि यो फौजी चियोचर्चो कति कामलाग्दो भएको हुँदो हो जङ्गबहादुरलाई उसबेला, कल्पना गर्न सकिन्छ।

१६. ढुकुटीसम्मै पुग्ने बाटो

चौथो लेखमा हामीले काठमाण्डू-ल्हासा बाटोको बयान गर्दा केरुङ भई जाने दुई चार वार्सातिरको कुरा गरेका थियौं। तर जङ्गबहादुरको यस कापीमा ल्हासा पुग्ने अर्को बाटोको पनि वेलिविस्तार छ "काठमाडौं देपी कुतिको बाटो गरि ल्हासा जान्या बाटाको तपसील" भनेर। त्यसमा ३८ वासमा ल्हासा पुगिन्छ २०६½ कोस पर। नेटाडबाट ल्हासा पुग्ने दिनको त्यो बाटाको वर्णन एकपटक पढी हेरुं:

"नेटाबाट. कोस छ गै. ल्हासामा पुग्छ. बाटो मैदानै मैदान कोस ३ गै लुलुं गाउ १ छ. घर ३० जसो होला. यस गाउंका बीचमा उत्तर दिसाबाट पोलो १ आयाको छ. येस पोला बाह्रै मैना पूल छ. ग्राहादेपी येही पोलाको किनारै किनार पाहाडको काषै काष काहि मैदान ३ कोस गै. ल्हासा सहर पुग्छ. ल्हासा मैदानैमा छ. सहरका बीचमा देवताका स्थान् लवरान् भन्याको भोट् सर्कारका कारिन्दा कचहरि वस्न्या चौधरा ठूला छन्. यो चौधरा बनायाको १८सै वर्ष भयो भछन्. इनै देवताका स्थान् वरिपरि सहर बजार छन्. घर २॥ हजार होला सहरका ४ कुनामा ४ काजिका ठुलाठुला घर ४ छन् सहरको दक्षिण तरफ पोलाका किनारमा अम्बा २ बस्न्या दर्बार २ छन् सिपाहि गैद्द १ हजार जवान् होला येसै सहरका दक्षिणतर्फ फाकुं भन्याको पर्जाचि रहन्छ. सहरका उत्तरतिर टर्पाचि भन्याको छाउनि १ छ चिनियां भोट्या गरि सिपाहि २॥ हजार होला.

महरका पश्चिमतर्फ सिंभुभन्दा ४ षंडको १ षंड ठुलो पहाड १ छ. तेस पाहाडमा लामा वस्न्या पोताला किल्ला छ. तेसै किल्लाका वरिपरि गरि अनाज पनि छ. किल्लाभित्र ७ लामाका मसान् छन्. भर भोट जिल्लाका ढुकुटि पनि येहि रहेछ. येस किल्लादेषी पश्चिम उत्तरर्पाट्टि पानिको ठुलो पाडि १ गयाको छ. चौडा कोस् ३ लमाइ कोस छ होला. यस षाडिको किनारैका पाहाडको काषमा. २ गुवा ठुलाठुला छन्. १ को नाउं सिरा १ को नाउं ढेपुं भंछन्. इ गुवामा वस्याका लामा १४ हजार होला. रसद पाइंछ.--- २०६ ॥"

कर्रिब डेढ भय वर्षअघि ल्हासा कस्तो थियो, त्यहाँ कसरी पुगिन्थ्यो र त्यहाँभित्र के-कस्तो स्थिति थियो भन्ने यति लम्बा चौडा बयान गरेको पढेपछि आजको अत्याधुनिक ल्हासा सहरसंग दांजी हेर्ने लोभ जमलाई पनि लाग्छ। तर हामी त्यतापट्टि नगएर अर्कैपट्टि लाग्छौं।

वास्तवमा माथिको बयान जङ्गबहादुरको भोटमाथि चढाइ गर्ने सिलसिलामा, फौज चलाउनलाई गरिएको 'रेकी' या अध्ययन हो भन्न गाह्रो छैन। यसै कापीमा अर्को किसिमको वर्णन पनि छ बाटाको। तर त्यो चाहिं 'रेकी' या अध्ययन नभई एक जनाले 'डायरी' मा लेखेको यात्रा-वर्णन हो। त्यो पनि चाखलाग्दो छ, कुन अर्थमा भने त्यो यात्रा-वर्णन ल्हासासम्मको मात्र होइन, सुदूर चीनको राजधानी पेंचिनसम्मको छ। तर त्यो बयान काठमाडौंदेखि नभई नेपाल सरहद तातापानीदेखिको मात्र हो- जम्मा १७२ वासको उल्लेख छ। भन्नाले काठमाडौंदेखि नै गन्ती गर्दा जम्माजम्मी १८१ जति वास पर्दो रहेछ उसबेला नेपालको राजधानीबाट चीनको राजधानी पुग्न। अर्थात् लगातार, एकदिन पनि नरोकिई हिंडिराख्यो भने पूरै ६ महिना लाग्ने यात्रा। ऐले हवाई जहाजले ६ घण्टामा पुऱ्याइदिने आकाशमार्ग खुलिसकेको अवस्थामा त्यो ६महिने यात्रा पुराणको कथा जस्तो लाग्दैन त ?

पुराणको कुरा छाडेर त्यसै कापीमा फर्कियौं भने, यो यात्राको रोजनाम्चा (डायरी) को हुलिया लिइराख्नु राम्रो होला। यस कापीको पृष्ठ १८ देखि ७३ सम्म तानिएको यो बाटाको बयानमा

यसको शीर्षकमा यस्तो लेखिएको छ-

"तातापानीदेखी पंचीनसम्मका बाटाको विस्तार. वमोजिम् १९०८ सालमा सर्दार सम्सेरजंग थापा चीन् जादा. लेखील्याएका कागज - --"

र यसमा लक्ष्य गरिने कुरो के भने अघिल्लो वर्णनमा नेटाडबाट ल्हासा पुग्ने बाटो र ल्हासाको वयान गर्दाको जस्तो विस्तृत विवरण यसमा छैन। छोटकरीमा यस्तो लेखिएको छ यहाँ-

"नेटाबाट ल्हासा जानलाई असल मैदान बाटोमा छोटिकदममा घोडा लैजादा. ८ घडीमा वास पुग्यो. ल्हासा पुसीको तीरमा. भीर १ हिडि ठिसांछु भन्याको ठुलो पोलाको पूल तरि २ घडिमा ल्हासा सहर पुग्यो वास २८ --"

रमाइलो कुरा के भने सम्सेरजङ थापाको यात्रा-वर्णनमा ल्हासा बसेको इत्यादि कुनै वर्णन छैन। त्यतावाट ठाडै २८ औं वास पुग्ने कुरा गरेका छन् सम्सेर जङ्गले यसरी:

"ल्हासाबाट धेसी गुवा जानलाई छोटिकदममा लैजादा घडि ७ मा वास पुग्यो. बाटो असल मैदान छ. ल्हासादेखी २ घडिमा ल्हासा पुसीमा डुगा तरी धेसिफुड गढि जानलाई ५ घडि लाग्यो. बीचबीचमा गाउं कमोत् पनि छ गाउं ठूलै छ वास २८ ---"

यही हिसाबले अघि बढ्दै जान्छन् शम्शेरजङ्ग। बीचबीचमा यहांदेखि फलानो जिल्ला सकियो फलानो जिल्ला लाग्यो पनि भन्छन्। तर कहाँनिर भोट (तिब्बत) को सिमाना काटेर चीन प्रवेश हुन्छ त्यो खुलाइएको छैन। हुन त ८० औं वास काटेपछि "ब्रहादेखी चिनिजाको गाउं" भनेको छ तापनि त्यहींवाट चीनको सिमाना लाग्यो भन्ने अर्थ निस्कैदैन। अनि ८७ औं वासपछि 'ब्राहादेखि सहरै सहर' भनेको पनि बुझिदैन। त्यो भनेको धेरै घनाबस्ती छ भनेको हो कि भन्नुपर्ने हुन्छ। तत्र त्यहां यस्ता यस्ता नामहरू छन्- खुंचिस्याङ, स्याङली, ठिन्नपु, निछुटौ, त्साताइ इत्यादि। त्यो फर्कोलाग्दो

बाटोलाई छेकारो काटी अब हामी एकैपटक १७१ औं वास बस्न पेचिन सहर पुगौं। यसरी–

"त्यास्या स्यान्वाट पैचिनका किल्लाका ढोकासम्म जांदा १२ घडि लाग्यो वास्दैपी मैदान बाटो ठाउंठाउं पुल नाउ लागन्या षोलामा ठुलो पुल १ छ. पानि जम्याको पाईमा. पुल १ छ. कुलामा ढुंगाको सानु साघु २ तरि गै ठूलो गाउं बजार बेस भयाको छ. ताहांसम्म घडी ५ छ ताहादेषी कहिकहि कमोत् रहेछ. उपर बलौटो कहि ढुग्यान् पत्याको बाटो घडि ३ छ. ताहां नाउं लागन्या षोला १ रहेछ. तेसमा ढुगाका ठूलो पुल बारिवाट जति आउन्या बेपारिहरूसंग भारिका वगिको दस्तुर लिन्या मालिक अम्वा १ छ. त्यो षोला पारि दोहरि ढोका भयाको इट्को किल्ला भयाको सहर छ. घर पातलो माफिकै रहेछ. तेस्मा जमा घर ३००० छ. तेस्मा ताल्वे १. चुत्री २ सिपाहि ३२ छन्. त्यो पुलदेषि घडी ३ को बाटो तेस्तै बलौटो पत्याको ढुग्यान् हिडि ताहादेषी ढुंगा छाप्याको बाटोदेषी ढोकासम्म २ ४ घर भयाको कमोत् ढोकैसम्म. जोरियाको छ. वास्---- १७१"

यसरी सवत् १८०८-१० सालको पेचिन सहर पुगेर हामी पनि आजलाई वास बसौं। डेढ सय वर्षपछिको बेइजिडसंग त्यसलाई दांजी हेर्ने हामीलाई चांजो मिलेन !

१७. जङ्गबहादुरको जङ्गी ज्ञान

जङ्गबहादुर युद्धकौशलमा निपुण थिए। तर उनले यस्तो ज्ञान कहांबाट कसरी पाए थाहा छैन। उनी जर्नेल त भए, सिपाहीदेखि नै माथि उठेर। लडाइंमा जांदा, युद्ध मैदानमा पुग्दा वस्ताका रूलनियम यस कापीमा सूक्ष्म रूपमा लेखिएका छन्: (नं. ५) माथि 'गोली चलाई मारिदिनु' भन्ने प्रकरण। त्यतिसम्म त्यो कौशल उनमा हुनु अनौठो कुरा होइन, तर तोप र बारूदको नापतौलसम्मको मिहीन कुरा पनि उनी जान्दथे भन्ने ठान्न सकिन्न। यस बेलाइती कापीमा त्यस्ता विषयको पनि विस्तृत निर्देशन पढ्न पाइन्छ। 'आर्टिलरी' अर्थात् तोप बन्दुकको पाठ्यपुस्तकमा लेखिने कुरा समेत यस कापीमा छन्। लडाइमा जान अफिसरहरूको लागि तयार पारिएका जस्ता यी कुरा यस कापीमा किन आउनु पऱ्यो होला जस्तो लाग्छ। र जङ्गबहादुर आफैं पनि यस्ता कुरा जानिराख्न चाहन्थे भन्ने बुझनुपर्छ यी दस्तावेजहरूबाट। यस कापीमा पृ. १७५ देखि १८० सम्म यस्तै तोपगोला र बारूद बारेका निर्देशनहरू छन्, यस्ता यस्ता:

"तोप हान्या तजवीज–

उहि समाला उहि बारूद. बारूदमा कमवेस पर्न गयो भन्यां. कम बारूदको प्युज (फ्यूज) पर पुग्छ. तेजि बारूदको प्युज वरै फुट्छ"

त्यसलाई अर्थ्याउन भनेजस्तो गरी लेखिएको छ-

"टाढा पठाउनालाई बारूदको तजवीज-

जौन ठाउमा निसाना छ उसै ठाउमा पार्नु पऱ्यो भन्या, कति गोला बारुदले उस निसानामा पुग्यो, जत्र कौन डिगरिमा मिल्यो, जव बारुदको तजवीज र जंत्रको तजवीज मिल्यो, तव उहि डिगरिमा पारि वगेवर हान्नु---"

त्यति मात्र होइन कुन किसिमको तोपलाई कति बारुद चाहिन्छ भन्ने पनि नोरिज कसिएको छ यहाँ। यसरी–

"तोप वमलाई पल्ला हादा वारुद हालन्या तजवीज–
मोटा छ पनि (अर्थात् ६-पाउण्डर) लाई पल्ला हादा बारुद गोला १२० सम्म राषनु–१
पातला छ पनिलाई पल्ला हादा बारुद तोला ११० सम्म राषनु–१
अरु तोपवमलाई यहि हिसाव सग राषनु–१
नजिक हादा खेर, हिसाप अनुसार घटाउनु–१
माना वमलाई पल्ला हादा वारुद गोला ४५ सम्म राषनु–१
वारुद वढन गयादेषि, उहि डिगरिमा पनि वम गोला टाढा जांछ
वारुद घटन गया उहि डिगरिमा पनि वम गोला वरै आउछ–१"

तोपमा हाल्ने वारुदको मात्र हिसाव गरेर हुँदैन भन्छन् जङ्गबहादुर। भन्छन्, गोलाको वजन पनि ठीक हुनुपर्छ–

"कोहि वेलामा, तौलमा भारि गोला, कोहि वेलामा तौलमा हलुका गोला पर्न गयो भन्या सिरिस्ता (अर्थात् निशाना) मा मिल्दैन तस कारण सवै गोलाको तौल वराबर गर्नु–१"

प्रज्ञा-प्रतिष्ठानको बृहत् शब्दकोशले 'सुम्बा' को अर्थ दिँदा 'मोटो लट्टी जस्तो तमौटेको ज्यावल' भनेर मात्र भनेको छ। हाम्रा तोपखानामा पनि सुम्बा प्रयोग हुन्थ्यो भन्ने त्यहाँ सकेत पाइदैन। नर जङ्गबहादुरको यस तोप प्रकरणमा सुम्बाले लामै चर्चा पाएको छ। तलका उद्धरणले त्यो स्पष्ट पार्ला–

"तोप भर्दापेर, जौन हिसावले वारुद गोला डास् हालि सुवा ठोक्याको छ, उहि हिसापसग वरोवर गरि गोलदाजहरूले सुवा ठोक्नु, येक हिसापसग नठोक्या, ज्यादा ठोकियो भन्या, गोला उडदछ, कम ठोकियो भन्या गोला लत्रन्छ–१

तोप भर्दापरि. सुबावालाले भित्रको आगो निभन्या गरि वरोवर मुख फिराइ दिनु---?"

प्युज अर्थात् 'फ्यूज' का वारेमा पनि वृहत् शब्दकोशले त्यस्तै गरेको छ। कोशले फ्यूजलाई विजुलीवत्ती मात्र जोडेर लेखेको छ। तोप वन्दुकमा पनि फ्यूजको प्रयोग हुन्थ्यो भन्ने वृहत् शब्दकोशल हेर्ने राखेको छैन। जङ्गवहादुरको कापीले भन्छ–

"पोका गोलामा प्युज ठोक्दा. पुकुलो पनि नहवस्. साह्रो ठोक्दा गोला पनि चर्कन नजावस्. पुकुलो ठोक्दा तोपको आवाजले प्युज पनि न ऊरोस् प्युज ठोक्याको मुषमा तोपको वारुद हाप्को वास्दन आगो लाग्दा गोलाभित्रको वारुदलाई आगो लागन. नजावस्---?

प्युज ठोक्याको ठाउंमा. मयन् वेस गरि लाउनु. त्यो मयन् फुलोसि लागन गयो भन्या आगो लाग्दैन---?"

यही सवै देख्दा भन्न मन लागेको हो महाराज जङ्गवहादुरलाई त स्वयम् यति ज्ञान कसो गरी हुंदो हो र! अवश्यै पनि तोपखानाको जान्नेहरूले तयार पारेका होलान् यत्तिका कुरा। अनि महाराजले चाहिं आफू पनि केही ज्ञान राखूं भनी यसमा मार्न लगाए होलान्।

तर, यही तोप गोला र वारुदको प्रकरणमा तलतिर आएको लडाइंमा गएका फौजका अफिसरहरूलाई दिएको निर्देशन भने जङ्गवहादुरको आफ्नो तर्जुमा हो कि भन्ने लाग्छ। त्यसमा यस्ता यस्ता अनी-उपदेश आदेशहरू छन्–

"अफिसर फौजले गर्न्या काम–

प्युज ठोक्नाको फुलो वनाउनाको यस वारुदको वजनले गोला ज्याहासम्म पछ्र्यो भनि गोलदाज अफिसरले

अंदाज गरिरापनु–?

गोला सोझो लाउनु. गोलंदाज अफीसरको कमरनको पुंपि–?

पजाना सह्यार संभार गर्नु. नारातोलको संग्रह गर्नु. जगरा राषनु.

गोलदास अफीसरको जांगर निमकको सांठो–१

पनडा नपान्या. पजाना प्रसस्त बनाई सह्यार गरि संग्रह गर्नु आफ्नू ज्यानको फौजका ज्यानको रक्षा गरि. आफ्नू नेकनामि र रोल बढाउनु–१

फुट्न्या गोला हातले हांदा दुस्मन बस्याका ठाउंमा पुग्न्या गरि. फिउज् काटि हानु. आफ्ना लसकर छ भन्या. १०० गज उच्चोमा फोर्नु हुछ. १०० गज नीचामा न फोर्नु. १०० गज नीचामा फोऱ्या आफ्नूतिर आउंछ. दुस्मनले पनि. यस्तै रितसित फुट्न्या गोला हान्यो भन्या लेडवन् (अर्थात् ले डाउन्) बजाई आफ्नू लस्कर सुताउनु र आफ्नू लस्करलाई लाग्दैन–१"

अन्त्यमा जङ्गबहादुरले भोट हान्न जाने आफ्ना फौजका कमाण्डर, अफिसरहरूलाई दिएको निर्देशनको आखिरी दफा पढेर बिदा लिऊं। त्यस दफाबाट समेत यो निर्देशन कति गहिरो छ र कति सूक्ष्म दृष्टिबाट यो दिइएको हो भन्ने छर्लङ्ग हुनेछ। लेखेको छ-

"उचा जगामा तोप हानु पऱ्यो भन्या. लकरपेचसम्म मात्र उठाउनु. नाहा देपी उठाउनु पऱ्यो भन्या. कम्पेंड गान्तिर घाडल पनि तोपको मुहुडा उचा गरि फैर गर्नु---१

निचा जगामा तोप हानु पऱ्यो भन्या अगाडि पैयानेरा पानिढलो गरि पनु र नसैमा पैयाले टेकाई हानु. पछाडि कम्पेड गान्तिर चेपटो चपटा ढुगा हाल्नु. ढुगा नपाया चपरि माटोले उच्चा गरि हानु. पानि ढलो गरि अगाडि पदा र कम्पेडगान्तिर चेपटो ढुंगा चपरि माटो हाल्दा पैरि. तोप् नउल्टन्या र. पैया कम्पेंडगान्मा धक्का नलाग्न्या गरिहान्नु–१"

रुर्को लाग्दो गरी तोप बन्दुक र बारुदको चर्चालाई ऐले यही टुग्याऊं।

१८. बहादुरीको वर्गीकरण

भनिसकिएको छ जङ्गबहादुरको यस बेलाइती कापीमा लडाईंकै कुरा धेरै छन्। त्यसमा पनि भोटमा लड्न जानुअघि लेखिएका, जम्मा पारिएका र तर्जुमा गरिएका त्यसै धावासम्बन्धी कुरा बेसी छन्। हुन त नेपालभित्रका विभिन्न लामा दुरीका बाटाघाटको पनि विवरण नभएका होइनन्। त्यसबाहेक चीनको इतिहास र बादशाहका नाम नामेसी समेत समेटिएका छन् त्यस कापीमा। हामीले तिनको छोटोमोटो चर्चा गरिसकेका छौं। तर पनि उत्तर भोटपट्टिका र लडाईंकै कुरा धेरै छन्, यसमा भन्न खोजिएको हो। भनूं भने जङ्गी ऐन, फौजी नियमकानुनको गहकिलै दस्तावेज हो त्यो कापी।

लडाइंमा जांदा कुन साइतमा कलातिर को को गएका थिए भनेर हामीले हेरिसक्यौं। भोटको सिमाना पुगेपछि लडाईंको थलोमा डेरा-डण्डा कसरी मिलाउने, पालो कसरी बस्ने भन्ने पनि आदेश-निर्देशको पनि हामीले चर्चा गरिसक्यौं। त्यसै विषयको एउटा अर्को चाखलाग्दो प्रसङ्गको कुरा गरूं आज।

लडाइंमा होमिने व्यक्ति, सिपाही होस् कि अफिसर, ज्यान फालेर लड्छन्, मरे पनि शिरपाउ पाइन्छ भनी। बेलाइती सेनाको भिक्टोरिया क्रस, भारतका अशोकचक्र, परमवीर चक्र इत्यादि नम्माहरू नी देशले दिने यस्तै 'शिरपाउ' हुन्। पृथ्वीनारायण शाहले नम्मा दिने नगरे पनि लडाइंमा मर्ने सिपाहीहरूका सन्तानलाई सरकारले हेर्छु भन्ने आश्वासन दिएका थिए। जङ्गबहादुरले भने

त्यस्ता कुराको थिति नै बाँधिदिएका थिए भन्ने कुरा यस कापीबाट छलङ्ग हुन्छ। यसमा अर्को सम्झनुपर्ने कुरा के भने, १८९४ सालमा लखनौंमा अङ्ग्रेजहरूको मद्दतका लागि गएको नेपाली फौजले नवाबका फौजसंग लड्दा तरवारको चोट परी पेट काटिँदा र आन्द्रा निस्कँदा पनि लड्न नछाडी दुश्मनको तोप कब्जा गर्ने गम्भीरजङ् रायमाझीलाई जङ्गबहादुरले 'बहादुर कर्णेल' भन्ने मान दिई चाँदीको तम्मा नै बनाई लगाईदिएका थिए।

अब माथि भनेको, भोटको लडाईमा जाने फौजलाई "तिमीहरूले बहादुरीसंग लड्यौ भने शिरपाउ पाउँछौ" भनी थिति नै बाँधिदिएका रहेछन्, जङ्गबहादुरले। त्यसरी थिति बाँध्दा बहादुरीको श्रेणी समेत विभाजन गरिदिएको देखिन्छ। कापीको पृ. १७४ मा त्यस्ता दुई प्रकारका थिति बाँधिएका देखिन्छन्- एउटा अफिसरहरूका लागि र अर्को सिपाहीहरूका लागि। अफिसरहरूका लागि यस्तो लेखिएको छ:-

"कमाडियर अफिसरको मिहिनेत---
लडाँमा कमाडियेर अफिसरले. किल्लामा आडमा जसले फौज हलाउन सक्यो ऊ कमाडियेर अफिसरको
मिहिनेत ठुलो---१
आफ्नु फौज बचाइ. दुश्मन्को धेर मार्न्यिको. दोस्रो मिहिनेत्---२
आफूले टेक्याको जमिन आड किल्ला थामि लडाउन्या. तेस्रो मिहिनेत्---३
आफ्ना पल्टन् फौज अघि सारी दुश्मनसँग बराबर लडि तरवार गर्नु चौथो मिहिनेत्---४
आफ्ना पल्टन् फौज्लाई लैजादा आफुलाई घा लाग्याको पाँचौ मिहिनेत्---५
आफ्ना पल्ट्न फौजसंग रहि लड्दा. घा लाग्याको छैटौ मिहिनेत्---६"

यस प्रकार लडाई खेल्ने अफिसरहरूको बहादुरीको स्तर पैलोदेखि छैठौंसम्म खुलाइदिएका छन् जङ्गबहादुरले। दुश्मनको कुनै किल्ला

वा गढ कब्जा गर्न सक्ने अफिसरले नै पहिलो दर्जाको मानसम्मान या पुरस्कार पाउने स्पष्ट नियम बाँधिएको छ।

यो त अफिसरहरूको कुरा भयो। अब सिपाहीहरूको बहादुरीको जांच गर्ने तरिका हेरौं। लेखेको छ–

"सिपाहीको मिहिनेत्–

अफिसरको हुकुम बमोजिममा पैल्हे हमला गरि पैल्हे किल्ला भित्र पसन्याको मिहिनेत् पैल्हो लवर–१
आफ्ना सैनसग नर्फुटि बराबर तरवार गरी
लड्न्याको मिहिनेत् दोस्रो लवर–२
हमला गर्न जाइलाग्दा घा लागन्याको मिहिनेत् तेस्रो लवर–३
अडिएर लड्दापर घा लाग्याको मिहिनेत् चौथो लवर–४
टेक्याको जमीन, अफिसरको बेहुकुम नछोडि
लड्न्याको मिहिनेत् पाचौ लवर–५"

यो सबै थिति लडाईमा, धावामा जानुभन्दा पहिले नै बनेको हो। यो कापी पनि पहिले नै लेखिएकाले माथि बयान गरेजस्तो 'मिहिनेत्' या बहादुरीको 'शिरपाउ' कसैले पायो पाएन त्यो भन्न सक्ने स्थिति हाम्रो छैन। तर रूल नियम बनिसकेकाले र जितबाजी पनि हासिल भएकाले कसैले न कसैले त यस्तो बहादुरी देखाएकोमा बकस पनि पाएकै थियो होला भन्ने अनुमान गर्नुपर्छ।

यो छोटो प्रकरणमा हामीले एउटा महत्त्वपूर्ण कुरा देख्यौं। लडाईमा बहादुरी देखाउनेलाई पुरस्कृत गर्ने परिपाटी जङ्गबहादुरले बसालिदिएका रहेछन् उसैबेला। पृथ्वीनारायण या बहादुर शाहको समयभन्दा अघि बढिसकेको रहेछ सैनिक अनुशासनको थिति।

१८. उपहारको हिसाबकिताब

वडा भव्य एउटा शीर्षक दिइएको छ जङ्गबहादुरको यो बेलाइती कापीको पृ. २१२ मा "अघि भोट हान्दा आम्दानी आयाको स्याहा पाया वर्मोजिम्–" भन्ने। कौतुहल जागछ रणबहादुर शाहका पालामा तिब्बतसंग लडाइं पर्दा नेपाल सरकारलाई के कस्तो आम्दानी भएछ भनेर हेर्ने। तर खास व्यहोरा पढेपछि भने हिस्स पारिन्छ। त्यहां त दुई ठाउंको घरधुरीको होला, 'सलामी' मात्रै फेला पर्छ। एक ठाउंमा '१८४५ साल् भाद्र सुदि ७ रोज.' भनेर त्यसका मुनि लेखिएको छ–

"नौ सै केरुका प्रजाको सलामि. मार्फत् काजि जगजीत पाण्डे– २४५१॥" अर्थात् केरुङका नौ सय 'घर' को तिब्बती रैती ('प्रजा') ले बुझाएको 'सलामी' अर्थात् घरधुरी कर। त्यो 'सलामी' पनि संपियामा २४५१ भने तापनि सबै नगद आएको होइन धेरैजसो वस्तु या जिन्सीमा असुल गरिएको रहेछ। त्यसको लगत यस्तो छ–

"चांदिनोला–१२२१
घाडाघाडी १० के–२२४॥
बोएदारपाल १ के–५
चियार्चाक (अर्थात् चवकी) १ के–
मोरु–१००१
कुचिनथान् १ के–"

न्यो वि स १८४५ मा केरुङबाट आएको भयो। अब १८४६ सालमा ल्हासाबाट प्राप्त भएको लगत हेरुं। लेखिएको छ–

"माघ सुदि ७ रोज ल्हासा साप्याका वकीलले, दर्शन् भेट् चढ्याका को (चढाएको)" भनेर आएको उपहारको फेहरिस्त यस्तो दिइएका छ–

"ध्वज–३ के चादितोला–४८२
वैजानकुचिन्थान् २ के पगाम् २१ के–
सबुजकुचिन्थान्–१ के पगाम् १२१ के–
जर्दकुचिन्थान्–१ पगाम् ११ के–
अमुबाकुचिन्थान्–१ के पगाम् ११ के–
ये सुदि १४ रोज कुतिबाट आउन्या वकीलले चढ्यायाको साल जोडा १ के–"

यसरी ल्हासा र कुतिका वकीलहरूले 'उपहार' चढाएका मालमा चादिको 'ध्वजे' भनेको सील हुनुपर्छ। कुचिन भनेको त चिनियाँ रेशमी जरिवाल किनखाब हो। र त्यसको विभिन्न प्रकार वैजनी, सबुज (हरियो) भनेको चाहिं तिनका रङहरू हुन् भनेर बुझ्न गाह्रो हुन्न। त्यहां भनिएको 'खगाम' चाहिं बुझ्न गाह्रो हुन्छ। तर त्यो भनेको लम्बाइ चौडाइ एकनास भएका चौकोर टुका हो। यो शब्द अचेल चलनचल्तीमा छैन, तर प्रज्ञाको कोशमा पाइन्छ। त्यहां 'थान् १ के पैगाम १२' इत्यादि भनेकोले एक थानमा त्यसमा चारपाटे टुका १२ ओटा छन् भनेर बुझ्नुपर्छ।

यस्तै गरी १८४७ सालमा आएको भनी यहां यस्तो लगत पनि दिइएको छ– "चैत्र सुदि १५ रोज भोटबाट पटक पटक गरि पत्र चिन्ह आयाको सुन तोला १५१ ५ · ४ तस्को असफी १५१॥ दाम् दर १५॥ ताके– २३४८॥

ये रोज डिगर्चाबाट आयाको पत्र चिन्ह चादि तोला २०८६॥

टक्सारको किफायेत् चादितोला ११६॥ जमा तोला २२०३ ताके ह – २२०३"

यसमा प्रयोग भएको 'पत्रचिन्ह' भनेको ऐलेको भाकामा 'छापावाल' भनेको हो भन्ने अर्थ लगाउनुपर्ने हुन्छ। किनभने सुनका बारेमा अर्को असफी छुट्टै देखाएको र चाँदीका बारेमा 'टक्सारको किफायत' भनिएकै छ। त्यो भनेको कम गुणस्तरको भन्ने अर्थ हुनुपर्छ।

यसरी दिइएको लगतमा, त्यसपछि आउने १८४८ सालमा (भोट युद्ध समाप्त भइसकेपछि) चिनियाँ मन्त्री टुङ ध्वाङले नेपालका राजालाई उपहार पठाएको लगत बढी चाखलाग्दो छ। अरु चाखलाग्ने कुरा के भने टुङ ध्वाङले राजा (रणबहादुर शाह) लाई मात्रै होइन, उनका काका, त्यसबेलाका नायब 'माहिला साहेब' अर्थात् बहादुर शाहलाई समेत सौगात पठाएका छन्। र, दुवै जनालाई पठाएको माल समान समान प्रकारका, सँख्यै मात्र कमबेसी भएको देखिन्छ। त्यो पूरै व्यहोरा पढ्नु उचित हुन्छ। लेखिएको छ–

"१८४८ साल् मार्ग वदि १४ रोज.

मार्ग वदि १४ रोज. टुं ध्वां चिनिजाबाट सौगात आयाको मार्फत कपर्दार भोटु पाडे नरसिं टक्सारि–

श्री ५ महाराजाका हजुर
विर्जुलिवालसुर्सानिरंगाका वषु–१
चिनिजावुलवुलचस्मा–२
लालपानिकुचिन्थान्–२
मोहरफुलवालाकुचिन्थान्-२
सुर्माइरंगगहकुचिन्सानुथान्–२
जायफरानगहकुचिन्थान्–२
टम्मकपलडागोटा–६
वैजनिस्याहापतिकुचिन्थान्–२
लालऋाडवालकुचिन्थान्–२
नुमिरंगगहकुचिन्थान्सानु–३
वैजनिरंगकोकोठेदारंगहथान्–१
निङस्याङथान्–४

श्री माहिला साहवका हजुर
विजुलिवालसुर्मानरगका वपु–१
गुलाविपानिकुचिन्थान्–१
सुमांडपानिकुचिन्थान्–१
वैजनिपानिकुचिन्थान्–१
जायफरान्गहकुचिन्थान्–१
तुसिरंगगहकुचिन्थान्–१
टम्मकपलडागोटा–४
पंस्ताइपानिकुचिन्थान्–१
सपेतपानिकुचिन्थान्–१
लालऊडवालकुचिन्थान्–२
वैजनिगहकुचिन्सानुथान्–१
तीड्स्याइथान्–४"

यसरी महाराजाधिराजकै सरह सौगात पाउने 'श्री माहिला साहेब' निकै शक्तिशाली व्यक्ति रहेछन् भन्ने हामीले बुझनुपर्छ, नत्र राजाका काका भएका नातालै मात्रै उनले यत्तिका किमती कपडा कुचिन (किनखाब)हरू पाउने थिएनन्। हुन पनि रणबहादुर शाहले आफू समर्थ भएपछि ईर्ष्यावश शक्तिच्युत गरी बन्दी नवनाउञ्जेल, पृथ्वीनारायण शाहको विंडो थाम्ने बहादुर भनी उनको ख्याति फैलिएकै हो। त्यसैको सबुत प्रमाण हो उनले प्राप्त गरेका यी चिनियाँ सौगात उपहारहरू।

अब यस लगतमा परेको अन्तिम प्रविष्टि १८४८ सालको भोटबाट आएको आम्दानी हेरेर यो प्रकरण टुग्याऊं। लेखेको छ–

"मार्ग सुदि ३ रोज. कुतिका ४८ सालका किस्ता बाकी मध्ये आयाको मार्फत् सिरि पाडे जमधर पथ सिव–१०३८॥"

२०. "कौनै कुराको टंटा लागन्या छैन"

नेपालको सरकारले वि.सं. १९११ साल चैतमा भोट (तिब्बत) तिरका रैयतका नाममा १५ वुंदे एउटा लालमोहर जारी गरेको रहेछ। आफूले भोटमाथि चढाइ गर्नुभन्दा पहिले नै उताका रैयत आफूपट्टि मिलुन् र लडाइं धेरै गर्नु नपरोस्, छिट्टै सर होस् भन्ने यसको मनसाय देखिन्छ। तत्र आफूले धावा गर्नुअघि नै त्यताका जनतालाई आफ्ने रैतीजस्तो गरी रितिथिति बांधनाको औचित्य देखिंदैन। यो लालमोहर केरुङ, झोंगा, खासा र कुतीका 'ढेवा' प्रशासकहरूलाई सम्बोधन गरेर जारी गरिएको भनिएको छ। यसरी–

"केरु झोंगा, पासा, कुतिका ढेवा कुमन्को नाउमा भयाका थितिका लालमोहरको नकल–"

नकल या प्रतिलिपि मात्र भएकाले सार्दा यो बेलाइती कापीमा 'प्रशस्ति सौं' भनी सोझै शुरु गरिएको छ। यस प्रकार:

"आगे केरु भर अम्वलका ढेवा कुमन् रेयत् प्रजा गैढ के निमित्तहरूलाई भोटवाट आजसम्म तिरो भरोमा र. झोरा वेठवेगार गैढको साट्टै टंटा लायाका रहेछन्. वर्मोजीम् तपसीलका थिति वन्देज गरिवक्स्या. सुभिस्ता सग थितिमा रहन पाउनन् भन्या विस्तार श्री महाजकुमार कुमारान्मज श्री प्राइमिनिष्टर यात कम्यांडर इन चीफ जनरल जङ्गवहादुर कुवर राणाजीले हाम्रा हजुरमा जाहेर गर्दा. सो वर्माजिम थिति वन्देज वाधिवक्स्यौं. यो थिति वन्देजमा जो रहवैन.

तसलाई जात अनसारको भारि सजाय होला–"

भन्नाले भोटवाट, अर्थात् ल्हासा सरकारले धेरै दुःख दिएको, रुन्छ टण्टा लगाएकाले त्यसको निराकरण गर्न हामी आएका छौं भन्ने आसयले, लडाईभन्दा पहिले नै यो लालमोहर जारी गरेको देखिएको छ। हामीहरू, अर्थात् गोर्खा सरकारले तिमीहरूलाई यतियति कुराको सुविस्ता दिई शान्ति सुव्यवस्था कायम गरिदिनेछ भन्ने अग्रिम प्रत्याभूति दिन खोजेको प्रतीत हुन्छ यो पद्दा। नभन्दै कति कुराको आश्वासन दिइएको छ भन्ने केही मात्र हेर्दा पनि थाहा हुन्छ। पहिलो दफामै मालपोत कर आधा घटाइएको छ–

"भोटलाई आजसम्म दियाको सिर्तोमा आधि माफ गरिवक्स्यौं आधि ढेवा मार्फत् हाम्रो दर्वारमा दाषील गर्नु–१"

त्यो मात्र हैन, अरु किसिमको कर पनि मिनाहा गरेको छ–

"मेजमानि दिनुपन्यो भनि. चियाचप्पा पैसा माना उठाउन्या र. स्वास्नीको मेजमानि दिन्या कलम माफ गरिवक्स्यौ. तेस्ता कलम दिनुपर्दैन–२"

यो दफा बडो मार्मिक छ। 'स्वास्नीको मेजमानी' भनेको पाहुनालाई आइमाईको बन्दोवस्त गरिदिनुपर्ने भन्ने हुन्छ। पहिले भोटमा रैतीले सरकारी पाहुनालाई खुवाउनु पियाउनु मात्र होइन राति आईमाईको पनि बन्दोवस्त गरिदिनु पर्थ्यो अरे, हामीहरू आएपछि त्यो प्रथा खारेज हुन्छ भन्ने आश्वासन हो यो गोर्खा सरकारका तर्फबाट। त्यसबाहेक भोटका प्रशासकहरूले नियम वमोजिम जनतावाट लिन खान पाउने दस्तुरहरू पनि तोकिदिएका छन् जङ्गबहादुरले। लालमोहरको १४ औं दफामा लेखिएको छ–

"भोटका पालाको ढेवाले. रैयतसंग दैदस्तुर जो पायाको छ. तेस्मा माफ गरि वक्स्याको कलम् बाहेक. आधि दस्तुर पानु. आधिभन्दा वढ्ता नर्हामल गरि पायाको ठहर्‍यो भन्या विगो फिर्ता गराई विगो वमोजिम ढेवालाई डड होला–१४"

या कर र राजस्वको सहुलियत दिएभन्दा बढी अरू पनि कुराको आश्वासन दिइएको देखिन्छ उताका रैतीलाई। पैले भोटको शासनमा झगडा, कुटपिट र ज्यान मुद्दामा उति कडाइ नहुने हुनाले रैतीलाई दुःख थियो भन्ने बुझी जङ्गबहादुरले त्यस दिशामा बढी ध्यान दिएको स्पष्ट हुन्छ। स्पष्टसंग भनिएको छ, यहां 'ज्यानको बदला ज्यान जाला' । त्यति मात्र पनि होइन। सानातिना झै-झगडामा पनि घाउ चोटपटक लाग्नेमा द्विविधा नहुने गरी यसो यसो गर्ने भन्ने किटान गरिएको छ–

"झगरा गर्दा अगुला भाचन्या लाई पचास मोहर. हातथुट्टा भाचन्यालाई दुई सय मोहर. यौटा आपा फोर्न्यालाई पाच सय मोहर डंड होला. दुइ आपा फोर्न्यालाई जनमभर जेलमा कयद होला–१०"

चोरीको बारेमा पनि थिति बाँधिदिएका छन् जङ्गबहादुरले यस्तो भनेर–

"कसैले कसैको धनमाल चोरि गऱ्यो भन्या. बिगो भराइ बिगो बरोबर डड होला–१२"

अनि थप भनिएको छ–

"अरू पनवात लाग्दा. भोटका पालामा जो डंड लियाको छ. अब उप्रान उसै पत्वात् परिआयो भन्या. भोटका पालामा लियाका डडको १ पंड डंड होला–१३"

तर भोटसंग लडाइं भए पनि, उसको भूमि सर गर्दा पनि चीनसंग सम्बन्ध नबिग्रोस् भन्नेपट्टि जङ्गबहादुर सचेत देखिन्छन्। जस्तो झारा उठाउने अर्थात् रैतीसंग नि:शुल्क लिइने श्रमदान खारेज गर्दा पनि चीन पठाउने सौगातहरू बोक्न लैजादा यो कायमै राखेका छन्। भन्छन्-

"झारा बेठ बेगार. माफ गरिवक्स्यौं. श्री ५ चीन बादसाहलाई पसिना लि जादा. आउदा जो अघि देषी. दी आयाका भरिया दस्तुर अब उप्रान पनि दिनु–३"

त्यो सबैभन्दा पनि चाखलाग्दो, महत्त्वपूर्ण कुरा यस लालमोहरमा भोटका जननालाई के भनिएको छ भने- 'भोटमा हामी लड्न गर्दैछौं, त्यसमा तिमीहरूले हामीलाई निःशर्त सेवा दिनुपर्छ तर यो लडाइं सकिएपछि त्यो क्ये दिनुपर्दैन।' दण्ड र पुरस्कारको खुलस निर्देशन भएको त्यो लालमोहरको पांचौं दफा यस्तो छ–

"हाम्रा तरफबाट लड्नेहरूको जगी कामकाज चलेज्याल् मानिस घोडा चौरि गदाहा गेहू भारि बोक्न्या भरिया दी वर्षको २ पेप ज्याला मजुरि नली महत् दिनु. वाहा दंपी वाहेक चाहियो भन्या महाजनहरूसंग लियाका दरवंदि वमोजिम मजुरी ली भारि चलाइदिनु. लड्नेहरू सकियापछि तिमीहरूलाई कौने कुराको टंटा लागन्या छैन–५"

'इति सम्वत् १८११ साल मिति चैत वदि २ रोज शुभम्' भएको यो लालमोहर राजा सुरेन्द्रवीरविक्रम शाहको हुनुपर्छ। तर त्यो शिर व्यहोरामा मात्थि नै भनिए झैं 'प्रशस्तिसौं' मात्र भनी छोडिएकोले किटान साथ भन्न सकिएन। तर 'प्रशस्तिसौं' 'रुजु' हुनेमा जङ्गबहादुर समेत चार जना भाइभारदार पनि थिए भन्छ तल लेखिएको व्यहोराले। भए पनि जङ्गबहादुर वाहेक अरू तीन जना को थिए भन्ने थाहा हुँदैन। त्यहां यत्ति मात्र लेखिएको छ–

"श्री प्राइम मिनिष्टर यान श्री मिनिष्टर जनरलका प्रशस्तिसौं–

ऐ. जगा ४ को. देवा मिश्रार झुमन् रैयत गैह्रका नाउंमा

ऐ. थितिका लालमोहर वमोजिम् दस्कत–४"

२१. झुगा किल्लामा प्राइमिनिष्टर

हामीले भोट र चीनका बारेमा धेरै कुरा गऱ्यौं यहांसम्मका पानामा। हुनत यस्ता विषयमा सबैको चाख हुदैन, तर यी इतिहासका तथ्य हुन्, त्यसको महत्त्व शोधखोज गर्नेलाई हुन्छ भनेर यति गरिएको हो।

भोट (तिब्बत) र चीनका बारेमा त काम लाग्छ भनेर होला यस कापीमा यत्तिका कुरा टिपिएका छन् अचम्मै पर्नुपर्छ। उदाहरणार्थ हेरु- कापीको पहिलै पृष्ठमा "भोट्या बोलिचाट अकको नाउँ":

"चीक १, नी २, सुम् ३, ही ४, डा ५, टुक् ६, द्वी ७, घ्य ८, घु ८ र च्यु थोवा १०" इत्यादि भनी, सयसम्म र एकसय, दुईसयदेखि हजार र एकाइ दाहाइ गरी करोडसम्मका नाम यसमा दिइएका छ। अङ्कहरूको नाम जानी राख्नु उपयोगी हुन्छ भनेर होला भोटे (तिब्बती) बोलीमा मात्र होइन चिनियां भाषामा पनि, त्यस्तै गरी एकदेखि एक सय बीससम्मका अङ्कहरूको नाम यहां (पृष्ठ ७४-७५ मा) टिपिएका छन्। यसरी–

"इको १, आर २, सान ३, स्ज ४, उक ५, लूक ६, छिक ७, पाक ८, च्यूक ८, शिक १०, इप्पालिन् अस् १२०"

तर, पहिले नै भनिसकिएको छ, यस कपीमा नेपालभित्रका मुख्य मुख्य बाटाघाटाको पनि राम्रो उल्लेख भएको छ। नेपाल राजधानीबाट पूर्व, पश्चिम र दक्षिणतिरका सिमानासम्म पुग्ने बाटाको विवरण

हामीले हेरिसकेका छौं। उत्तरतिरको चाहिं धेरैजसो हामीले ऐलेसम्म पढेको कुती केरुङ इत्यादि हुँदै ल्हासासम्म पुग्ने 'राजमार्ग' का कुरा हुन्। आज हामी सुदूरपश्चिम हुँदै उत्तर तिब्बत सिमानासम्म पुग्ने बाटोको विवरण हेर्ने। पृ.८८ मा यस्तो लेखिएको छ–

"जुमला छिनासिम्बाट नाकलापारसम्म जान्या बाटो. चार. साढे चार. पाच कोसमा बास गरि जमा बास्-१५"

यति शीर्षक दिएर विवरण दिइएको छ। यसरी–

"उत्तर मुषगरि जान्या–२
काभ्रया–१, पिना- २
वायव्य मुषगरि जान्या–१३
वायं–३ कंर्मि–८
रिमि–४ याङ्गार-१०
मेहेलछाप्-५ तुमकोट्-११
फुचा-६ यारि-१२
डुर्पा-७ केट्-१३
सिम्कोट्-८ पोचेर-१४
ताकलापार–१५"

यस कापीमा भोटतिरका बाटोघाटोको विवरणलाई बढी प्राथमिकता दिइएको कुरा धेरै पटक भनिसकिएको छ। जस्तो–

"वलाचोकदेपी वायावाट. डिगर्चा जान्या बाटो. यो बाटो घोडा जांछ"

"टोपके गोलादेपि ३ बासमा डिगर्च पुग्छ. घोडा अरुनले जान दिदैन अपठारो छ–"

"च्यामेजा गोलादेपी. ८ दिनमा डिगर्चा पुग्छ. घोडा हिडन सकदैन अपठारो छ–"

"लिप्तिवाट कुतिको बाटो गरि. टिगरि जान्या बाटो. यो बाटो घोडा कुतिसम्म जादैन. ताहादेपी पुडो जाछ–"

भार्तानर जाने बाटाको कुरा गर्दा यस कापीमा भएको एउटा लामै प्रसङ्ग उद्धृत गरेर यस प्रकरणलाई विश्राम दिऊँ। 'काठमाडौंदेखी केरुङको बाटो गरि टिगरी किल्ला जान्या बाटाको वेहोराबारे नपर्सीलबाट ११ औं वास, ५२½ कोस पर ओगा जिल्ला पुग्ने दिनको वेहोरा।' यसबाट यस कापीमा प्रयोग भएको भाषाको पनि राम्रो भेउ पाइन्छ। कापीको पृष्ठ ६-७ मा छ–

"११ गुद्रावाट. ओगा ५ कोसमा वास पर्छ. पोलाको तिरैतिरबाट १ कोस गै. काट्या साघु पुग्यापछि पोला दाहिना पारि. तिरैतिर गै फेर काट्या साघु तरि। (आधा) कोस पोला. वारि गरि. पोलाको तिरैतिरबाट पहऱ्या १ तरि उकालो चढि तेर्छो बाटा हिंडि भंऱ्याङ् गरि चढ्नालो ऊरि २ कोस पोलाको वाउ पारि. तिरैतिर गै चहऱ्या समेत १॥ कोस हिड्या पछि ओगामा वास पुग्छ. ओगामा ठूलो १ किल्ला छ त्यो किल्ला ३/४ सै हात गज होला ३/४ सैहात लमाइ होला तेस्मा ३/४ हात गज १६/१७ हात अल्गो पर्पालले घेरियाको छ तेस पर्पालका ६/७ हात भित्र फेरि अर्को पर्पाल लायाको छ. किल्ला भित्र ठाउ ठाउमा. विकट घर बनायाको छ. तेस घरमा २ ढवा रहछन् ८०/८० सिपाही र प्रजा ८/८ सै वस्याका छन्. पर्पजाना हातहतियार पनि वम्पे छ उन्हेरुलाई रसद भडार पनि छ. तेस गढका भित्र गुवा १ छ तेस्मा ५०/६० लामा वस्याका छन्. काम पर्दामा येस ढेवाका जिल्ला ५/६ दिनका वाटोसम्म छ तेस जिल्लाका मानिस उठाइ ल्याया ४/५ हजारसम्म होला. येस गढ किल्लाका मुनि वाटा जानुपर्छ. अर्को वाटो छैन. डाडा छलिगया मात्र किल्ला छलिछ. रसद पाइदैन-५२॥"

भौगोलिक नपर्ला कति गहिरा र महत्त्वपूर्ण सूचना छन् यस विवरणमा। त्यसैले यसलाई बाटाको वर्णनभन्दा पनि लडाईंको खुफिया सूचना सामग्री भन्नुपर्छ। यस बयानबाट कुगाको किल्ला कति बलियो रहेछ भन्ने बुझिन्छ। र यो किल्ला सर गर्न किन गोर्खाली फौजलाई त्यति गाह्रो भएको रहेछ भन्ने समेत बुझ्न सकिन्छ। स्वयम् जङ्गबहादुरले पनि यस गढलाई महत्त्व दिएको राम्रै थाहा हुन्छ। किनभने यो किल्ला कब्जा गरेपछि उनी आफैं त्यहाँ

पुर्‍याका थिए। साइत गरी किल्ला भित्र छिरेका थिए भन्छ यस कापीले (पृ.२१८-२०)। यसरी–

"(१८१२ साल) ज्येष्ठका दिन ८ जादा ज्येष्ठ सुदि ५ रोज २ का दिनमा घटि ८.४५ मा ऋगामा श्री प्राइम मिनिष्टर प्रवेश भयाको मायित्"। किल्ला प्रवेशको महत्त्व मानो छैन। माथि भनिसकियो ऋगा कब्जा गर्न यतिको फौजलाई हम्मे परेको थियो। कति हम्मे परेको थियो भन्ने यस व्यहोराबाट बुझिन्छ। लेखिएको छ–

"वैसाष सुदि १० रोज ५ देषी ऋगाको किल्ला भित्र भोट्याका फौज रहदा. किल्ला बाहिर. पुराना गोरष. भैरवनाथ. जगनाथ गोरषनाथ पल्टन्ले घेरा दि. ५ दिनसम्म बाहिरैबाट लडाञि गरि वैसाष सुदि १५ रोज ४ का दिनको ८ घडी बाकिमा. किल्ला भित्रको भोट्या. किल्ला बाहिर निस्कि. भागदा ऋगा किल्ला सर गर्‍या-१"

२२. "नांग्या गोवाको मुषजवान्"

जङ्गबहादुरले भोटमाथि धावा गर्नुअघि त्यताको खैखबरी वा जासूसी नै भनूं, प्रसस्तै गरेका थिए। रणनीतिको त्यो एउटा महत्त्वपूर्ण अङ्ग नै हो पनि। तर ऐले प्रसङ्ग उठाउन लागेको महाराजलाई त्यस्ता सूचना, खबरहरू कसरी आउंदा रहेछन् भनी हेर्नलाई हो। अवश्य, त्यसबेलाको गोर्खा सरकारले उत्तरपट्टिको आफ्नो सरहदमा बस्ने रैतीसंग सोधपुछ गरी पारिपट्टिको स्थितिको तथ्याङ्क लिन मान्छे खटाएको हुनुपर्छ। त्यसरी आएका सूचनाहरू नै एकत्रित गरी जङ्गी कारवाहीका लागि सामग्री एकट्ठा पारिएको हो भन्ने बुझ्न सकिन्छ। त्यसको प्रमाणस्वरूप, उदाहरणका लागि, हामीलाई एकजनाले दिएको 'मुख जवान' व्यहोरा नै प्राप्त छ। पूर्व-उत्तर सिमानाको ओलाइचुङ्गोलातिर त्यस्तो तथ्याङ्क सङ्कलन गर्न कम्याण्डर कर्णेल खड्गबहादुर कुंवर राणालाई खटाइएको रहेछ। उनले त्यहांका गोवाले दिएको सूचना हुबहु लेखी जङ्गबहादुरलाई पठाएका रहेछन्। ३० पंक्ति लामो त्यो पूरै व्यहोरा पढी हेर्नुपर्छ कुरा बुझ्नलाई। हेर्नु पृष्ठ ८८ मा भएको त्यो दस्तावेज। गोवाको बयान शुरु गर्नुभन्दा पहिले त्यसको भूमिका यसरी बांधिएको छ–

"सवत् १९११ साल पौष सुदि १४ रोज ३ का दिन. श्री कमांडर कर्णेल पड्गबहादुर कुंवर राणाजीवाट आयाका चिठीमा षामभित्र परिआयाको. वालुङ्चुङ् गोलाका नांग्या गोवाले गऱ्याको मुष जवान्–"

यति भनी गोवाको भनाइ दिइएको छ। त्यसको शुरु यस्तो छ–

"वालुङचुङदेखि चौरिभेडा भारि स्लंत जादा ६/७ दिनको वाटो तिंग्या पलगा भन्याको अडामा लामा कोरौंइला काजि १ स्या छ्यार्पा काजि १ र सिपाही ५० ६० वस्तछन्. यो साल जेठ मैन्हा देपी भाद्र मैन्हासम्म. गोर्षाको लस्कर आउछ भनि आफना जिल्लाभरमा १८ वर्षदेखि उभो र ६० वर्षदेपी उघोका लोग्न्या मानिसको नाउ लेपि. तिमीहरू तिंग्या पलगामा सामेल हुनुपर्छ. भनि गाउ गाउमा उर्दि गर्‍योथ्यो. रसदको पनि ताकिता गर्‍योथ्यो. भंछन्"

यति भनिसकेपछि त्यो तिङ्ङे खलङ्गा (शिविर) र त्यसको वरिपरिको व्यवस्थाको विवरण दिइएको छ–

"तेस तिलंग्या पलङ्गामा वसि पलगा भित्र पारि. वाहिर चारैतिर माटाको आड अधिदेपी वन्याको छ. तिंग्या पलगादेपि २ दिनको वाटो उभो. सुषिमको दोसाधमा. पम्वा पलंगा डाडामा डिगर्चा. टासिलिम्वुको औतारिलामा को काजि १ र सिपाही २५ जवान वस्याको छ. गढि किल्ला केहि छैन. पम्वा पलगादेपि ५ दिनको वाटो प्रे पलंगा भन्याको अडामा. ल्हासाको काजि १ र सिपाही ५०/६० वस्तछन्. यस पलंगा वाहिर चारैतर्फ ढुंगाको पर्चाल लाग्याको छ. प्रेपलंगादेखि ३ दिनमा डिगर्चा सहर पुगिछ."

यसपछि 'नांग्या गोवा' डिगर्चाको अवस्था वर्णन गरिएको छ–

"डिगर्चामा भोट्या सिपाही 1000 चिनियां सिपाही ५०० भोट्या काजि १ आफना आफना पलगा वेगलै वस्दछन्. गढिकिल्ला पनि. मजगुत वन्याको छ. लामाका गुवामा. पढन्या सिछे लामाहरू ३७ सैछन्. गुवैमा वसि रात दिन पढ्छन्. रसद पनि वजार जगेरा मजगुति छ."

डिगर्चाको यति वयान गरिसकेपछि नाङ्गे गोवा वाटाकै इतिवृत्तमा फर्कन्छन्। भन्छन्, "वालुङचुङवाट तिंग्या पलंगा जादा. वीच वाटामा सानासाना गाउं छन्. तिंग्या पलंगादेपी. २ दिनको वाटो

बढो सहर भन्याको ठूलो गाउ छ. तिंग्या पलंगादेखी, डिगर्चासम्म रम्तिवस्ति गाउं अडा अडा मा छ."

यसपछि हाम्रो सिमाना, ओलाङचुङ्गोलादेखि उत्तरको भोटसम्मको स्थिति बयान गर्छन् गोवा। भन्छन्–

"वालुङचुङ् गोलादेपी दोसाध लंगुर (अर्थात् सिमानाको पहाड) ४ कोस पर्छ. लगुरदेपी हाम्रो पट्टि फेदिमा. माथु वडार २/४ जना वस्नु हुन्या छ. तेसै फेदिमा. चौरि पस्क भन्याको जगा समथर छ. पोला वारिपारि गरी ३/४ हजार वस्नु हुंछ. पोला छिन्याको छैन. समथरै छ. लंगुरबाट रुन्यां बाटो वह्रालो छैन. तेपाइ बाटो छ. तेस फेदिमा फागुनसम्म हिउं रहंछ. लंगुर पारि पुडु भन्याको जग्गामा. दोबाटो छ. १ बाटो माफु वडारको बाटो वालुङचुङ् गोलामा आउंछ. १ बाटो मैवा पोलाको सिर. तोपकेगोलामा आउंछ. तेसै पुडु गाउदेपी १ दिनको बाटो उभो टसिरप्को भन्याको जग्गामा. माटाका २ वौद्ध (स्तुप) छ. तेसै ठाउंमा. ३ दोबाटो छ. १ बाटो पुडु आइ वालुङचुङ र तोप्के गोलामा आउंछ. १ बाटो च्याटामा आउंछ. १ बाटो वालुङचुङ् पाचगाउंको लगायामा भन्याको जग्गामा आउंछ."

यति भनिसकेपछि गोवा आफ्नो बयान टुंग्याउंछन् यसो भन्दै–

"मैले देप्याको सुन्याको आहासम्म हो–१"

पढ्नेहरूलाई रुकों लाग्ने गरी एकै जनाको 'मुख जवान' भएको कुराको गन्थन गर्नैपर्ने कारण माथि नै खुलाइएको छ तर पनि फेरि भनूं। जङ्गबहादुरको यस बेलाइती कापीमा भित्याइएका अभिलेखहरू कसरी सङ्लन भएका रहेछन् भन्ने बुझ्नलाई ओलाङचुङ् गोलाको ती "नांग्या गोवाको मुषजवान्" को यो व्यहोराले सघाउंछ। त्यति हो।

२३. अंग्रेजले हिस्स पारिदिएछन् !

जङ्गबहादुरको बेलायती कापीको चर्चा अब सकिने क्रममा छ। वास्तवमा यो नै अन्तिम प्रकरण हुनुपर्ने हो, तर त्यसो गर्दा यो अत्यधिक लामो हुने देखियो। त्यसै भएर यसलाई दुइटा प्रकरण बनाउन लागिएको हो। हुन पनि यो कापीका १८५ देखि २०८ सम्मका पन्ध्र पृष्ठमा एउटै प्रसङ्ग छ- नेपाल भोट युद्धको।

विक्रम सम्वत् १८४६ देखि १८४८ सम्म नेपाल र भोट (तिब्बत) बीच खिचलो भइरह्यो। त्यसमा चीनले पनि चासो लियो र सेना पठायो। धेरै चिठीपत्र र धेरै पटक छलफल हुंदा पनि कुरा नमिलेपछि टुङ ध्वाङको नेतृत्वको चिनियां फौज नेपालतिर बढ्दै वेत्रावती, धैवुडम्म आइपुगको थियो। त्यसपछि दुई देशबीच सुलह भई टुङ् ध्वाङ फौजसहित स्वदेश फर्केको लामो विवरण यी पानाहरूमा पढ्न पाइन्छ। त्यो पूरै व्यहोरा नपढी सबै बुझिन्न तापनि त्यसो गर्न हामीलाई स्थानाभाव छ। त्यसैले विषयका बीचबीचका प्रसङ्ग अलि अलि उठाएर हामी यसलाई टुग्याउने छौं। तर त्यो कुरा शुरु गर्नुभन्दा पहिले हामीले बुझ्नुपर्ने यो लामो 'विस्तार' के हो, इतिहास हो कि एकपक्षको जाहेरी मात्र ? त्यसबेलाको गोर्खा सरकारका पक्षबाट बोलिएको शिर व्यहोरा पढ्दा के देखिन्छ भने यो एउटा चिठीको सारांश हो। "चिठीको नक्कलबाट तरजुमा भयाको अघि भोटसंग लडाञीको विस्तार" भनिएको छ यसलाई। त्यो व्यहोरा नै पढौं-

"सम्वत् १८५० साल मिति वैशाष सुदि १० रोजका दिन. कपतान् किरिक् पार्नरिक् साहेब वहादूर सौ: का तरइको मार्फत् कलकत्ताका कौंसलिया साहेबवानहरुका हजुरमा रवाना भयाको. सम्वत् १८४६ मालदेपी सम्वत् १८४८ मा चिनको इलाका भोट मुलुकसँग र चिनका उजिरसंग पहिले लड़ाञि भै वहापछि फेरि चिनको वादशाहको र महाराज रणवहादुर साह वहादुर सम्सेरजंगको सलुक् भयाको वेहोराको चिठीका नक्कलवाट तरजुमा भयाको अघि भोटसग लड़ाजीको विस्तार–"

भन्नाल, अङ्ग्रेज अर्थात् इष्ट इण्डिया कम्पनीका 'साहेव' हरूलाई कलकत्तामा चिठी लेखी भोटसंगको लड़ाइं कसरी शुरु भयो र कसरी टुड्दियो भन्ने शुरुदेखि अन्त्यसम्मको विवरण पठाएछ गोर्खा (नेपाल) सरकारले। यस्तो किन गर्नु पऱ्यो न ? भनी हामीले सोच्नु जरुरी छ। यो चिठीवाट कारण के खुल्छ भने भोटका तर्फबाट लड्न, चीनको फौज नै नेपालभित्र पसेपछि नेपालका तर्फबाट अङ्ग्रेजहरूसंग सहायता मागियो। अर्थात् अङ्ग्रेजलाई नेपाल भित्र पस्न नेपालले नै निम्त्यायो। नेपालको फौज थिनियांसंग लड्न नसकी भोटको केरुवाट हटी रसुवामा आइपस्यो। त्यहाँ पनि अड्न सकेन र त्यहांवाट टिमिरे, स्याफ्रु, धुन्छे, देउराली, काभ्रे सबैतिर हार खादै गोर्खाली फौज थैवुड रामचेसम्म पछि हटेर वसेपछि र चिनियां फौज १० १२ हजारको अति विशाल सङ्ख्यामा छ भन्ने देखी आफ्नो केही नलाग्ने ठानेर नेपालले मदतका लागि अङ्ग्रेजलाई गुहारेको देखिन्छ। राम्चेवाट वेत्रावती आउने चीनको कमाण्डर टुङ् ख्वाइको चिठी पाएपछि नेपाल स्पष्टै आत्तिएको थियो। बाहिरिया शक्तिलाई नगुहारी नहुने ठानेर नै त्यसरी कलकत्तासंग सहायता मागेको देखिन्छ। कपीमा लेखिएको छ (पृ.२०४-५)–

" भन्या वेहोराको चिठी. गोर्षा महाराजका नाउंमा लेषी. यो कुरा ३ दिनभित्रमा चुठि आउनु. होइन भन्या जवरजस्तिसंग फौजसमेत तुवाकोटमा पुग्न्या छु. भन्या कुरा काजि रंजित पाडेसंग भनि. चिठी समेत काजिलाई पठाईदिया. काजि रंजित पाडे गोर्षा महाराजका हजुरमा पुगी. काजिले भन्याका सवै कुरा विन्ति गर्‍यो. गोर्षा

महाराजबाट काजिको चिठीको बेहोराले, वजीरको सलुक गर्न्या, मनसुबा छैन भन्या बुझी, मुर्चा किल्लाघरहरू वलियो तुल्याई, सर्कार कम्पनि अंग्रेज बहादुरलाई साचो दोस्त जानि, महत मागना निमित्त, फौजका मालिक नवाव गौरनर जनरल लार्ड आरल् कारन् वान्स (कर्नवालिस) बहादुर का पिदमत्मा, चिठी लेखी कलकत्ता रवाना गरि, वजिरकी चिठीको जवाफमा पनि दोस्ति गर्नाको मन्जुर छ भन्या, द्वैवुमा मुकाम गरि मामिलाको वन्दोवस्त गर्नु, नुवाकोट भन्याको नेपालै हो तहां पालि गरि डाक्न सक्तिन भनि, गोर्षा महाराजले लेखी पठाया."

स्पष्ट शब्दमा त्यसमा फौजी महत मागिएको थियो भन्ने नसकिए पनि "फौजमा मालिक नवाव गौरनर जनरलका पिदमत्" मा लेखिएको थियो भनेपछि उनीहरूलाई नेपालमा निम्ता गरिएको रहेछ नै भन्नुपर्न्यो। तर यति गरेर पनि लर्ड कर्नवालिसले नेपाललाई महत पठाएनन्, वरु उल्टो तिमीहरूले चीनसंग लड्नु ठीक छैन, सन्धि गर भन्ने किसिमको नसामेको सल्लाह दिई पठाए। फौजी सहायता गर्ने साटो आफ्नो क्याप्टेन कर्कप्याट्रिकलाई सल्लाह दिन भनेर गभर्नर जनरलले नेपाल पठाए। त्यस कुरालाई यहां यसरी लेखिएको छ (पृ.२०७) –

"... यस्तै वीचमा, गोर्षा महाराजको चिठीको जवावमा, कलकत्ताबाट लाठसाहेवबाट पनि, जस्ता तरहले चीन वादसाहसंग दोस्ती सलुक हुंछ, सो गर्नु उसले वढिया हुन्या छ, दुवै तरफका दोस्तीको जरो वलियो गर्नाको निमित्त, म आफ्ना नर्फबाट कप्तान वलियम किरिक पातरिक साहेव वहादुरलाई पठाइदिउला भनि लेखी पठायाको चिठी पनि आइपुग्यो."

अंग्रेजहरूले यसरी आफूलाई हिस्स पारिदिएपछि अब टुड ब्वाडको प्रस्ताव वमोजिम नगरी भएन र नेपाल सरकारले झगडाको जड भएको स्यामर्पा लामाका हाडखोर र डिगर्चातिर आफूले लुटेको केही सामान फिर्ता गरी थुप्रै उपहारहरू दिएर सुलह (सन्धि) गऱ्यो। त्यस कुरालाई कलकत्तामा पठाइएको 'जाहेरी' चिठीमा यसरी

बताइएको छ (पृ.२०७) –

"गोर्पा महाराजबाट वजीर (अर्थात् टुड् ध्वाड) ले. लेप्याकोंर लाठ माहवले लेप्याको विचार गरि चिन बादशाहलाई मान्या बढिया होला. रुगरा तकार गप्या घटिया होला भन्या. आपुसमा तजवीज गरि. वजिरले लेप्या वमोजिम सामर्पा लामाको हाड् र नोकरहरू. उसको माल असवाव समेत. औ चिन बादसाहबाट डिगर्चाको टासिलेमु लामालाई पिल्लत भयाको चीज वस्तु र जवद गरि त्यायाको मध्ये केही चादि र कुथिनको थान औ थिन् बादसाहका नजर निमित्त अनौठो तोफा र अर्जि स्मेत काजि देवदत्त थापा. सुवा प्रतिमान राना जित साह वलभद्र मुतसद्दिहरूलाई ५० जना मानिस. साथ गरि विदा दी पेकिन् सहर पठाया."

यो जाहेरी चिठीमा; त्यसरी थी सामानहरू वजीर टुड् ध्वाडकहाँ पुगेपछि उनले नेपाली टोलीलाई बादसाहको दर्शन गरी उपहार चढाउन पेचिङ पठाइदिए। उनीहरूले पेचिनमा बादसाहको दर्शन गरेपछि बादसाहले नेपाल र भोट मिली बस्तु झगडा नगर्नु भने भन्ने सल्लाह' दिएको कुरा यसरी लेखिएको छ (पृ.२०८)–

"दुवै तरफबाट ५ वर्षपछि गोर्खा महाराजका वकीलले अर्जि र सौगात समेत ली चीन बादसाहका हजुरमा गै. चीन बादसाहको दर्शन गरि आफ्ना हाल विन्ति गर्दै रहनु. गोर्खा महाराज र ल्हासका राजासे मिलि रहनु. फेरि आपुसमा झगडा तकार नगर्नु. भन्या. दुवै तर्फबाट अकार भै. अघिदेपीको गोर्खा महाराजको जगा गोर्खैलाई. ल्हासाका ल्हासैलाई गरि. दुवै तरफको थुमिराजीसँग फैसला गरिदिया."

२४. खोटा सिक्काको रसिलो कथा

चौवीसौं प्रकरण यो यस सिलसिलाको आखिरी लेखोट हुन आएको छ। यसअघि नै भनियो, पछिल्ला दुई (२३औं र २४औं) प्रकरण एकै विषयमा केन्द्रित हुनेछन् भनेर। त्यो विषय भनेको नेपालले इष्ट इण्डिया कम्पनीलाई लेखेको १५ पृष्ठ लामो चिठी हो। त्यसमा नेपाल र भोट (तिब्बत) को लडाई कसरी भयो, किन भयो, कसरी नेपाल अप्ठेरोमा पर्दै गयो भन्ने कुरा छर्लङ्ग पारिएको छ।

मुख्यत: नेपालले त्यो लडाइमा अघेंलो भोटपट्टिको हो भन्ने देखाउन खोजेको छ। त्यसमा पनि मुख्य झगडा 'खोटा सिक्का' नै भएको र अन्त्यमा चीनको महतले त्यो समस्या छिनोफानो भएको देखिइएको छ। शुरुको कुरा मल्लकालको उल्लेख गरी भनिएको छ (पृ.१८५)-

"अघि नेपालका राजा र भोटका राजाको २ तरफको दोस्ति थियो. नेपालको निघरा महिन्द्रमल्लको टकको चलन् भोटमा थियो. वाहापछि केही दिनसम्म. नेपालका राजा जयप्रकाश मल्ल र भादगाउंका राजा रजित मल्लका पालामा. महिन्द्रमल्लिमा तावा मिसाई पोटो महिन्द्रमलिको टक मारि भोटमा चलायाको थियो. जब नेपाल गोर्षा महाराजको अधीन भयो. पोटो महिन्द्रमल्लिको टक उडाइ भोट् सग चिठिपत्रको आवत्जावत्. र दोस्ति गरि अब पनि गोर्षा महराजाको निघरा महिन्द्रमल्लिको टक भयाको छ. पोटो चलन चलाउन वढिया छैन. गोर्षा महाराजवाट. निघरा टकको महिन्द्रमल्लि पढाइदिछु. भोट मुलुकमा चलाईदिनु भनी. पठाउदा..." भोटले मानेन।

यसबाट शुरुको झगडा भोटमा चलनचल्तीमा रहेका नेपाली चाँदीका सिक्कालाई लिएर भएको रहेछ भन्ने स्पष्ट हुन्छ। नेपालले पुरानो मल्लकालीन तामा मिसाइएको सिक्काको सट्टा पूरै चाँदी भएको नयाँ सिक्का चलन गर भनेकोमा भोटले पुराना सिक्का भोटमा धेरै छन्, तिनलाई हटाउन सकिदैन, बरु तिमीहरू पनि त्यस्तै (तामा मिसिएका) सिक्का पठाइदेऊ भनेर नेपाल सरकारलाई भनेछ। तर त्यस्तो तामा मिसिएको सिक्का बनाई पठाउन अब गोर्खा दरबारअन्तर्गत आइसकेको नेपाल (अर्थात् काठमाण्डू) ले मञ्जुर गर्ने कुरै थिएन। परिणामतः झगडा बढ्दै गयो। त्यस कपीमा लेखिएको छ (पृ.१८५)–

"यस्तै सवाल जवाफ गर्दा ८।१० वर्ष बित्यो. २ तरफका जिद्दिले कुरा लंबार हुन जादा. पोटो महेन्द्र मलिलाई थारिज गर्न सक्दैनौ भछौना निपरालाई निपरा. पोटालाई पोटा गरि चलाउनु मुनासिब छ जस्तो अधिदेषी नेपालबाट सौदागर वेपारिहरूले. जिनिस र मालहरू भोटमा लैजान्थ्या भोटबाट नेपाल ल्याउदथ्या. अैल्हे पनि सोही अधिका दस्तुर माफिक. काम गर्नु भन्या अर्को सवाल गोर्षा महाराजका वकीलले भोटका मानिसहरू छेउ गरि पठाउदा. भोटका मानिसहरूले येस्कुराको कवुल नगरिकन् निपरा महिन्द्रमलिलाई पोटाको बराबर भोटमा चलाया."

यो जाहेरी भन्छ– यसरी आफ्ना साहुमहाजनलाई धेरै घाटा पर्दा पनि नेपालले दोस्तीका नाताले धेरै वर्षसम्म यो सह्यो, 'आऊ वार्ता गरूं' पनि भन्दैरह्यो। तर भोटले मानेन। उल्टो "टिंगरिको मैदान्मा घाटो बनाई सक्या कोछु. २ सिवानाका बीचमा किल्ला पनि तयार गर्दछु. १२५००० फौज पनि ज्मा गर्‍यां लडाञ्जिको मन्सुवा छ भन्या आउ" पो भन्यो रे भोटले ! यस्तो भएपछि नेपालले भोटले हामीलाई यसो भन्यो, भोट भनेको चीनको अम्वल हो भनेर यसको जाहेरी चाहिं चीन बादसाह र उनको ल्हासास्थित अम्बालाई पठाएछ। तर ल्हासाले त्यो चिठी पेचिन रवाना नगरी नेपालमै फिर्ता पठाइदियो रे। यति भएपछि लडाई नगरी भएन भनी नेपालले भोटमा आक्रमण गरेको हो अरे। यहाँ त्यसलाई यसरी लेखिएको छ

(पृ.१८६) –

"उस वखतमा गोर्खा महाराजले म लडाञ्जिको मन्सुवा राखदिन. तर तिमीहरूलाई यो प्रसन्न छैन. लडाञ्जिकै मन्सुवा छ भन्या. वेस हो. म पनि आफ्ना फौज पठाई दिछु भनि भोट्याहरूलाई जवाप दी पठाई. आफ्ना फौज भोटमा पठाया. उसै फौजले लडाञ्जि गरि. सिकारजुद्धसम्म पुग्यो."

यसरी नेपाल र भोटको युद्ध शुरु भयो। धेरै पटक जितहार हुँदै जांदा भोटको मदतलाई चीनले सर्दार चानचुनलाई ल्हासा पठायो। चानचुनले भोटको अर्धेलो ठहराई रुगडा मिलाइदिएको थियो तर भोटले नेपाललाई तिर्न कवुल गरेको वार्षिक रकम नतिरेपछि फेरि लडाई शुरु भएको व्यहोरा, बेलिविस्तारसंग त्यहाँ लेखिएको छ। लडाई जगाएको केही कालपछि चीनले हात हालेको र ठूलो सङ्ख्यामा चिनियाँ फौज आएको अनि त्यसको ठूलो सेनासंग टिक्न नसकी नेपाली फौज पछि हटेर आएको वयान छ। भोटको इलाका छाडी नेपाली फौज नेपाल पसेपछि पनि चिनियाँले पछ्याउँदै, लखेटदै वेत्रावतीसम्म पुगेको र नुवाकोट पुग्ने तर्खर गर्दै रहेको सम्मको विस्तृत विवरण यस चिठी जाहेरीमा छ।

त्यसपछि भने सुलहसन्धिका कुरा छन्। मृत स्यामार्पा लामाको हाडखोर र उपहार पठाएका कुरा अनि सन्धि भएको व्यहोरा यसअघिको प्रकरणमा वयान गरिसकेकोले यहां दोहोऱ्याउनु छैन तर यी उपहारहरू पेचिन वादसाहकहाँ पुगेपछिका कुरा भने महत्त्वका छन्। पोटा टकहरूका वारेमा चीन वादसाहले मुहा टुंग्याइदिएको पाराले वोलेको कुरा यहाँ वढी सान्दर्भिक लाग्छ। त्यस कपीमा लेखिएको छ (पृ.२०८)-

"दुवै तरफको पुसीराजीसंग फैसला गरिदिया. गोर्खा महाराजको निपरा महिन्द्रमलिको टक र अधिका राजाका पोटा टकलाइ. जिन्सि परिद गर्दा. निपरा टकको निपराको मोल् पोटो टकको पोटैको मोल गरि भोट मुलुकमा चलन गराइ दिया. कोही दुश्मनले. गोर्खा महाराजको. फौजमाथि लडाञ्जिको मन्सुवा गऱ्यो भन्यो. यस कुराको

इत्तलाय चिन बादसाहका हजुरमा गरि पठाउनु र बादसाहका हजुरबाट महतलाई पजानी र फौज बक्साई पठाइदिउला भनि यो अक्रार दुवै तरफबाट ठहरिया र वजीरले आफ्ना फौज र गोर्षा महाराजाका काजि गैह मानिसलाई साथमा ली, ग्रैवुडबाट कूच गरि आफ्ना मुलुकतर्फ गया."

यसरी खोटो र निखरा सिक्काका कुराको निहुँमा शुरु भएको संवत् १८४६ सालको नेपाल-तिब्बत युद्धको समाप्त भएको व्यहोरा यस चिठी रुपी जाहेरीमा खुलस्त पारिएको छ।

इति शुभम्, ५ चैत, २०६३

परिशिष्ट

गोमूत्रोलिबाट अंकको नाउँ	
बीज	१
वी	२
लुप्	३
ह्री	४
ऽम	५
ट्रुक्	६
ट्री	७
ध्म	८
पु	९
सुधीवा	१०
सुकली	११
सुकनी	१२
सुकलुप्	१३
सुपुली	१४
वेऽम	१५
सुट्रुक्	१६
सुधी	१७
सुपुधे	१८
सुर्पु	१९
हिप्सुधीवा	२०
हिप्सुवाकली	२१
हिप्सुवाकनी	२२
हिप्सुवाकलुप्	२३
हिप्सुवापुली	२४
हिप्सुवेऽम	२५
हिप्सुवाट्रुक्	२६
हिप्सुवापुधी	२७
हिप्सुवापुधे	२८
हिप्सुवार्पु	२९
लुप्सुधीवा	३०
लुप्सुलोकली	३१
लुप्सुलोकनी	३२
लुप्सुलोकलुप्	३३
लुप्सुलोपुली	३४
लुप्सुवेऽम	३५
लुप्सुवट्रुक्	३६
लुप्सुवपुधी	३७
लुप्सुवपुधे	३८
लुप्सुवर्पु	३९
हिप्सूधीवा	४०
हिप्सूवीकली	४१
हिप्सूवीकनी	४२
हिप्सूवीकलुप्	४३
हिप्सूवीपुली	४४
हिप्सूवेऽम	४५
हिप्सूवीट्रुक्	४६
हिप्सूवीपुधी	४७
हिप्सूवीपुधे	४८
हिप्सूवीर्पु	४९
ह्याप्सुधीवा	५०
ह्याप्सुन्धावीक्	५१
ह्याप्सुन्धानी	५२
ह्याप्सुन्धालुप्	५३
ह्याप्सुन्धापली	५४
ह्याप्सुन्धेऽम्बा	५५
ह्याप्सुन्धाट्रुक्	५६
ह्याप्सुन्धापुधी	५७
ह्याप्सुन्धापुधे	५८
ह्याप्सुन्धार्पु	५९
ट्रुकसुधीवा	६०
ट्रुकसुवीकली	६१

ठुकचूरेनी ——— ८३
ठुकचूरेसुत ——— ८३
ठुकचूठापूही ——— ८४
ठुकचूहेरया ——— ८५
ठुकचूहेठुक ——— ८६
ठुकचूहोपृथ्वी ——— ८७
ठुकचूहापृथ्वे ——— ८८
ठुकचूहार्यु ——— ८९
धींचूथावा ——— ९०
धींसुधेंचीक् ——— ९१
धींचुधेनी ——— ९२
धींचुधींसुत ——— ९३
धींचूधींसी ——— ९४
धींचुधेंरया ——— ९५
धींचुधेठुक ——— ९६
धींचुधेंपृथ्वी ——— ९७
धींचुधेंपृथ्वे ——— ९८
धेंचुधेंपृ ——— ९९
धेंचुधावा ——— १००
धेंचुधेंचीक् ——— १०१
धेंचुधेनी ——— १०२
धेंचुधेसुत ——— १०३
धेंचुधेपृथ्वी ——— १०४
धेंचुधेरया ——— १०५
धेंचुधेठुक ——— १०६
धेंचुधेंपृथ्वी ——— १०७
धेंचुधेंपृथ्वे ——— १०८
धेंचुधार्यु ——— १०९
धुपृचुधावा ——— ११०
धुपृचुधेंचीक् ——— १११

धुपृचुधेनी ——— ११२
धुपृचुधेसुत ——— ११३
धुपृचुधेपृथ्वी ——— ११४
धुपृचुधेरया ——— ११५
धुपृचुधेठुक ——— ११६
धुपृचुधेंपृथ्वी ——— ११७
धुपृचुधेंपृथ्वे ——— ११८
धुपृचुधेंर्यु ——— ११९
धापावा ——— १२०
धाटेंचीक् ——— १२१
णीधाटेंचीक् ——— ३२१
सुतधाटेंचीक् ——— ३२१
हिपृधाटेंचीक् ——— ४२१
रयापृधाटेंचीक् ——— ५२१
ठुकधाटेंचीक् ——— ६२१
धींधाटेंचीक् ——— ७२१
धेंधाटेंचीक् ——— ८२१
धुपृधाटेंधु ——— ९२९
हेंजाक् ——— १०००
विकहेंविक् ——— १००१

चीक् ——— १
धु ——— १०
धा ——— १००
हो ——— १०००
धी ——— १००००
धुपृ ——— १००००००
विवा ——— १०००००००
साया ——— १००००००००

नेपाल

काठमाडौं देखी केरुङ कोवाटोसम्मको दूरी दिगरी किल्ला मान्याबास कोनेपाल

अमाप	वाट	कोश
धुलीखेल पाखो बा	१	६
देवपुरी बा	२	१२
पाङ्ग गढ १ छ	३	१८
पुँजा	४	२०
स्याकु	५	२५॥
टिमुसा	६	३१॥
प्याङ्फेदे	७	३७॥
केर्ङ	८	४८॥
थोताङ्	९	४३॥
गुंडा	१०	४७॥
जोगा किल्ला १ गढ १ गुंथाङ	११	५२॥
लासिपोखरि बेणाङ	१२	५७॥
डिकुर	१३	६३॥
मचाम्	१४	६७॥
दाम्राङ्	१५	७४॥
टिगरि किल्ला	१६	७८॥

नेपाल

काठमाडौंदेखी कुतिकोवाटोसम्मको दूरी मान्याबास कोनेपाल

मालु	१	४
भाञ्जुरी पौवा	२	७॥
नोटसिपा	३	११॥
बोतान	४	१५
पैंयापौवा	५	१८
फालङ्	६	२३
धारपानिलिङ्गि	७	२८
तातापानी	८	३३
थाला	९	३८
छोस्याङ्	१०	४०
कुति कैलासिवाहिक	११	४४

ओढ्-खुँवा १ छ	१२	४६॥
थारलङ्	१३	५७॥
लँगुर पाहाड्सुनि	१४	६३॥
डिगारिमाला भैरवलँगुर	१५	६९॥
डिगारि किल्ला	१६	७२॥
भैरवङ्ग चिनिया १ लि ४ छ	७	७५॥
सिकार्नु किल्ला	१८	८२॥
दक्षिणाहानिगयाकिसुगाउँ उत्तर		
हानिगयालोलोगाउ	१९	८५॥
थाक्या डाकघर	२०	९०॥
थार्नु लँगुर १ डाकघर	२१	९५॥
ल्हविङ्ग डिगर्चालामाकाकिल्ला	२२	१०६॥
फिलोम्लि किल्ला १ खुँवा १ लँगुर	२३	११४॥
सिलुँ मालुलँगुर १ डाकघर १	२४	११८॥
स्याफ्गिलि डाकघर	२५	१२०॥
माम्लि खुँवा १	२६	१२७॥
डिगर्चाकिल्ला	२७	१३४॥
पेमाछोङ्ग किल्ला	२८	१४१॥
स्याविछोङ्ग थुलोकिल्ला	२९	१५०॥
घोप्लि डाकघर	३०	१५७॥
हुलुँ डाकघर	३१	१६३॥
नागार्चिछुङ्ग लँगुर १ किल्ला १	३२	१७२॥
पेनछुङ्ग किल्ला	३३	१७८॥
कामाफाम्लि लँगुर १ डाकघर	३४	१८३॥
छुम्बुछुङ्ग किल्ला	३५	१८८॥
छपनाङ्ग	३६	१९३॥
नेटाँ	३७	२००॥
ल्हासा किल्ला	३८	२०६॥

नेपालदेखी कैलास कोबाटोमाथि टिगरिकिल्लासम्मबाटाको वेहोरा

१ काठमाडौंदेखी बुढानीलकण्ठसम्म दिनयोपीरा कोस ८

२ नयाँपोवादेखी धेवुपोवा ७ कोसमा वासपर्छ नयाँपोवादेखी १। कोसमा हालौंगे लिंधुम्बाबोलावाट आधि १ कोसमंगे तादिखोलाको पुलगाडि व तीरबाट साघुपुगि त्रिशूलगंगाबाड पारिगे धेवुबोवाको फोलीगाडि आधा कोसमा उकालोगे धेवुपोवामा वास् कोस १२

३ धेवुदेखी ग्रां ५ कोसमा वासपर्छ धेवुकोउकालो २ कोसचढि नेर्छे आधा कोसगे सानुबहस्थानमा दम्मीलोउकालो १ कोसचढि कमाप्पा पछपुगी नेर्छेपाउभरगे ठाडेबहालोपाउभरगे फेदीनेर्छे १। कोसगे ग्रांमा वासपर्छ कोस १८

४ ग्रांबाट धुंप्या ४ कोसमा वासपर्छ दक्षिलोउकालोचढि बनेबनगे य हस्थानमा थोरैउकालोचढि धुंप्यामा वासपर्छ कोस २६

५ धुंप्याबाट स्याफ्रु ३॥ कोसमा वासपर्छ धुंप्याबाट पाउभरगे त्रिशूलगं गाको साघुमा ठाडैउकालोविकट्ट सिढि हात ३०।४०मा १।२ जनाले बो कन्याभारिलेजान्छन् घोडाचढि जानहुंदैन नाहाबाटगे नाक्याडाडो काटि ॥ कोसनेर्छेगे भार्खुगाउपुग्छ भार्खुबाट पाउभर बहालोगे सानु बहस्थानमा दक्षिलोउकालो पाउभरगे नाक्याडाडो काटि नेर्छेपाउभ रगे ठाडैबहालो १ कोसगे कुगाबोलाबाड पारि कुंप्यापधाम् ॥ को सगे स्याफ्रुबोवाको काग्यासाघुमा वास कोस २७

६ स्याफ्रुदेखी टिसुप्या ४ कोसमा वासपर्छ स्याफ्रुबाटउकालो पुंप्यासम् कोसनेर्छे पधाम् २ कोसगे पहरोमाथिबिट्टि कुंगाकाटि बनाईय याको बाटाको गजहात १ होला लमाई हात ३०।४० जतीगे सानुबह को फहकाखासाघुमा येकसुर्किलो कुंप्यासम्म उकालो चढि १ हात को सा ग्रोबाटोभिरमानेर्छेगे १ सुर्किलोबहुलि कुंगाबोलाबाड पारि पधाम् कुंप्यासम् १ कोसगे टिसुप्यागाउमा वास कोस २६

१ दिक्षुग्यावाट आइकूदि ५कोसमावासपर्छ दिक्षुग्यावाटबगरकुंग्या
नू १कोसगेदक्षिनेडाडकालोदेवीदानपाउभरगे रमुवायोलावारिहा
ड्रो पारिगेडाकोकोसाथ योलाकोकाग्यासाघु १५हानहोला सघाः
तर्नुहुदेन सापुतारि पाउभरगे पच्याङ्बगर२कोसगे विकटूपहरगे
सा फलामकोकिलोडोकि काठकोफल्याक १हानविनाकोवाटो
दिक्याकोहान २५जासुपर्छ तेगिगेकुंग्यानूबगरडेउकोसगे आइ
फेदिमावास कोस ——— ४५॥

२ आइफेदिवाटकेरुं कोस४मावासपर्छ पाउभरडकालोवटि १को
सबनतेर्छगि गढोबहत्यायोलोतारि हान५०को विकटूसिटि२ हान
गसडकालोतेर्छपच्याङ् १कोसगे लुकुवादिगी दक्षिनेडाडकालोपा
ऽभरगे योलाकोकाग्यासाघुतारि ॥ कोसडकालोवटि आधाकोसब
हावीहरि केरुंपुग्छ केरुंकाविचमासानुकि आ १छ नसलिचेवा
नुमदु २तेयन्यायदार १रहेछन् केसँग्यायोग्याघर ५०० वाकलीगाउ
छ कोस ——— ३५॥

३ कुरुवाउधोनाङ् ४कोसमावासपर्छ टार २कोसयोलाकोसिरेनिरवाटगे कोस
वैसेबनवाटहिडि केरिलार १कोसगेयोलाकोसिरेनिरवाटआधाकोसगया
पछियोनाङ् गाङ्पुग्छ कोस ——— ४२॥

योलाङ् देवी मथानूसम्मबास ८ग्यानसिरिदेवीबैसेसम्म
नुलोहिउपन्यानहिउँनघरगन्यासम्मबाटोबन्दुँछ

४ योलाकुवाटगुंडाबास ५कोसमावासपर्छ १कोसटारगे सापुतन्या
पछि पाउभरकुंग्यानुवाट तेर्छेउकालोबढालो १कोसगे १कोसमेदा
दानमाहिडि काग्यासाघुकुंग्यानूबगरपाउभरगे सानुउ
कालो बैसेबनबढालोउकालो ॥ कोसगे १कोसयोलाकोसिरेनिरवा
टगयापछि ४५घर कोगाउ १छ १कोसकाधीचमाकाग्यासाघु २तया
पछि १कोसहिडि गुंडाबासपुग्छ कोस ——— ५५॥

५ गुंडावाट योगा ५कोसमावासपर्छ योलाकोसिरेनिरवाट १कोस
गे काग्यासाघुपुग्यापछि योलादाहिनापारि सिरेनिरगे फेरिकाग्यासा
घुतारि १कोसयोलाबाराहि गरि बोलाकोसिरेनिरवाटबढ्याउ १घरहिउ
कावीचटिनेर्छेबाटोहिडि भंज्याङ्तारि बढालोफुरि २कोसयोला

कोवाऽपाहि निरेनिरंगेयहृत्यास्मिन १॥कोमहि ग्रापहि मोगावासपुण्ड्र
मोगामाडुलो १।कुलाछ लोकिलो ३।४मेहानग ग्रहोला ३।४ खेहानग
माडहोवा नेल्मा ३।४ कानगग १८।१७ हान ग्रलो।नयाकोपर्यालनेये
रियाकोछ नेमपर्यालका ८।७ हानग्रिचकेरि ग्रकोंपर्यालनायाकोछ
किला।।पंचवाऽडाऽमा विकर घरबनायाकोछ नेमकिलाग्रिच ३।४ले
घरहोला बीचमामकोरियाघरपोछ नेमघरमा २ऊबार ६छन् ८।७
६।निपाहार ग्रला ८।४लेबन्धाकाछन् सर्वलानाहानहनियाघनिव
येछ ऊनेहुलाई२मदकोमऽारपनिछ नेमगाऽकाग्रिचगुवा १छ ले
ल्मा ५।१६।०लामाबन्धाकाछन् कामपर्दामायेमऽेबाकानिला।५।६दि
नकोवाटोग्रमछ नेसनिलाकानिमऽडाऽल्याया४।५६मारनम्म
होला येमगाऽकिलाकामुगबाटलानुपर्छ ग्रकोंबाटोछेन डाडाछ
लिगयामात्रकिलाछलिछ् रसदपाऽेदेन ——— ५२॥

१३ मोगाबाट मालिपोग्रमिकाछेऽ५कोसमावासपर्छ ५कोसगयापछि
